# आशा र प्रतिकूलताबीच लुम्बिनी प्रदेशका महिला, युवा र सीमान्तकृत समुदायहरू



लेखक: डा. इशा घर्ती

सम्पादन : बिकाश कोइराला, डा. देवेन्द्रप्रसाद अधिकारी, प्रज्ञा शाह

भाषा सम्पादन: रघुनाथ लामिछाने

भाषा अनुवाद: रमेश भण्डारी

साजसज्जा : कामिकारा युवोनो

स्थलगत अध्ययन समूहका सदस्य : विमलकुमार फुयाँल, डा. इशा घर्ती, शेखर दहित

फोटो तथा भिडियो: कुमार थापा

स्थानीय सहयोगी : विष्णु रोकाया, जुगमणि पचल्डाङ्गया, मञ्जु थारू, रूपशिखा चौधरी, तिलक घर्ती मगर

Copyleft @ Asian Forum for Human Rights and Development (FORUM-ASIA) 2023

The publication is written for the benefit of human rights defenders and civil society organisations and may be quoted from or copied but not modify the contents of the report, so long as the source and authors are acknowledged.

www.forum-asia.org

/FORUMASIA

forum_asia

ForumAsiaVideo

forumasia.humanrights

Sign up to our newsletter here

**Bangkok Office**
S.P.D Building 3rd Floor, 79/2 Krungthonburi Road, Khlong Ton Sai, Khlong San, Bangkok, 10600 Thailand
Tel: +66 (0)2 1082643-45
Fax: +66 (0)2 1082646

**Geneva Office**
Rue de Varembé 1, 2nd floor,
1202 Geneva, Switzerland
Tel: +41 (0)22 740 2947

**Jakarta Office**
c/o KontraS
Jalan Kramat 2 No. 7, Senen
Jakarta Pusat 10420, Indonesia
Tel/Fax: +62 (0)21 391 9006

**Kathmandu Office**
c/o INSEC
Syuchatar, Kalanki ,
Kathmandu, Nepal
Tel: +977 (0)1 521 8770

**Email:** info@forum-asia.org

## हामी कृतज्ञ छौँ

यो प्रतिवेदनलाई जानकारीमूलक र अर्थपूर्ण प्रतिवेदनका रूपमा तयार गर्न र अध्ययन क्षेत्रमा तथ्यगत अध्ययन र जानकारी सङ्कलन गर्न कम्युनिटी सेल्फ रिलायन्स सेन्टरले गरेको अथक प्रयासप्रति एशियन फोरम फर ह्युमन राइट्स एन्ड डेभलपमेन्ट (फोरम–एसिया) हार्दिक आभार तथा धन्यवाद प्रकट गर्न चाहन्छ। तथ्य पत्ता लगाउन र जानकारी सङ्कलन गर्न अपनाइएको उत्कृष्ट शैलीका लागि हामी मुख्य अनुसन्धानकर्ता र उहाँका सहयोगीलाई धन्यवाद दिन चाहन्छौँ। छलफल र अन्तर्वार्ता प्रक्रियामा सहभागी सरोकारवालाहरूको बहुमूल्य अन्तर्दृष्टि र सक्रिय सहभागिताबिना यो प्रतिवेदन यसरूपमा आउन सम्भव थिएन।

यसका साथै महिला, युवा र सीमान्तकृत समुदायहरूको स्थिति सुधार गर्नका लागि र विशेषतः उनीहरूको मौलिक स्वतन्त्रता र नागरिक स्थलमा सहभागिता प्रवर्धन गर्न निरन्तर जनाएको प्रतिबद्धता र प्रयासहरूका लागि हामी अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) र द एसिया फाउन्डेसनलाई धन्यवाद दिन चाहन्छौँ। साथै यो प्रतिवेदनलाई यसरूपमा प्रकाशन गर्न आर्थिक सहयोग उपलब्ध गराएकामा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) प्रति कृतज्ञता व्यक्त गर्दछौँ।

FORUM-ASIA

मानव अधिकार तथा विकासका लागि एसियाली मञ्च (फोरम–एसिया) एसियाका २३ मुलुकका ८५ सदस्य सङ्गठन आबद्ध सञ्जाल हो। सन् १९९१ मा गठित फोरम एसियाले शोध, पैरवी, क्षमता अभिवृद्धि विकास र ऐक्यबद्धतामार्फत मानव अधिकार र दिगो विकासका लागि एसिया र बाहिरका विभिन्न आन्दोलन र पहललाई सुदृढ गर्ने काम गर्दै आएको छ। सङ्घ/संस्था र मानव अधिकार रक्षकहरूको सहकार्य र सहयोगमा विकासको अधिकारलगायत सबैका लागि सबै अधिकारको प्रवर्धन तथा संरक्षणको काम गर्छ। फोरम–एसियाले संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषदमा परामर्शदातृ हैसियत (कन्सल्टेटिभ स्टाटस) राख्छ साथै आसियान अन्तरसरकारी मानव अधिकार आयोग (एआइसिएचआर) सँग पनि यसको परामर्शदायी सम्बन्ध छ। फोरम–एसियाको सचिवालय बैंककमा छ भने जेनेभा, जाकर्ता र काठमाडौँमा कार्यालय स्थापना गरेको छ।

## भूमिका

एसियामा मानव अधिकार, नागरिक स्थल र लोकतन्त्रको प्रवर्धन र संरक्षणमार्फत उत्थानशील एसियाली नागरिक समाज निर्माण गरेर नागरिक समाज र सीमान्तकृत समुदायहरूलाई सशक्त बनाउन फोरम एसिया प्रतिबद्ध छ। नेपालको सन्दर्भमा सदस्य संस्थाहरूसँगै मिलेर हामीले निरन्तररूपमा अनुसन्धान गर्दै क्षमता अभिवृद्धि र पैरवीका प्रयासहरूमार्फत विशेषतः मौलिक स्वतन्त्रता र नागरिक स्थल प्रयोगका क्षेत्रमा महिला, युवा र सीमान्तकृत समुदायहरूको स्थिति, उनीहरूका उपलब्धि र सङ्घर्षहरू पहिचान गर्छौँ।

नेपालमा परम्परागत प्रचलन, सामाजिक बहिष्करण र प्रणालीगत असफलता जस्ता धेरै कारक तत्वका कारण महिला, युवा र सीमान्तकृत समूहहरू जोखिमपूर्ण अवस्थामा छन्। समुदायस्तरमा रहेका बहुसङ्ख्यक सरोकारवालादेखि माथिल्लो तहका अधिकारीसम्म सहकार्य गरेर उनीहरूको स्थितिमा ठोस सुधार हासिल गर्न हामी सक्षम भएका छौँ।

नेपालको संविधानले आफ्ना नागरिकको हित संरक्षण र प्रवर्धन गर्ने अधिकार र स्वतन्त्रता प्रत्याभूत गरेको छ। यी समूहहरूको हितलाई ध्यानमा राखेर निश्चित संवैधानिक प्रावधानहरू पनि व्यवस्था गरिएको छ। विशेषगरी महिला, युवा र सीमान्तकृत समूहहरूको हित रक्षा गर्न र उनीहरूलाई थप जोखिमबाट जोगाउन कानुन र नीति पनि तर्जुमा गरिएका छन्।

यस प्रतिवेदनले उनीहरूको समग्र विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने कारक तत्वहरू, साथै उनीहरूका लागि जोखिम र चुनौतीहरू सिर्जना गर्ने कारकहरू र निष्पक्ष र समावेशी समाज निर्माण गर्न आवश्यक सामूहिक रणनीतिहरू पहिचान गर्ने प्रयास गर्छ।

**मेरी एलिन डिएज बाकाल्सो**

**कार्यकारी निर्देशक**

**फोरम-एसिया**

## शब्दावली

| | |
|---|---|
| सिएसओज | नागरिक समाज संस्थाहरू |
| सिइआइडिपी | बपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग |
| एफपिटिपी | फस्ट–पास्ट–दि–पोस्ट (पूर्ण बहुमतको सट्टा साधारण बहुमतद्वारा चुनिने मतदान प्रणाली) |
| पिआर | समानुपातिक प्रतिनिधि |
| एफएफएम | तथ्य खोजी मिसन |
| एफजिडी | समूहकेन्द्रित छलफल |
| जिइडिएसआइ | लैङ्गिक समता, अपाङ्गता र सामाजिक समावेशीकरण |
| एचआर | मानव अधिकार |
| इन्सेक | अनौपचारिक क्षेत्र सेवा केन्द्र |
| केआइआइ | जानकारहरूसँगको अन्तर्वार्ता |
| एलआरएफ | भूमि अधिकार मञ्च |
| माहुरी होम | मधेस मानव अधिकार होम |
| एनएफडिएन | राष्ट्रिय अपाङ्ग महासङ्घ, नेपाल |
| एनएचआरसी | राष्ट्रिय मानव अधिकार आयोग |
| पिडब्लुडी | अपाङ्गता भएका व्यक्ति |
| स्वान | सोसियल वेलफेयर एक्सन नेपाल |
| सिएसआरसी | सामुदायिक आत्मनिर्भर सेवा केन्द्र |
| टिआरसी | सत्य निरुपण तथा मेलमिलाप आयोग |
| युएनडिआरआइपी | आदिवासी जनजाति अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय घोषणा |
| युडिएचआर | मानव अधिकारको विश्वव्यापी घोषणापत्र |
| डब्लुवाइएम | महिला, युवा र सीमान्तकृत समुदाय |

विषयसूची


भूमिका ........ ५

शब्दावली ........ ६

कार्यकारी सारांश........ ९

अध्याय १ : परिचय........ ११

लुम्बिनी प्रदेशको पृष्ठभूमि........ १२
मुख्य उद्देश्य ........ १३

अध्याय २ : अनुसन्धान पद्धति ........ १४

गुणस्तरको सुनिश्चितता र तथ्याङ्कको सुरक्षा ........ १४
सीमितता ........ १५

अध्याय ३: मानव अधिकार संयन्त्रहरू........ १६

अध्याय ४ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलका लागि चुनौती........ १८

४.१ महिला........ १८
४.१.क लैङ्गिकतामा आधारित हिंसा र विभेद ........ १८
४.१.ख शिक्षा, स्वास्थ्य र आर्थिक अवसरहरूमा असमान पहुँच........ २१
४.१.ग निर्णय प्रक्रियामा सीमित प्रतिनिधित्व ........ २२
४.२ युवा........ २२
४.२.क. दबाइएका युवा आवाज र शासन प्रक्रियामा सीमित सहभागिता ........ २३
४.२.ख. गुणस्तरीय शिक्षा, रोजगारी र व्यक्तिगत विकासका लागि अवरोध ........ २३
४.२.ग. डिजिटल अधिकार र अनलाइन स्थलका सीमितता ........ २५
४.३. सीमान्तकृत समूहहरू ........ २६
४.३.क. संस्थागत विभेद र सीमान्तीकरण........ २६
४.३.ख. आधारभूत सेवा र अवसरहरूमा सीमित पहुँच........ २७
४.३.ग. अन्तरसम्बन्धित पहिचानका कारण मानव अधिकार शोषणको जोखिम ........ २८

अध्याय ५ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्धन ........ ३०

५.१ महिला........ ३०
५.१.क. महिला सशक्तीकरण र नेतृत्वले प्रवर्धन गरेको मानव अधिकार ........ ३०

५.१.ख. मानव अधिकार पैरवीका लागि महिला ..... ३१
५.१.ग. लैङ्गिक–उत्तरदायी नीति र कार्यक्रमको महत्व ..... ३२
५.२. युवा ..... ३३
५.२.क. मानव अधिकार प्रवर्धनमा युवा नेतृत्वका पहल ..... ३३
५.२.ख. सामाजिक न्याय र सकारात्मक परिवर्तनका लागि युवा नेतृत्वका अभियान ..... ३४
५.२.ग. मानव अधिकार संस्कृति प्रवर्धन गर्न अन्तरपुस्ता संवाद ..... ३४
५.३ सीमान्तकृत समूहहरू ..... ३५
५.३.क. सीमान्तकृत समुदायहरू र उनीहरूका अधिकार प्राप्तिका लागि लडाइँ ..... ३५
५.३.ख. सीमान्तकृत समूह र नागरिक समाज-सङ्गठनबीचको सहकार्य..... ३६
५.३.ग. सांस्कृतिक संरक्षण र संस्कृतिको मान्यता ..... ३६

अध्याय ६ : नागरिक स्थल र सहभागितामूलक शासन ..... ३८

६.१. लोकतान्त्रिक सहभागिता र मानव अधिकार पैरवीका लागि नागरिक स्थल र यसको भूमिका..... ३८
६.२. अधिकार प्रवर्धन र संरक्षणमा नागरिक समाज संस्थाहरूहरूको महत्व ..... ३९
६.३. महिला, युवा र सीमान्तकृत समूहहरू सम्मिलित सफल नागरिक पहलहरू ..... ३९


अध्याय ७ : सुझाव..... ४१

७.१ नीतिगत सुझाव..... ४१
७.२ स्थानीय सरकारका लागि सिफारिस गरिएका रणनीति ..... ४१
७.३ नागरिक समाज संस्थाहरू, अन्तर्राष्ट्रिय साझेदारहरू र निजी क्षेत्रका लागि सिफारिस ..... ४२

अध्याय ८ : निष्कर्ष..... ४३

## कार्यकारी सारांश

लुम्बिनी प्रदेशमा सन् २०२२ मा मानव अधिकार उल्लङ्घनका उल्लेख्य घटना सहतहमा आए जसमा महिला, युवा र सीमान्तकृत जनसङ्ख्या बढी प्रभावित भए। यो परिस्थितिले व्यक्तिको पहिचानका विविध पक्ष, जस्तै– लिङ्ग, जात, जाति, धर्म, रोजगारी, पारिवारिक पृष्ठभूमि, समुदाय र भौगोलिक अवस्थितिका आधारमा उनीहरू कसरी प्रभावित हुन्छन् भन्ने देखाउँछ।



*Source: https://un.org.np/map/nepal-administrative-unit-province-5-map*

सामाजिक अवस्था र कानुनहरूमा केही सुधार देखिए पनि महिला र सीमान्तकृत समुदायले अझै पनि धेरै अन्याय र बहिष्करण सामना गर्नु परिरहेको तथ्य यो कुराले प्रमाणित गर्छ। महिला, युवा र सीमान्तकृत समुदायको मानव अधिकार र मौलिक स्वतन्त्रता उल्लङ्घनका साथै खुम्चिएको नागरिक स्थल (सिभिक स्पेस) ले समावेशी र लोकतान्त्रिक समाजका लागि गम्भीर खतरा निम्त्याउँछ। मौलिक स्वतन्त्रता, मानव अधिकार र नागरिक स्थल सम्बन्धित केही मानव अधिकार उल्लङ्घन र शोषणका अवस्था बाहिर ल्याउँदै मानव अधिकार र सार्वजनिक जीवनमा नागरिक सहभागिता प्रवर्धनका लागि रहेका अवसर र चुनौतीहरू पहिचान गर्नु हाम्रो लक्ष्य हो।

पछिल्ला केही दशकमा प्राप्त सामाजिक–राजनीतिक र कानुनी रूपान्तरणका उपलब्धिलाई चुनौती दिने नयाँ स्वरूपका शासकीय तथा शक्ति सम्बन्धका कारण महिला, युवा र सीमान्तकृत समुदायहरू मानव अधिकार उल्लङ्घनका घटनाबाट निरन्तर प्रभावित छन्। पितृसत्ता, शक्तिको असमान वितरण र संरचनागत हिंसाले लैङ्गिकतामा आधारित विभेद तथा हिंसा कायम राखेको छ भने उनीहरूको शिक्षा, स्वास्थ्य तथा आर्थिक अधिकार उल्लङ्घन गरेको छ। साथै यसले उनीहरूको निर्णय प्रक्रिया र समस्या समाधान गर्ने प्रक्रियामा हुनुपर्ने सहभागिता तथा प्रतिनिधित्व गर्नमा अवरोध सिर्जना गरेको छ।

यस्तै गरी उमेरका आधारमा रहेको पूर्वाग्रह र सार्वजनिक तथा निजी दुवै स्थानमा शक्ति कम रहेका कारण शासन प्रक्रियामा युवाको आवाज दबाइएको छ। संरचनागत असमानताले उनीहरूको शिक्षा, रोजगारी र व्यक्तिगत विकासमाथिको पहुँचलाई सीमित गर्नुका अतिरिक्त डिजिटल अधिकारमा समेत कटौती गर्छ जसले उनीहरूको संभावना खोजी गर्ने र प्रयोग गर्ने अवसरलाई सीमित बनाउँछ। संस्थागत र सांस्कृतिकरूपमा जरा गाडेर रहेका विभेद र सीमान्तीकरणले सदियौँदेखि विभेद भोगेका र पिछडिएका समूहहरूको आत्मसम्मानमा आँच पुर्याउँछ र उनीहरूलाई मूलधारको सामाजिक तथा राजनीतिक गतिविधिबाट अलग्याउँछ।समाजमा कायम यी समूहका विभिन्न पहिचानले विद्यमान संरचनात्मक अवरोधहरू सामना गर्नुपर्दा यी जोखिम अझ बढी सतहमा आउँछन्।

सबै अवरोधका बाबजुदसमेत महिला, युवा र सीमान्तकृत समुदायहरू मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्धन गरिरहेका छन्। महिला तथा किशोरीहरू आफ्नो सशक्तीकरणका लागि सङ्घर्षरत छन् भने आफ्नो मुद्दा आफैँ उठान गर्ने नेतृत्वकर्ताका रूपमा अगाडि आइरहेका छन्। लैङ्गिक उत्तरदायी नीतिहरूले महिला र बालिकाहरूलाई उनीहरूको अधिकार र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र संरचनात्मक अवरोधहरू हटाउन क्रमिकरूपमा सहयोग गर्दैछन्।

समाज रूपान्तरणका लागि महिला र बालिकाहरू आफ्नो मुद्दाको नेतृत्व गर्दैछन्। मानव अधिकार, मौलिक स्वतन्त्रता, र सामाजिक सवालहरू प्रवर्धन गर्न र चेतना फैलाउने कार्यको नेतृत्व लिन युवाहरूको भूमिका बढ्दो छ। यो सन्दर्भमा मानव अधिकार प्रवर्धन र उपयोगमा देखिएका अवरोध छिचोल्न अन्तरपुस्ता संवादलाई बढावा दिँदा युवालाई प्रोत्साहन र उत्प्रेरणा मिल्छ। सीमान्तकृत समुदायहरू आफ्नो अधिकार र आत्मसम्मानको रक्षार्थ जागेका छन्। नागरिक सङ्गठनसँगै मिलेर उनीहरूले आफ्नो अधिकार सुनिश्चित गर्ने र यथास्थितिलाई चुनौती दिने कार्य गरेका छन्। यो अवस्थामा महिला, युवा र सीमान्तकृत समूहहरू एकातिर सामाजिक–राजनीतिक संरचनाहरूले तोकेको सीमाभित्र रहनुपर्ने परिस्थिति र अर्कोतर्फ स्वतन्त्रता तथा समानतामूलक जीवन बाँच्न चाहने आफ्नो इच्छावीचको दुविधाजनक स्थितिमा छन्।

महिला, युवा र सीमान्तकृत समुदायले भोगिरहेका आशा र निराशाबीचको यो विरोधाभाषपूर्ण स्थिति सम्बोधन गर्न बहुआयामिक दृष्टिकोण तथा रणनीतिहरू अपनाउन सकिन्छ । जसमध्ये एउटा नीतिगत क्षेत्रमा हुन सक्छ । समस्याहरू समाधान र नियमन गर्न नीति निर्माण गर्नु सकारात्मक तौरतरिका हो तर यसको कार्यान्वयन पनि उत्तिकै महत्वपूर्ण कदम हुन जान्छ । देशले हस्ताक्षर गरेका अन्तर्राष्ट्रिय नीति र सन्धिहरूसँग मिल्ने गरी नीतिहरूको मस्यौदा बनाउनु एकदमै महत्वपूर्ण हुन्छ । यस कार्यले विश्वव्यापी मान्यताहरूअनुसार स्थानीय समस्या सम्बोधन गर्न अर्थपूर्ण प्रतिबद्धता जनाउँछ । परिवर्तित परिस्थितिहरूअनुरूप विद्यमान नीतिहरू परिमार्जन गर्नु पनि उत्तिकै आवश्यक हुन्छ ।

अर्कोतर्फ, स्थानीय तहको सरकारबाट सीमान्तकृत समूहलाई जोखिमबाट जोगाउने रणनीतिहरू अवलम्बन गर्न सकिन्छ । यसमा जनचेतना अभिवृद्धि गर्ने अभियान सञ्चालन गर्ने, मौलिक हक सुनिश्चित गर्न संयन्त्र स्थापना गर्ने, युवाहरूका लागि आवश्यकतामा आधारित सिपमूलक तालिमहरू सञ्चालन गर्ने र सरोकारवालाबीचको सहकार्य अभिवृद्धि गर्ने जस्ता कार्य पर्न सक्छन् । विविध क्षेत्रका सरोकारवाला, जस्तै– गैरसरकारी संस्था, निजी क्षेत्र र अन्तर्राष्ट्रिय निकायबीचको दरिलो सहकार्यले स्थानीय, प्रदेश र राष्ट्रिय स्तरको पैरवीमा सहजीकरण गर्न सहयोग पुग्छ ।

# अध्याय १ : परिचय


एसियाली मुलुकमध्ये अधिकांश राष्ट्रले धेरैजसो मानव अधिकारसम्बन्धी सन्धि अनुमोदन गरेका भए पनि पछिल्ला केही वर्षमा एसियामा मानव अधिकारको अवस्था चिन्ताजनक छ ।[1] विश्वका २० प्रतिशत जनसङ्ख्याको बसोबास रहेको दक्षिण एसियाली राष्ट्रहरूमा अल्पसङ्ख्यक समूहहरू प्रायः गम्भीर परिस्थिति सामना गर्छन् । यो मानव अधिकार र अल्पसङ्ख्यकहरूको अधिकार संरक्षण र प्रवर्धनमा दक्षिण एसियाली राज्यहरूको कमजोर प्रतिबद्धता र विद्यमान कानुनी तथा नीतिगत प्रावधानहरूको फितलो कार्यान्वयनको परिणाम हो ।[2] दक्षिण एसियामा खुम्चिँदो नागरिक स्थलहरूसँगै लोकतान्त्रिक मूल्य/मान्यता, सर्वमान्य मानव अधिकार र कानुनी शासनहरू बढ्दो आक्रमणमा परेका छन् । बढ्दो अधिनायकवाद, कट्टरवाद, राष्ट्रवाद तथा लैङ्गिक, जातीय र नश्लीय भेदभावले मानव अधिकार र लोकतन्त्र, मौलिक स्वतन्त्रता र धेरै ठाउँमा नागरिक स्थल सङ्कुचनमा योगदान पु¥याइरहेको छ । स्थानीय, राष्ट्रिय वा अन्तर्राष्ट्रियरूपमा बनाइएका धेरै कानुन र निर्णयले बहुसङ्ख्यक जनसङ्ख्यालाई भन्दा एक विशेष वर्गलाई बढी शक्ति र विशेषाधिकार प्रदान गर्छन् जसले नागरिक स्थललाई सङ्कुचित र समावेशी समाजको आधारशीलालाई कमजोर बनाएको छ । नेपाल पनि यस्तै समस्याबाट गुज्रिरहेको छ ।

नेपाली समाजमा घरभित्र र बाहिर लैङ्गिक विभेदमा आधारित हिंसाको तथ्याङ्क डरलाग्दो छ जहाँ ६५ प्रतिशत महिला घरेलु हिंसाबाट प्रभावित भएका थिए जसमा ९० प्रतिशत पीडक पुरुष थिए । ३१ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको छ भने ७ प्रतिशत महिला बहुविवाहबाट प्रभावित भएका थिए ।[3] देशको कुल जनसङ्ख्याको ४०.८ प्रतिशत सङ्ख्या युवा[4] को छ भने सन् २०२२ मा बेरोजगारीको दर ११.१ प्रतिशत थियो । देशको निराशाजनक अवस्थाबाट दिक्क भएर ७,४०,००० युवाले वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका थिए ।[5] वैदेशिक रोजगारीमा गएकामध्ये खाडी मुलुक तथा मलेसियाबाट हरेक वर्ष करिब १,००० लास नेपाल ल्याइन्छ[6] भने सन् २०२२ को पहिलो ९ महिनामा मात्रै श्रमिकका १,४९२ लास नेपाल ल्याइएको थियो ।[7] विदेशमा प्रवासी कामदारहरूले सामना गर्नुपरेका कष्टप्रद् काम र जीवन यापनको विवरण दिने धेरै प्रतिवेदन बाहिर आए पनि प्रवासी कामदारका मुद्दा सम्बोधन भएका छैनन् । देशको अर्थतन्त्रमा २७ प्रतिशतको योगदान[8] गर्ने आप्रवासी श्रमिकका मुद्दा अझै चिन्ताको विषय बनेको छ ।

यसका साथै सुकुमबासी बस्तीमा बस्नेलाई बलपूर्वक हटाउने घटनाबाट संरक्षण गर्ने कुनै कानुनी व्यवस्था छैन । साथै घरबारविहीन वा सुकुमवासी, जग्गाको सुरक्षा तथा जनजातिको जमिन तथा स्रोतको संरक्षण गर्न सकेको छैन । शान्तिपूर्ण विरोधमा उत्रिएकाहरूको अवैध[9] गिरफ्तारी बढ्दै गएको छ । वि.सं. २०५२ देखि २०६२ सम्मको आन्तरिक सशस्त्र द्वन्द्वका क्रममा राज्यका सुरक्षा बल र माओवादी विद्रोही पक्षबाट भएका गम्भीर प्रकृतिका मानव अधिकार हनन् र उल्लङ्घनका दशौँ हजार पीडितलाई न्याय, सत्य/तथ्य जाँच तथा परिपूरणका लागि कुनै प्रगति भएको छैन भने हालसम्म एउटा पनि घटना निरूपण भएको छैन ।[10] नेपालमा मानव अधिकार उल्लङ्घनका यस्ता अवस्थाले देशको लोकतान्त्रिक मूल्य/मान्यता र नेपालको संविधानमा उल्लेख गरिएअनुसार समावेशी र न्यायपूर्ण समाजको परिकल्पनालाई खतरामा पार्छ । नेपालको संविधानले सबैको मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको उपभोग सुनिश्चित गरेको छ ।

[1] Idees, Peiró, Ana Ballesteros "Human Rights in Asia", March 10, 2021, https://revistaidees.cat/en/els-drets-humans-a-lasia/
[2] Reliefweb, "South Asia State Minorities Report 2022: Weakening human Rights Commitment and Its Impact on Minorities", February 13, 2023, https://shorturl.at/rsIQ8
[3] WOREC, "Annual Factsheet on Gender Based Violence Against Women and Girls", Accessed September 5, 2023, https://shorturl.at/iDP14
[4] Kumar, Brabim, "County of The Young", The Kathmandu Post, August 12, 2015, https://kathmandupost.com/opinion/2015/08/12/country-of-the-young
[5] My Republica, "Over 740,000 Migrant Workers Get Permits for Foreign Employment In 11 Months of Current FY", July 4, 2023, https://shorturl.at/biC49
[6] The Guardian, "Families Mourn 'Devastating' Suicide Rates Among Nepal's Migrant Workers", Accessed September 5, 2023, https://shorturl.at/owxYZ
[7] Khadka, Sabita, "Number of Deaths Of Nepali Migrant Workers Abroad on The Rise Despite Govt Efforts to Curb It", My Republica, September 20, 2023, https://shorturl.at/amoU6
[8] The Kathmandu Post, "Nepal's Remittance Earnings Continue to Grow, Reaching Rs689.88 billion", March 12, 2023, https://shorturl.at/oqJ24
[9] Khatiwada, Nishan, "Nepali State's Commitment to Free Speech in Doubt", The Kathmandu Post, March 24, 2023, https://kathmandupost.com/national/2023/03/24/nepali-state-s-commitment-to-free-speech-in-doubt
[10] Amnesty International, "Nepal 2022", Accessed September 5, 2023, https://www.amnesty.org/en/location/asia-and-the-pacific/south-asia/nepal/report-nepal/

नेपालको संविधान समानता, आधारभूत स्वतन्त्रताको सुनिश्चितता र नागरिक भूमिकाका लागि भएको लामो सङ्घर्षपछि वि.सं. २०७२ सालमा जारी भएको थियो । यसले परिकल्पना गरेअनुरूप समावेशी समाज भनेको जुनसुकै हैसियत भएका सबैको पूर्ण सहभागिता र समावेशिता सुनिश्चित गर्दै नागरिकको विविधतामा आधारित विकास नीतिहरू निर्माण गर्नु हो ।[11] समावेशी समाजले उमेर, लिङ्ग, अपाङ्गताको अवस्था, जाति, वंशज, धर्म, आर्थिक वा अन्य अवस्थाको हैसियतमा भेदभाव नगरी सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशीकरणका लागि सशक्तीकरण र प्रवर्धन गर्छ । कोही पनि पछाडि नपरुन् भनेर समावेशी समाजमा जुनसुकै उमेर समूह, लिङ्ग, अपाङ्गताको अवस्था, जातीय पहिचान, वंश, धार्मिक, आर्थिक वा अन्य कुनै पनि स्थितिका आधारमा विभेद नगरी सबैको सामाजिक, आर्थिक र राजनीतिक समावेशिताको लक्ष्य समावेशी समाजले राख्छ ।[12] असमानता न्यूनीकरण गर्ने र लचिलो तथा सहिष्णु समाज सिर्जना गर्ने लक्ष्य राख्ने सामाजिक नीतिहरूले समावेशी समाजको प्रवर्धन गर्छन्।[13] यस्तो समाजमा नागरिक स्थलहरू फस्टाउँदै जाने र यसको क्षेत्रमा प्रगति हुँदै जान्छ ।




नागरिक स्थलले मानिसलाई सामाजिक, राजनीतिक, आर्थिक र सांस्कृतिक जस्ता लोकतन्त्रका सबै तहमा अर्थपूर्णरूपमा सहभागी हुन सहजीकरण गर्छ । तथापि मौलिक स्वतन्त्रता र नागरिक स्थल सुनिश्चित तथा सम्मान गर्ने कुरामा सबै देशमा चुनौती सामना गर्नुपरेको देखिन्छ । यो प्रवृत्ति लुम्बिनी प्रदेशमा अझ चिन्ताजनक देखिन्छ किनभने मुलुकका ७ प्रदेशमध्ये सन् २०२२ मा लुम्बिनी प्रदेश मानव अधिकार उल्लङ्घन र शोषणको सवालमा सबै भन्दा माथि छ ।[14]

### लुम्बिनी प्रदेशको पृष्ठभूमि

अभिलेखीकरण भएका घटनामा महिला र बालबालिका बढी प्रभावित भएका देखिएको छ । साथै दलित समुदाय, विद्यार्थी, गृहिणी र सञ्चारकर्मीहरू अरू भन्दा बढी जोखिममा छन् ।[15] मानव अधिकार उल्लङ्घनका मुख्य घटनामा एकल महिला[16] माथि हुने घरेलु हिंसा, लिङ्गका आधारमा ज्यालामा विभेद[17] , बालविवाह[18] , असुरक्षा र वैदेशिक रोजगारी[19] मा जानका लागि चुनौती थिए ।

लुम्बिनी जातीय हिसाबले विधिधता भएको प्रदेश हो ।[20] मधेसी दलित, मुस्लिम, जनजाति समुदाय, अल्पसङ्ख्यक र लोपोन्मुख जातहरूको यहाँ बसोबास छ । जसमध्ये नेटुवा[21] , पत्थरकट्टा, वादी, कुमाल, किंजरिया, चिदिमार, कुशबढिया[22] जस्ता अल्पसङ्ख्यक समुदायको जीवन स्तर जोखिममा छ । लुम्बिनी प्रदेशका युवाले पनि देशका अन्य युवा जस्तै बेरोजगारी समस्या भोगिरहेका छन् । हरेक वर्ष हजारौँ युवा रोजगारी अवसरका लागि विदेश जाने गर्छन् । निराशाजनक स्थिति, लागुऔषध तस्करी, लागुऔषधको प्रयोग जस्ता समस्या यहाँ बढ्दो अवस्थामा छ भने बाँके[23] र कपिलवस्तुमा यो दर अझ बढ्दो छ । लुम्बिनी प्रदेशमा मौलिक स्वतन्त्रता र नागरिक स्थलको चिन्ताजनक स्थितिले विशेषगरी महिला, युवा र सीमान्तकृत समूहका लागि जटिल परिस्थिति निर्माण गरेको छ । यस्तो स्थिति लिङ्ग, जात, जातीयता, धर्म, पेसा, पारिवारिक पृष्ठभूमि र कुनै विशिष्ट समुदायबाट प्रतिनिधित्व गर्नु र भौगोलिक अवस्थितिमा निर्भर गर्छ ।

महिला, युवा तथा सीमान्तकृतहरूका विशिष्ट आवश्यकता र चुनौतीहरू मूल्याङ्कन गर्न तथा उनीहरूको मौलिक स्वतन्त्रता र नागरिक स्थलको संरक्षण गर्न अन्तर्वर्गीय दृष्टिकोण अपनाउनुपर्छ । यसैगरी महिला, युवा तथा सीमान्तकृतहरूसँग अपार रैथाने ज्ञान, विज्ञता र सिप छन् जसलाई प्रयोग गर्नुपर्ने र बढावा दिनुपर्ने आवश्यकता छ ।

---

[11] UNHR Office of The High Commission, "Empowerment, Inclusion, Equality: Accelerating Sustainable Development with Human Rights", Accessed September 5, 2023, https://www.ohchr.org/sites/default/files/Documents/Issues/MDGs/Post2015/EIEPamphlet.pdf
[12] UN.org, "Vision for An Inclusive Society", Accessed September 5, 2023, https://www.un.org/esa/socdev/documents/compilation-brochure.pdf
[13] Fact Sheet No.2 (Rev.1), The International Bill of Human Rightshttps://www.ohchr.org/sites/default/files/Documents/Publications/FactSheet2Rev.1en.pdf
[14] INSEC Online, "Two Thousand And Eighty Four Victims Of Human Rights Abuses And Violations Documented In Lumbini Province In 2022", February 19, 2023, https://inseconline.org/en/news/two-thousand-and-eighty-four-victims-of-human-rights-abuses-and-violations-documented-in-lumbini-province-in-2022/
[15] Ibid
[16] My Republica, "Single Women in Rolpa Facing Domestic and Social Violence", February 12, 2018, https://myrepublica.nagariknetwork.com/news/single-women-in-rolpa-facing-domestic-and-social-violence/
[17] My Republica, "Women Workers in Rolpa Continue to Suffer Wage-Discrimination", May 1, 2018, https://myrepublica.nagariknetwork.com/news/women-workers-in-rolpa-continue-to-suffer-wage-discrimination/
[18] Dangi, Kashiram, "Child Marriage Still Rampant in Rolpa", The Kathmandu Post, March 6, 2022, https://kathmandupost.com/province-no-5/2022/03/06/child-marriage-still-rampant-in-rolpa
[19] Gahatraj, Rupa, "Beset By Poverty at Home, Banke Women Face Horror Abroad", The Kathmandu Post, March 2, 2023, https://kathmandupost.com/province-no-5/2023/03/02/beset-by-poverty-at-home-banke-women-face-horror-abroad
[20] Census Nepal, "National Population and Housing Census 2021", Accessed September 5, 2023, https://censusnepal.cbs.gov.np/results/population¿province=5&district=50&municipality=8
[21] Shrestha, Laxman, "Lifestyle and Struggle of The Nomadic Nat Community: A Study of The Nat Community In Sarlahi, Nepal", Nepal Journal Online, December 26, 2022, https://www.nepjol.info/index.php/irjmmc/article/view/50741
[22] INSEC, "Nepal Human Rights Yearbook 2022", Accessed September 5, 2023, https://www.insec.org.np/wp-content/uploads/2022/02/NHRYB2022_english.pdf
[23] Nepal News, "Drug Issues on The Rise in Banke", June 26, 2022, https://nepalnews.com/s/issues/drug-issues-on-the-rise-in-banke

सरकारी तथा गैरसरकारी संस्थाहरूले मानिसलाई निर्णय र विकास प्रक्रियामा थप सामेल गराउने प्रयास गरे तापनि सहायता दिने र प्राप्त गर्ने केही पुरानो शैलीले अझै पनि महिला, युवा तथा सीमान्तकृत समूहभित्र पनि सबै भन्दा जोखिममा रहेका तथा सीमान्तकृत व्यक्तिहरूलाई पछाडि नै छाडिदिएको छ । जसले समुदायमा नयाँ स्वरूपमा शक्ति संरचना र स्तरहरू सिर्जना गरिरहेको छ ।

फलस्वरूप, मानव अधिकार उल्लङ्घन र शोषणका साथै जवाफदेहिताबारे निर्माण गरिएका भाष्यहरूसमेत धेरै हदसम्म स्थानीय, प्रदेश र सङ्घीय स्तरका स्रोत, मिडिया र शक्ति–केन्द्रहरूमा पहुँच र नियन्त्रण भएका निश्चित समूहहरूबाट सिर्जित छन् । यो तथ्यपरक खोज अध्ययनको उद्देश्य महिला, युवा र सीमान्तकृत समुदायहरूको मानव अधिकार उल्लङ्घन, शोषण र जवाफदेहिताबारे प्रकाश पार्ने छ जसलाई मूलधारका सञ्चार माध्यमले पर्याप्त ध्यान दिएका छैनन्, नागरिक सङ्गठनहरूले पर्याप्त काम गरेका छैनन् र नीति निर्माताबाट बेवास्ता गरिएका छन् । अध्ययनका लागि नागरिक समाजबाट विभिन्न संस्था, समुदाय तहका समूहहरू, सञ्जाल, गठबन्धनहरू र मानव अधिकार रक्षकहरू समावेश थिए जो महिला तथा युवाले नेतृत्व गरेका समुदायहरूका लागि मानव अधिकार, मौलिक स्वतन्त्रता प्रवर्धन र संरक्षण गर्न समर्पित थिए ।

## मुख्य उद्देश्य

क) लुम्बिनी र मधेस प्रदेशमा महिला, युवा र सीमान्तकृत समुदायलगायत उनीहरूका लागि काम गर्ने नागरिक सङ्गठनहरू, समुदाय तहका सञ्जालहरू र यस क्षेत्रबाहेकका अन्य सरोकारवालाको अभिव्यक्ति स्वतन्त्रता, सङ्गठित हुन पाउने अधिकार र शान्तिपूर्णरूपमा भेला हुन पाउने अधिकारसँग जोडिएका मानव अधिकार उल्लङ्घन र शोषण सामना गरेका घटनाहरूबारे प्रकाश पार्ने ।

ख) महिला, युवा र सीमान्तकृत मानिसका अधिकार संरक्षण गर्न कार्य गरेका वा नेतृत्व गरिरहेका नागरिक समाज संस्थाहरूहरू, स्थानीय सञ्जालहरू र यस क्षेत्र बाहिरका सरोकारवालाहरूका लागि अवसर, रैथाने ज्ञान, विशेषज्ञता र सिपहरू पहिचान गर्ने ।

# अध्याय २ : अनुसन्धान पद्धति

यस अनुसन्धानले लुम्बिनी प्रदेशका ४ जिल्ला समेटेर मौलिक अधिकार र नागरिक सहभागिताको अध्ययन गरेको छ। महिला र युवाहरूको अधिकार संरक्षणका क्षेत्रमा कार्यरत वा नेतृत्व गरिरहेका नागरिक समाज संस्थाहरू, स्थानीय सञ्जालहरू र यस क्षेत्रबाहिरका सरोकारवालाहरूका लागि संभावना, रैथाने ज्ञान, विशेषज्ञता र सिपहरू पहिचान गर्ने उद्देश्य यसको छ। हामीले यो क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घनका घटनाका आधारमा यी जिल्ला चयन गरेका थियौँ। रोल्पा नेकपा (माओवादी) को नेतृत्वमा सुरु भएको युद्धको उद्गम स्थल थियो जसले नेपालमै दूरगामी असर पारेको थियो। त्यो युद्धको प्रभाव अझै पनि त्यहाँका बासिन्दाको जीवनमा देख्न सकिन्छ।

सरकारले द्वन्द्व प्रभावितका लागि भनेर सत्य निरुपण तथा मेलमिलाप आयोग, बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगलगायत पुनस्र्थापनाको कार्यक्रम गर्दै आएको छ। जिल्लाका धेरै मानिस सशस्त्र द्वन्द्वबाट प्रभावित भएका थिए जो अहिले पनि युद्धका परिणाम भोगिरहेका छन्। दुर्भाग्यवश, आधिकारिकरूपमा सशस्त्र द्वन्द्वबाट प्रभावितका रूपमा पहिचान हुन नसकेको हुँदा उनीहरूले आवश्यक सहयोग प्राप्त गर्न भने सकिरहेका छैनन्। यसैगरी कपिलवस्तु, दाङ र बाँके जिल्लाका महिला, युवा र सीमान्तकृत समुदायको निजी र सार्वजनिक जीवन मानव अधिकार उल्लङ्घनका घटनाले भरिएका छन्। स्थानीय स्रोत व्यक्ति, फोरम–एसियाको साझेदार संस्थाहरू, सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कर्मचारीहरूको परामर्श लिएर अध्ययनका लागि समुदायहरू छनोट गरिएको थियो भने सरकारी तथा गैरसरकारी क्षेत्रहरूबाट उपलब्ध तथ्याङ्कहरूद्वारा छनोटका आधार पुष्टि गरिएको थियो।

**तथ्याङ्क सङ्कलन विधि**

अध्ययनका लागि विशेषतः गुणात्मक विधिहरू प्रयोग गरिएको थियो। यसका साथै अध्ययनको निष्कर्षहरूलाई पुष्टि गर्न अन्य द्वितीय स्रोतहरूमा आधारित तथ्याङ्कहरू प्रयोग गरिएको थियो। तथ्याङ्क सङ्कलनका लागि हामीले अपनाएका प्राथमिक विधिहरूमा समूहकेन्द्रित छलफल, प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध राख्ने जानकारहरूसँगको अन्तर्वार्ता विधि र घटना अध्ययनहरू थिए।

अध्ययन गरिएका क्षेत्रबाट अनुसन्धानमा सहभागीहरूद्वारा प्राप्त प्रमाणका आधारमा उदाहरण र उत्तरदाताहरूको वास्तविक तथ्यहरू स्थापित गर्न प्रतिवेदन सक्षम भएको छ। महिला, युवा र सीमान्तकृतहरूको सीमान्तीकरण र उत्पीडन उनीहरूको अन्तर्विच्छेदन पहिचानमा आधारित हुन्छ। त्यसैले मौलिक अधिकार र नागरिक स्थल प्रवर्धन र संरक्षणमा आफ्नो क्षेत्रमा क्रियाशील महिला, युवा र सीमान्तकृतहरूको विशिष्ट आवश्यकता र चुनौतीहरूको मूल्याङ्कनका लागि प्रतिच्छेदन (इन्टरसेक्सनल) दृष्टिकोण प्रयोग गरिएको थियो।

अनुसन्धानले मुख्यतया गुणात्मक सूचनाहरू र द्वितीय स्रोतहरूबाट प्राप्त अन्य परिमाणात्मक तथ्याङ्कहरूको प्रयोग गरेको थियो जुन आवश्यक पर्दा अनुसन्धान प्रतिवेदनमा समावेश गरिएको थियो। अध्ययनका क्रममा २५ समूहकेन्द्रित छलफल सम्पन्न भएका थिए जसमा ३९६ जना सहभागी थिए। यसका साथै प्रत्यक्ष/अप्रत्यक्ष सम्बन्ध राख्ने जानकारहरूसँग अन्तर्वार्ता विधिअन्तर्गत नागरिक समाजका अगुवा, पत्रकार, मानव अधिकारकर्मी, मन्त्री, सरकारी अधिकारी, संवैधानिक निकायहरू र शैक्षिक क्षेत्रका गरी २५ जनासँग कुराकानी गरिएको थियो।

सबै भन्दा बढी सीमान्तकृत तथा जोखिममा परेका समुदायहरूको सहभागिता र प्रतिनिधित्व सुनिश्चित गर्न इन्टरसेक्सनल दृष्टिकोणहरू प्रयोग गर्दा अत्यन्त सावधानी अपनाइएको थियो। अध्ययनका सहभागीहरूको सूची स्रोत व्यक्ति र सरकारी प्रतिनिधिहरूसँगको परामर्शमा तयार भएको थियो। समूहकेन्द्रित छलफलले पहिचान गरेका क्षेत्रहरूमा काम गर्ने नागरिक सङ्गठन, सरकारी प्रतिनिधि र समुदायमा आधारित संस्थाहरूबारे जानकारहरूसँग सूचना लिन अन्तर्वार्ता विधि प्रयोग गरिएको थियो। अनुसन्धानको उद्देश्यअनुरूप यिनीहरूको पहिचान समूहकेन्द्रित छलफलका सहभागी, स्रोत व्यक्ति र स्थानीय प्रतिनिधिहरूको सुझावका आधारमा गरिएको थियो। समूहकेन्द्रित छलफलमा आएका बहसका आधारमा घटना अध्ययनहरू लिइएको थियो।

## गुणस्तरको सुनिश्चितता र तथ्याङ्कको सुरक्षा

गुणस्तरको उच्चतम सुनिश्चितताका लागि सबै समूहकेन्द्रित छलफल, जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनहरू सहभागीको पूर्वसहमति लिएर मात्र रेकर्ड गरिएको थियो। हामीले सङ्कलन गरेको जानकारीलाई सुरक्षित र गोप्य हिसाबले भण्डारण गरेका थियौँ भने हाम्रो अनुसन्धान टोलीका सीमित र पहुँच प्राप्त गर्न आवश्यक केही व्यक्तिलाई मात्र सूचना हेर्ने अनुमति थियो। इन्क्रिप्सन प्रविधि (सूचना वा जानकारी आधिकारिक पक्षले मात्र बुझ्न सक्ने) को प्रयोग, सीमित पहुँच, गोपनीयता, नैतिकताका नियमहरू पालना र पारदर्शिता कायम राख्ने जस्ता पक्ष सुनिश्चित गरिएको थियो। साझेदार संस्थाहरूको तथ्याङ्क सुरक्षा नीतिअनुसार भण्डारण हुनेछ।

सांस्कृतिक सन्दर्भहरूमा संवेदनशीलता: हामीले अध्ययनको मुख्य उद्देश्यलाई ध्यान दिँदै स्थानीय संस्कृति र चलनअनुसार प्रश्न तयार गरेका थियौँ भने स्थानीय परिवेशमा मिल्ने गरी नै प्रश्न सोध्ने तरिकाहरू परिवर्तन गरिएको थियो। समूहकेन्द्रित छलफल र जानकारहरूसँगको अन्तर्वार्ताअघि हामीले स्थानीय चलनहरूबारे जानकारी लिएका थियौँ। तथ्याङ्क सङ्कलन गर्दा स्थानीय संस्कृति र परम्पराहरू पालना गर्न अध्ययन टोली सचेत थियो।

**सहमति:** समूहकेन्द्रित छलफलका लागि हामीले मौखिकरूपमा सहमति मागेका थियौं। जानकारहरूसँगको अन्तर्वार्ता र घटना अध्ययनहरूका लागि लिखित सहमति लिइएको थियो। सहभागीलाई समूहकेन्द्रित छलफल र अन्तर्वार्ताबारे जानकारी दिँदा यसका लागि लाग्ने समय अवधि र सुरु हुने समयबारे पनि बताएका थियौँ।

**भाषा:** स्थानीय परिवेश बुझेका तथा भाषाहरू (थारू, अवधी) राम्रोसँग जान्ने अनुसन्धान सहयोगीहरू र तथ्याङ्क सङ्कलनमा मद्दत गर्ने व्यक्तिहरू (गणक) लक्षित जिल्लाबाट छनोट गरिएको थियो । समूहकेन्द्रित छलफलहरू र अरू प्राथमिक गुणात्मक तथ्याङ्क सङ्कलन स्थानीय भाषामा नै गरिएको थियो जसले सहभागीहरूले अध्ययन प्रक्रियामा हुने कुरा राम्रोसँग बुझ्ने र आफ्ना अनुभव बताउन सक्ने वातावरण सिर्जना गर्ने वातावरण सुनिश्चित गरेको थियो ।

**गोपनीयता:** तथ्याङ्क सङ्कलन गर्ने टोलीले सामान्य परिचयबाहेक अन्य कुनै व्यक्तिगत विवरण अभिलेख गरेनन् । समूहकेन्द्रित छलफलका कुनै पनि सहभागीको परिचय खुलाइएको छैन । समूहकेन्द्रित छलफलमा सहभागीहरूको व्यक्तिगत विवरण तथ्याङ्कको गुणस्तर सुनिश्चित गर्ने उद्देश्यका लागि अधिकार प्राप्त व्यक्तिबाहेक अन्य कसैलाई उपलब्ध गराइएको थिएन ।

**स्वेच्छिक सहभागिता:** सहभागीहरूलाई उनीहरूको सहभागिता उनीहरूकै इन्छामा निर्भर हुने बताइएको थियो । यसका साथै छलफलमा सहभागी हुन र छलफलका प्रश्नहरूको उत्तर दिन कुनै पनि प्रकारको दबाब सामना गर्नु नपर्नेबारे उनीहरूलाई जानकारी दिइएको थियो । साथै छलफलको कुनै पनि समयमा उनीहरूले जवाफ दिन अस्वीकार गर्ने अधिकार भएको पनि बताइएको थियो । यो प्रतिबद्धता अध्ययनका लागि अपनाइएका सबै विधि जस्तै समूहकेन्द्रित छलफल, अन्तर्वार्ता र घटना अध्ययनका बेला प्रवाह गरिएको थियो ।

### सीमितता

सबै भन्दा जोखिममा रहेका समुदायभित्रका केही समुदायमा मात्र अध्ययन केन्द्रित छ । अध्ययन गर्न चाहेको विषयवस्तुसँग मिल्दोजुल्दो ठाउँ र व्यक्तिहरू छनोट गर्न अत्यधिक सावधानी अपनाइएको थियो भने त्यो समूहभित्र सबै भन्दा बढी जोखिममा रहेका र सीमान्तकृत व्यक्तिहरूलाई समावेश गरिएको छ । यो अध्ययन महिला, युवा तथा सीमान्तकृतहरूले सामना गर्ने सबै मुद्दाहरू समेट्न पर्याप्त छैन । इन्टरसेक्सनल दृष्टिकोण प्रयोग गरेर सहभागीहरूको सूची पहिले नै तयार गरिएको थियो । यद्यपि अध्ययनका क्रममा लिइएका नमुनाहरू विभिन्न प्रदेश वा एउटै जिल्लाका सबै महत्वपूर्ण मुद्दाहरू देखाउन पर्याप्त नहुने कारणले अनुसन्धानको दायरा सीमित छ । तैपनि हामीले सङ्कलन गरेका बहुमूल्य जानकारी थाहा पाएपछि महिला, युवा तथा सीमान्तकृतहरूको स्थितिमा सरोकारवालाहरूले थप ध्यान दिने अपेक्षा गरिएको छ ।

## अध्याय ३: मानव अधिकार संयन्त्रहरू

विश्वव्यापीरूपमै मानव अधिकार सुनिश्चित गर्ने एक कोसे ढुङ्गाका रूपमा मानव अधिकारको विश्वव्यापी घोषणापत्रको दस्ताबेज रहेको छ । यसले ८० भन्दा बढी अन्तर्राष्ट्रिय महासन्धि र सन्धिका साथै धेरै क्षेत्रीय सन्धि र घरेलु कानुन निर्माणका लागि उत्प्रेरकको काम गरेको छ । अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति र महिला जस्ता समूहहरूको मानव अधिकार संरक्षण गर्न यो उत्प्रेरक दस्ताबेजका रूपमा छ ।

नागरिक तथा राजनीतिक अधिकार, यातना र अन्य क्रूर अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट स्वतन्त्रता, निष्पक्ष कानुनी सुनुवाइ, बौद्धिक स्वतन्त्रता, धर्म तथा अभिव्यक्ति स्वतन्त्रता, गोपनीयता, घर र पारिवारिक जीवन, समानता र विभेदमुक्त, आर्थिक सामाजिक र सांस्कृतिक अधिकार–शिक्षा, कामका लागि उचित वातावरण र न्यायपूर्ण कार्य अवस्था, गुणस्तर जीवनस्तर, स्वास्थ्य र सामाजिक सुरक्षा जस्ता कुरा यसले सुनिश्चित गर्छ ।

नेपालले मानव अधिकारको विश्वव्यापी घोषणापत्र अनुमोदन गरेको छ भने अन्य प्रमुख ६ वटा अन्तर्राष्ट्रिय ठूला महासन्धिको पक्ष राष्ट्र पनि हो जसमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धसमेत पर्छ ।[24] नेपालले मानव अधिकारका यी दस्ताबेज अनुमोदन गरेका कारण र संयुक्त राष्ट्र सङ्घको एक पक्ष राष्ट्र भएकाले यी सन्धिका सिद्धान्त पालना गर्नुपर्छ भने आधारभूत मानव अधिकारलाई मान्यता दिँदै आफ्ना सबै जनताका लागि समान अधिकार सुनिश्चित गर्नुपर्छ ।[25] संयुक्त राष्ट्र सङ्घको बडापत्रले सदस्य राष्ट्रहरूलाई जाति, लिङ्ग, भाषा वा धर्मका आधारमा भेदभाव नगरी सबैको मानव अधिकार र मौलिक स्वतन्त्रताको विश्वव्यापी सम्मान र पालना' गर्नुपर्ने कतव्र्य प्रवर्धन गर्छ।[26]

नेपालको संविधानको धारा ५१ (ख) (३) ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने भनेर नेपाल सरकारको दायित्व उल्लेख गरेको छ । यसैगरी नेपाल सन्धि ऐन २०४७ को धारा ९ (१) मा निम्नानुसार उल्लेख छ:

व्यवस्थापिका–संसद्बाट अनुमोदन, सम्मिलन, स्वीकृति वा समर्थन भई नेपाल वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानुनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानुन अमान्य हुनेछ र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानुन सरह लागू हुनेछ ।

यी २ प्रावधानले नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय कानुनका सिद्धान्त पालना गर्न नेपाललाई बाध्य बनाउँछ । नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी सन्धि निम्नानुसार छन् :

| | सन्धि र महासन्धि | अनुमोदन गरेको मिति |
|---|---|---|
| १ | सबै किसिमका जातीय भेदभाव उन्मूलन अन्तर्राष्ट्रिय महासन्धि | ३० जनवरी १९७१ |
| २ | बाल अधिकारसम्बन्धी महासन्धि | १४ सेप्टेम्बर १९९० |
| ३ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि | २२ अप्रिल १९९१ |
| ४ | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १४ मे १९९१ |
| ५ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र | १४ मे १९९१ |
| ६ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि | ७ मे २०१० |
| ७ | अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक प्रोटोकल, २००६ ७÷५÷२०१० | ७ मे २०१० |

यदि अन्तर्राष्ट्रिय कानुन र घरेलु कानुन बाझिएमा अन्तर्राष्ट्रिय सन्धि लागु हुनेछ । तसर्थ अन्तर्राष्ट्रिय कानुन पालना गर्न ध्यान दिइएको छ । सिइआरडी (सबै प्रकारका जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि) मा बाहेक नेपालले निसर्तरूपमा अन्तर्राष्ट्रिय सन्धिहरू स्वीकार गरेको छ । तसर्थ, सबै मानव अधिकार सन्धिका सबै प्रावधान पूर्वसर्तबिना नै लागु हुन्छन् । नेपालको संविधानअन्तर्गतको भाग ३ मौलिक अधिकार र कर्तव्यहरूको धारा १६ देखि ४६ अन्तर्गतका प्रावधानहरू मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लिखित मौलिक मानव अधिकारहरूका साथै विभिन्न मानव अधिकार संयन्त्रहरू, अन्तर्राष्ट्रिय मानवीय कानुन, सन्धिहरू र महासन्धिसँग मेल खान्छ ।

नेपालको संविधानले वाक् तथा अभिव्यक्ति स्वतन्त्रताको हक, दलीय राजनीतिबाट प्रेरित नभएका सङ्घ/संस्था खोल्ने अधिकार र आफ्नो धर्म अवलम्बन गर्ने स्वतन्त्रतालगायत व्यक्तिगत अधिकारको संरक्षण गर्ने व्यवस्था गरेको छ । यसरी सम्बन्धित नीति, नियम र नियमावलीहरू लैङ्गिक उत्तरदायी र मानव अधिकारमा आधारित दृष्टिकोणमा आधारित हुनुपर्छ ।

[24] International Covenant on Civil and Political Rights, G.A. res. 2200A (XXI), U.N. Doc. A/6316 (1966), entered into force Mar..
[25] Preamble of the UN Charter. https://www.un.org/en/udhrbook/pdf/udhr_booklet_en_web.pdf
[26] Preamble of the UN Charter. Article 55 https://www.un.org/en/udhrbook/pdf/udhr_booklet_en_web.pdf

लैङ्गिक उत्तरदायी र समावेशी मानव अधिकारका दृष्टिकोणहरू महिला, युवा र सीमान्तकृत समुदायहरूको अधिकार संरक्षणका लागि आधारशीलाका रूपमा रहेका हुन्छन्। लैङ्गिक समानता र मानव अधिकारको दृष्टिकोणबाट नीति र योजनाहरू बनाउनु भनेको लैङ्गिक समानता र समावेशितातर्फ सकारात्मक परिवर्तनको पाइला चाल्नु हो । लैङ्गिक उत्तरदायी र मानव अधिकारमा आधारित दृष्टिकोणले सामाजिक र राजनीतिक संरचनामा रहेका असमानताहरू खोजी गर्न सहयोग गर्छ । लैङ्गिक समानता र मानव अधिकारमुखी दृष्टिकोणले विभेदकारी अभ्यास र शक्तिको असमान वितरणलाई सच्याउन पनि मद्दत गर्छन् । नागरिकहरू जसमा विशेषतः महिला र युवाहरू जस्ता जोखिममा रहेका र सीमान्तकृत समूहहरूलाई पूर्णरूपमा मौलिक स्वतन्त्रता प्रयोग गर्नबाट वञ्चित गराउने विभेदकारी अभ्यास र शक्तिको असमान वितरण सच्याउन पनि लैङ्गिक समानता र मानव अधिकारमुखी दृष्टिकोणले मद्दत गर्छन् ।

हाम्रो समाजका हरेक संरचनामा संस्थागतरूपमा रहेको कहिल्यै अन्त्य नहुने हिंसाको चक्र, बेफाइदाहरू र सीमान्तीकरणका बीचमा महिला, युवा र सीमान्तकृतहरू फस्ने गर्छन् । राजनीति, कानुन, आर्थिक वा सांस्कृतिक प्रथाहरूका कारण उनीहरू पछाडि पर्छन् । लामो समयदेखि स्थापित असमानता र असमान शक्ति संरचनाहरू समाजमा गहिरो जरा गाडेर बसेका छन् भने एकअर्कासँग अन्तरसम्बन्धितसमेत छन् जसले गर्दा तिनीहरूलाई परिवर्तन गर्न गाह्रो छ । परिणामस्वरूप आधारभूत मानव अधिकारको गम्भीर उल्लङ्घन हुने गर्छ । यी उल्लङ्घनमा आफ्नो आत्मसम्मान र सम्मान गुमाउनु, घर, खाना, शिक्षा वा स्वास्थ्य सेवा नहुनु र अभिव्यक्ति स्वतन्त्रता, सङ्गठित हुन पाउने अधिकार र शान्तिपूर्वक भेला हुन पाउने अधिकार सङ्कुचित हुने जस्ता अवस्था पर्छन् । यसले प्रभाव र स्रोत भएकाहरू र शक्ति नभएका बीचमा असमानता सिर्जना गर्छ । धेरैजसो अवस्थामा संरचनागत हिंसाका यी स्वरूपहरू सामाजिक सांस्कृतिक प्रणालीभित्र अन्तर्निहित हुन जान्छन् जसलाई महिला, युवा र सीमान्तकृत समुदायहरूले कतिपय अवस्थामा आफैं आत्मसातसमेत गर्छन् ।

यसरी लुकेर रहेका हानिकारक स्वरूपहरूबाहेक धेरै महिला र सीमान्तकृत समुदायहरूले प्रत्यक्षरूपमा शारीरिक, सामाजिक तथा आर्थिक हिंसाका स्वरूपहरू पनि भोग्छन् । यस्ता प्रकारका हिंसालाई विद्यमान सामाजिक संरचनाहरूको आडमा सत्य ठहराउने गरिन्छ । लैङ्गिक उत्तरदायी र मानव अधिकारका दृष्टिकोणहरूले यी जोखिममा रहेका समुदायलाई उनीहरूको अधिकार बुझ्न तथा सुनिश्चित गर्न सशक्त बनाउन सक्छ । यी दृष्टिकोणले यी अधिकारहरूको सम्मान, संरक्षण तथा पूरा गर्ने दायित्व बोकेका व्यक्तिहरू तथा संस्थाहरूको जिम्मेवारी र क्षमता अभिवृद्धिसमेत गर्छन् ।

यिनीहरूले नीति वा परियोजना कार्यान्वयनका क्रममा विद्यमान बहिष्करण तथा विभेद हटाउन वा कम गर्ने लक्ष्यसमेत राख्छन् ।[27] मानव अधिकारमा आधारित दृष्टिकोणले संसारका विभिन्न ठाउँमा मान्छेको जीवनमा ठूलो परिवर्तन ल्याएका दृष्टान्त छन् ।[28][29] नेपालमा जोखिममा रहेका समुदायको अधिकार संरक्षण गर्ने संविधान अनुमोदन भएपछि महिला तथा युवाहरूको आधारभूत स्वतन्त्रता सुनिश्चित गर्ने महत्वपूर्ण अवसर सिर्जना भएको छ । विशेषतः बहुसङ्ख्यक सीमान्तकृत पहिचान बोकेकाहरूका लागि यो महत्वपूर्ण अवसर हो । तर कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन नभई महिला र युवाहरू, त्यसमा पनि इन्टरसेक्सनल पहिचान भएकाहरूले मानव अधिकार, आधारभूत स्वतन्त्रता र नागरिक जीवनमा सहभागिताका लागि अझै चुनौती सामना गर्नुपर्छ ।

[27] NHRC Nepal, "Human Rights Approach to Sustainable Development Goals and The Process of Voluntary Review", October, 2020, https://www.nhrcnepal.org/uploads/publication/SDGs_HRBA_VNR_Book_compressed.pdf

[28] OHCHR, "Showcasing Human Rights Success in Daily Lives", January 18, 2019, https://www.ohchr.org/en/stories/2019/01/showcasing-human-rights-success-daily-lives

[29] UNDP, "15 Success Stories About The Achievements of Civil Society In The Development of Democracy And Human Rights In Ukraine", May 24, 2022, https://www.undp.org/ukraine/news/15-success-stories-about-achievements-civil-society-development-democracy-and-human-rights-ukraine

# अध्याय ४ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलका लागि चुनौती

सामाजिक–राजनीतिक परिवर्तन र त्यसपश्चात भएका कानुनी सुधारहरूले महिला, युवा र सीमान्तकृत समुदायलाई राहत प्रदान गरेका छन् । सामाजिक-राजनीतिक क्षेत्रहरूमा संस्थागतरूपमा सीमान्तीकृत समुदायहरूको उल्लेखनीय प्रतिनिधित्वका साथ उत्साहजनक सहभागिता देख्न सकिन्छ । यद्यपि, महिला, युवा र सीमान्तकृत समुदायको एउटा ठूलो हिस्सा अझै पनि विभेदकारी परम्परागत संरचनाअन्तर्गत प्रभावित भइरहेका छन् । उनीहरूको पहिचानका आधारमा परम्परागत संरचना वा प्रणालीहरूले महिला, युवा र सीमान्तकृतभित्रका विभिन्न व्यक्तिको सामाजिक अनुभवहरू मात्र समावेश गर्दैनन्, यी अनुभवलाई थप जटिल र चुनौतीपूर्ण पनि बनाउँछन् । यद्यपि, महिला, युवा र सीमान्तकृतको ठूलो हिस्सा कठोर र माफी नहुने परम्परागत संरचनाहरूमार्फत पीडा भोग्न बाध्य हुन्छन् । जसले उनीहरूका सामाजिक वास्तविकतालाई अन्तरसम्बन्धित पहिचानका आधारमा समेट्छ र जटिल बनाउँछ ।

अन्तरविच्छेदनको परिभाषाअनुसार लिङ्ग, नश्ल, यौनिकता र अन्य व्यक्तिगत पहिचानहरू एकसाथ मिसिन्छन् र अन्तरसम्बन्धित बन्छन् जसले ठूलो प्रकारको अन्याय र पक्षपातका स्वरूप समाजमा प्रतिविम्बित रहेको देखाउँछन् । यो प्रतिविम्ब लिङ्गवाद, नश्लवाद र विपरित लिङ्गीप्रति आकर्षित हुने (हेटेरोसेक्सुअल) पूर्वाग्रह जस्ता उत्पीडन र विशेषाधिकारका रूपमा देखिन्छ ।[30] उत्पीडन र विशेषाधिकार सन्दर्भ फरक हुँदा परिवर्तन हुन सक्छ भन्ने यसले मान्यता राख्छ भने सबै सीमान्तकृतहरूका अनुभव मिल्दो हुन्छ भन्ने बुझाइ रहन्छ ।[31][32] व्यक्तिलाई उसको बहुसङ्ख्यक पहिचानका आधारमा समग्ररूपमा पर्ने प्रभावका आधारमा भेदभाव महसुस गरिएको हुन्छ । यसको अर्थ कुनै एक पहिचानको आधारमा मात्र नभएर उसका विभिन्न पहिचानले उसलाई समग्रमा कसरी प्रभाव पार्छ भन्ने कुरा अन्तरविच्छेदनले ध्यान दिन्छ । यसरी पहिचानका विविध पक्षले एक व्यक्तिको दैनिक जीवनमा भेदभावको अनुभवलाई आकार दिन एकसाथ काम गर्छ । यसबाट हामी किन कुनै विशेष समुदायहरू अन्य भन्दा बढी विशेषाधिकार राख्छन् र किन त्यही समुदायभित्र पनि केही व्यक्ति अरू भन्दा बढी फाइदामा रहने वा पछाडि पर्ने भन्ने बुझ्न सक्छौँ । महिला, युवा र सीमान्तकृत समुदायहरूको अवस्था विश्लेषणका लागि विभिन्न प्रकारको पहिचानको समग्रताबाट उत्पन्न भएका व्यक्तिगत अनुभवहरू पहिचान गर्दै ऐतिहासिक, सामाजिक र राजनीतिक पृष्ठभूमिलाई विचार गर्न प्रतिच्छेदन दृष्टिकोण प्रयोग गर्नु महत्वपूर्ण भएको छ ।

## ४.१ महिला

### ४.१.क लैङ्गिकतामा आधारित हिंसा र विभेद

संविधानले महिलाको अधिकारलाई आधारभूत अधिकारका रूपमा सुनिश्चित गरेको छ । यसबाहेक नेपालमा घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन २०७१, मुलुकी अपराध संहिता २०७४ लगायतका थुप्रै ऐन लागु भएका छन् जसले लैङ्गिकतामा आधारित हिंसा र विभेदविरुद्धको अधिकार सुनिश्चित गर्छ तर लुम्बिनी प्रदेशमा बहुविवाह, घरेलु हिंसा र सम्बन्ध विच्छेद धेरैजसो भइरहने घटनाका रूपमा देखिन्छन् ।

**कम उमेरमा विवाह हुने अवस्थाहरु**

अध्ययनका क्रममा महिलाहरू अझै पनि घरेलु हिंसा तथा लैङ्गिक विभेदमा आधारित हिंसाको शिकार हुनुपरेको सबै जिल्लाका महिलाले बताए । राष्ट्रिय स्तरमा बाल विवाहका घटनामा कमी आएको भए पनि मधेसी र मुस्लिम समुदायमा बाल विवाह कायमै छ । तथापि पहाडी समुदायमा समेत बाल विवाहका केही घटना देखिन्छन् । गत वर्ष नेपालगन्जका स्थानीय पालिका तथा जिल्ला प्रशासन कार्यालयअगाडी जम्मा भएर मधेसी र मुस्लिम समुदायका व्यक्तिहरूले आफ्ना छोरीहरूलाई कम उमेरमै विवाह गर्न पाउने अधिकार हुनुपर्ने भनेर धर्ना दिएको समूहकेन्द्रित अन्तर्वार्ताका क्रममा सहभागीहरूले उल्लेख गरेका थिए । आफूहरूलाई यी माग जायज लाग्नुको पछाडि धेरै चुनौतीपूर्ण कारणहरू रहेको उनीहरूको विश्वास थियो ।

यी कारक तत्वहरूमा छोरी भएकै कारण उठाउनुपर्ने आर्थिक बोझ, छोराछोरीले आफैँ अन्तरजातीय विवाह गर्ने जोखिम, दाइजोको बढ्दो माग, छोरीलाई चाँडै कन्या दान गर्न चाहने बाबुहरूको इच्छा, विवाह नै ढिलो हुन सक्ने संभावना र सञ्चार तथा किशोर/किशोरी र युवाहरूले सामाजिक सञ्जालको दुरुपयोग गरेको जस्ता चिन्ता व्यक्त भएका थिए । बालबालिकाहरू पैसा तथा साइकल जस्ता केही वस्तुको प्रलोभनमा परेरसमेत बाल विवाहको प्रस्ताव स्वीकार गर्न सक्छन् । रोल्पा जिल्लाको सन्दर्भमा कम उमेरमै हुने विवाहका कारण भोग्नुपर्ने समस्याहरूबारे जानकार नहुँदा र छोराछोरी हुर्काउने क्रममा बाबुआमाले गर्ने बेवास्ता बाल विवाह हुने प्रमुख कारण थियो ।

अर्कोतर्फ कपिलवस्तु, दाङ र बाँके जिल्लामा दाइजोको प्रचलनले बाल विवाह हुनुमा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । यहाँ आफ्नो छोरीको बिवाहका लागि परिवारले ठूलो रकम खर्च गर्न बाध्य हुनुपरेको अनुमान गर्न सकिन्छ । केटी शिक्षित भएमा ऊ भन्दा बढी पढेको केटा खोज्नुपर्ने दबाबमा परिवार रहन्छ । बेहुलाको शिक्षाको स्तर र भविष्यका अवसर तथा संभावनाहरू जति बढी भयो, त्यति नै धेरै दाइजोको माग रहन्छ । कपिलवस्तुमा बस्ने अन्तर्वार्ताका एक सहभागीले आफूले छोरीको विवाह गर्नैका लागि भनेर पैसा जोगाउन खाडी मुलक गएर अत्यन्त जोखिमपूर्ण स्थितिहरू सामना गरेर काम गरेको बताए । उनले आफूले कमाएको सम्पूर्ण पैसा छोरीको विवाहमा

---

[30] Crenshaw K. 1991. *Mapping the margins: intersectionality, identity politics, and violence against women of color*. Stanford Law Rev. 1991;43(6):1241–99. https://doi.org/10.2307/1229039 Doi:citeulike-article-id:9698013 https://blogs.law.columbia.edu/critique1313/files/2020/02/1229039.pdf

[31] BMC, "'Doing' Or 'Using' Intersectionality¿ Opportunities And Challenges in Incorporating Intersectionality into Knowledge Translation Theory and Practice", August 21, 2021 https://equityhealthj.biomedcentral.com/articles/10.1186/s12939-021-01509-z

[32] EduBirdie, Experiences and Realities Used by Intersectionality to Understand Marginalised Groups and Individuals. (2022, March 18). Edubirdie. Retrieved August 22, 2023, from https://edubirdie.com/examples/experiences-and-realities-used-by-intersectionality-to-understand-marginalised-groups-and-individuals/

खर्च गरे । त्यसैले अहिले उनीसँग कमाएको कुनै पैसा बचत छैन । व्यक्तिहरूको जीवनमा बाल विवाहले गहिरो असर पार्छ । विशेषतः जब बालबच्चाको जिम्मेवारी लिन पूर्णरूपमा तयार नभइकन युवा,किशोर,किशोरी दम्पती/ बाबुआमा बन्छन् त्यतिबेला उनीहरू संभावित समस्याग्रस्त परिस्थिति सामना गर्न पुग्छन् ।

**नागरिकता प्राप्त गर्न लैङ्गिक पहिचानले पारेको अवरोध**

सांस्कृतिक तथा धार्मिक विचारधारा र अभ्यासहरूसँग जेलिएको महिलाको पहिचान र उनीहरूको समाजमा रहेका थप पहिचानका कारण महिलाको पीडा झन् जटिल बन्दै जान्छ । अरू महिला भन्दा हिन्दु महिलालाई तुलनात्मकरूपमा बढी स्वतन्त्रता रहेको बाँकेका महिलाको भनाइबाट महसुस हुन्छ । हिन्दु महिलालाई स्वतन्त्ररूपमा हिँडडुल गर्न र कार्यक्रमहरूमा सहभागी हुन सजिलो भएको उनीहरूलाई लाग्छ । अर्कोतर्फ मधेसी र मुस्लिम महिलाहरू अझै पनि संस्कृति र मूल्य/मान्यताको जालोमा बाँधिएका छन् । मानव अधिकारकर्मी मैमुना सिद्दिकीका अनुसार मधेसी महिला र विशेषगरी मुस्लिम महिलाहरू अझै पनि घरमै सीमित छन् र आफ्ना ससुरा र श्रीमान्को प्रत्यक्ष निगरानीमा रहन्छन् ।

घर-परिवारभित्र हुने लैङ्गिक हिंसा र भेदभावको प्रभाव सार्वजनिक स्थलसम्म फैलन्छ । विशेषगरी नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने कुरालगायत सूचना र प्राप्त हुनुपर्ने अधिकारहरूका सन्दर्भमा महिलामाथि रहेको प्रतिबन्ध जस्ता कुरामा यो देखिन्छ । उदाहरणका लागि मधेसी र मुस्लिम महिलाहरूले ढिलो गरी मात्र आफ्नो जीवनमा नागरिकताको प्रमाणपत्र प्राप्त गर्ने प्रवृत्ति देखिन्छ किनकि उनीहरूका बुबातर्फका परिवारलाई महिलालाई नागरिकता दिलाउनु श्रीमान्को जिम्मेवारी हो भन्ने लाग्छ । यसबाहेक छलफलका क्रममा उजागर भएको तथ्यका आधारमा नागरिकता प्राप्त गर्नका लागि दाइजो पनि एक कारक तत्व देखियो । दाइजो धेरै दिएको अवस्थामा महिलालाई चाँडै नै नागरिकता दिइएको छलफलका क्रममा जानकारीमा आएको थियो ।

समूहकेन्द्रित छलफलका क्रममा कपिलवस्तुका एक सहभागीले निराशा व्यक्त गर्दै भने– मुस्लिम महिलाका लागि जीवनको युवा अवस्था वा उत्तरार्ध जुनसुकै उमेरमा जीवन आशलाग्दो छैन। व्यावहारिक रूपमा हेर्दा नागरिकता विधेयकमा धेरै जटिलता छन् । बार एसोसिएसन नेपालगन्जका चित्रबहादुर शाहीले औंल्याएअनुसार नागरिकता ऐन संशोधन गर्न विधेयक आए पनि आफ्ना सन्तानलाई आफ्नै नाममा नागरिकता दिन चाहने महिलाका लागि कानुनी र व्यावहारिक जटिलता छन् ।

पितृसत्तात्मक मानसिकता र विदेशी पुरुषहरूलाई नागरिकता दिंदा आउने सक्ने सम्भावित परिस्थितिको डर र शङ्काले गर्दा राज्यले लामो समयसम्म महिलाको नाममा नागरिकता प्राप्त गर्न चाहनेहरूको आवेदनहरू किनारा लगायो ।  उदाहरणका लागि विवाह नगरी सन्तान जन्माउने महिलाले आफ्नो बच्चाका लागि नागरिकता दिन सक्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि इँटाभट्टामा काम गर्ने रोल्पाकी एक महिलाले आफ्नो छोराको नागरिकता बनाउन सकिनन् । अझ वादी समुदायमा पहिचान र नागरिकताको मुद्दा निकै जटिल छ ।[33]

पहिचानलाई प्रायः आत्मसम्मान र गर्व गर्ने विषयका रूपमा हेरिन्छ जसलाई नागरिकताले प्रमाणित गर्छ । तैपनि तल्लो तहमा रहेका वादी जस्ता उत्पीडित, शोषणमा परेका र भेदभावको शिकार भएका समुदायका लागि पहिचान एउटा बोझबाहेक केही होइन, जसलाई उनीहरू जीवनभर बोक्न बाध्य छन् । अध्ययनका क्रममा भेटिएका एक युवकको कथाले यसलाई थप प्रष्ट पार्छ ।

दाङमा बस्ने जिल्लास्तरीय एक खेलाडीले आफूले वादी पहिचानको भारी बोक्नुपरेको कथा सुनाइन् । उनका हजुरबा-हजुरआमा यौन पेसामा संलग्न थिए र उनीहरू नाचगान गर्दै विभिन्न ठाउँ घुम्थे । यही कारण उनीहरूलाई शङ्का गरिन्थ्यो र सम्भावित नैतिक पतन भएको दृष्टिकोणले हेरिन्थ्यो । उनीहरूको परिवारमा यो कार्य धेरै समयअघि नै रोकिएको थियो तर उनको पुर्खाको कामको यो बोझले आफ्नो जीवन थिचिएको उनी महसुस गर्छिन् । विभिन्न घटनाले समयक्रममा आफ्नो पहिचान उजागर गरिराख्ने हुँदा वादीका रूपमा आफ्नो सङ्घर्ष सधैँ जारी रहने  उनी महसुस गर्छिन् । होस्टेलमा बस्दा शिक्षकहरूले उनलाई राम्रो व्यवहार गर्थे तर जब उनका एक पुरुष शिक्षकले उनी खत्री क्षत्री (केसी) नभएर वास्तवमा वादी भएको थाहा पाए, उनले प्राप्त गरिरहेको राम्रो व्यवहारमा परिवर्तन हुन थाल्यो । उनले आमाको नाममा नागरिकता लिने व्यक्तिले भोग्नुपर्ने विभेदबारे पनि बताइन् । एक सहभागीले भने– पितृसत्ताका जराहरू यति धेरै बलिया छन् कि केही नीतिगत व्यवस्था गरेर मात्र यसलाई हटाउन सकिन्न ।

**लैङ्गिक पहिचानले द्वन्द्व प्रभावितहरूलाई थप जोखिम**

रोल्पाका सहायक क्याम्पस प्रमुख गोकर्ण पुन मगरले भनेअनुसार रोल्पामा द्वन्द्वमा प्रत्यक्ष संलग्न भएका वा द्वन्द्वबाट प्रभावित महिलाहरूलाई राम्रो नजरले हेरिँदैन । अझ अविवाहित महिलाका लागि अवस्था झन् जटिल बन्दै गएको छ । आफूहरूका लागि र विशेषगरी १० वर्ष लामो माओवादी सशस्त्र द्वन्द्वमा आफ्नो जीवनसाथी गुमाएकाहरूका लागि कुनै विशेष व्यवस्था नभएको यी महिला महसुस गर्छन् । पतिको अभावमा एकल महिलाले घरभित्र र बाहिर दुवै काम सम्हाल्नुपर्ने हुन्छ । वास्तवमा एकल महिला र विधवाहरूका लागि सकारात्मक धारणा विकसित भएको छैन । तिनीहरूलाई अझै पनि अशुभ प्राणीका रूपमा हेरिन्छ जसका कारण उनीहरू प्रायः शुभ कामहरूका बेला अलग्याइन्छन् ।

खजुरा नगरपालिकामा दलित समुदायबाट जितेकी पूर्वउपमेयरले छोरीको बिहेमा भोग्नुपरेको व्यवहारले एकल महिलालाई समाजले गर्ने व्यवहारको दृष्टान्त दिन्छ । कतिपय अतिथिले उनको उपस्थितिलाई अशुभ ठानेकाले उनीहरूले छोरीको कन्या दान अनुष्ठान नगर्न अनुरोध गरे । उनले यो आग्रहप्रति कडा आपत्ति जनाइन् । अविवाहित वादी महिलाका लागि उनीहरूले भोग्ने सीमान्तीकरण र अपमानको थप बोझले गर्दा अवस्था झनै चुनौतीपूर्ण बन्दै गएको छ ।

[33] Is a Hill Dalit community in Nepal. Badi are categorised under "Hill Dalit" among the 9 broad social groups, along with Damai, Sarki, Kami and Gaine by the Government of Nepal.

पितृसत्ताले समाजका सबै पक्षमा प्रभाव पारिरहेको छ । कानुनीरूपमा धेरै सुधार भएका छन् तर महिलाका सरोकारलाई सीमान्तीकृत गराइएका छन् । महिलाको सर्वाङ्गीण विकासका लागि अनुकूल वातावरण सिर्जना गर्न अधिकार प्राप्त अधिकारीहरू पूर्णरूपमा प्रतिबद्ध छैनन् । दाङकी महिला अधिकारकर्मी लक्ष्मी आचार्य, राष्ट्रिय मानव अधिकार आयोग, नेपालगन्जकी द्वारिका अधिकारी र फातिमा फाउन्डेसनकी मैमुना सिद्दिकीले यस्तै दृष्टिकोण प्रस्तुत गरे ।

महिलाको क्षमतामा सधैँ प्रश्न उठ्ने गरेको छ । निर्वाचित महिला नेतृहरूले महिलाको क्षमतामाथि निरन्तर शङ्का गर्ने र पुरुषले महिलाको निर्णय र क्षमता उल्टाउन प्रयास गरेको बताए । कपिलवस्तुको एक सरकारी विद्यालयकी शिक्षिकाले कार्यस्थलमा हुने विभेदबारे बताइन् । उनले कामको क्रममा प्रायः यात्रा गर्नुपर्थ्यो जसका लागि उनले अरूको सवारी साधनमा बसेर यात्रा गर्थिन् । यही आधारमा उनलाई अनैतिक काम गरेको आरोप लाग्थ्यो र शङ्कासमेत गरिन्थ्यो । कपिलवस्तुकी उपमेयर रीताकुमारी चौधरीले भनिन्– सर्वसाधारणले समेत महिला प्रतिनिधिलाई पुरुष भन्दा फरक ढङ्गले हेर्ने गर्छन्, हामीले आफ्नो क्षमतालाई निरन्तर प्रमाणित गर्नुपर्छ ।

**ओझेलमा परेका महिलाका मुद्दा र न्याय प्राप्तिमा ढिलाइ**

अध्ययन गरिएको क्षेत्रमध्ये विशेषगरी तराईका जिल्लामा महिला र बालिकाले हरेक दिन प्रत्यक्षरूपमा हिंसा अनुभव गरेका छन् । द्वन्द्वकालपछि सुरक्षा अवस्थामा सुधार भए पनि महिलामाथि बलात्कारलगायतका हिंसाका घटना बढ्दै गएका छन् । छलफलका क्रममा महिलामाथि भएका हिंसाका घटनामा पीडितहरू अझै न्यायको पर्खाइमा रहेका सहभागीले बताएका थिए । राजनीतिकर्मीको सहभागितामा हालै कपिलवस्तुमा १५ वर्षीया मुस्लिम बालिकालाई २ महिना भन्दा बढी समयसम्म पटक–पटक बलात्कार गरेको मानव अधिकार रक्षक रवि ठाकुरले जानकारी दिए । तर बालिकाले न्याय प्राप्त गर्न सकिनन् ।

त्यसैगरी डक्टरले नै बालिकामाथि यौन दुव्र्यवहार गरेको घटनामा पनि न्याय मिलेन । रोल्पामा एक बालिका आफ्नै बाबुबाट बलात्कृत भए पनि न्याय मिल्न सकेन । त्यसैगरी रोल्पामा घर-परिवारले नै एक युवतीलाई जलाएको आरोप लगाइयो जुन घटनामा पनि महिलाले न्याय पाइनन् । सोसल वेलफेयर एक्सन नेपाल (स्वान) का कृष्णकुमार चौधरीले उल्लेख गरेअनुसार कमलरीका रूपमा काम गरेका धेरै बालिका र महिला यौन हिंसा र दुव्र्यवहारको शिकार भएका थिए । यी पीडितहरू आज पनि न्यायको पर्खाइमा छन् । महिलाले प्रत्यक्षरूपमा त्यस्ता आक्रमण अनुभव नगरेको अवस्थामा पनि स्थानीय क्षेत्रमा हुने घटनाका साथसाथै सामाजिक सञ्जालमा सार्वजनिक गरिएका घटनाहरूका कारणले समेत असुरक्षाको भावना र आफूभित्र डर पैदा गर्ने गरेको बताए ।

दाङकी महिला अधिकारकर्मी लक्ष्मी आचार्यले भनिन्– हामीले लामो समयदेखि न्यायको पर्खाइमा रहेका कैयौँ मुद्दा सामना गरेका छौँ । यी घटनामध्ये यौन दुव्र्यवहार र बलात्कारका घटना समाधान गर्न विशेषरूपमा चुनौती छ । थप दैनिक जीवनका समस्यामा समेत न्याय दिनेतर्फ पर्याप्त ध्यान छैन । यसबाहेक, धेरै व्यक्तिसँग न्याय प्राप्त गर्नका लागि वित्तीय स्रोत अभाव छ । विशेषगरी सीमान्तकृत समुदायका लागि न्याय प्रणालीमा पहुँच स्थापित हुन सकेको छैन ।' माओवादी युद्धका बेला भएका यौन हिंसापीडितहरूका अवस्था चिन्ताजनक छ । सङ्क्रमणकालीन न्याय सुनिश्चित गर्न वि.सं. २०७१ मा सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोग गठन गरिएको थियो । तैपनि रोल्पाका जनता विशेषगरी महिलाले न्याय पाउने आशा गरेका छैनन् । रोल्पा सशस्त्र द्वन्द्वको केन्द्रविन्दु बनेको थियो र यहाँका महिला त्यस क्रममा बलात्कृत, यौन दुव्र्यवहार र यातनाको शिकार भएका थिए । कतिपयले बलात्कारको परिणामस्वरूप गर्भवती भई बच्चा नै जन्माए । यी महिलाले न न्याय पाएका छन् न त परामर्श, पुनस्र्थापना वा समाजमा पुनस्र्थापना जस्ता कुनै पनि प्रकारका सहयोग नै ।

सामाजिक कलङ्कको डरले उनीहरू न्याय खोज्न सक्दैनन् । यसबाहेक बलात्कारपीडितका छोरा/छोरीले नागरिकताको प्रमाणपत्र प्राप्त गर्न र सभ्य जीवन बिताउन कठिनाइको सामना गर्नुपरेको छ । राष्ट्रिय मानव अधिकार आयोग, नेपालगन्जका द्वारिका अधिकारीले औंल्याएअनुसार सशस्त्र द्वन्द्वका क्रममा पति वा छोरा बेपत्ता भएका महिलालाई असर गर्ने एकल महिला भत्ता जस्ता सामाजिक कल्याणका मुद्दा पनि छन् । सङ्क्रमणकालीन न्यायको प्रक्रियामा माथिल्लो तहदेखि तल्लो तहसम्म पुरुषहरूको संलग्नता थियो जसका कारण महिलाका मुद्दालाई किनारा लगाइयो– रोल्पाका मानव अधिकार अभियन्ता तीर्थ आचार्यले टिप्पणी गरे । रोल्पाका मेयर सुरेन्द्र थापाले भने– वास्तविक पीडित र नक्कली पीडित छुट्याउन गाह्रो छ । तिनीहरू अवैध प्रमाणका साथ आउँछन्, त्यसैले यसलाई प्रमाणित गर्न गाह्रो छ । यहाँ धेरै शहीदहरू वास्तविक छैनन् ।

स्थानीय तहको न्यायिक निकाय भनेर चिनिने ३ सदस्यीय न्यायिक समितिको नेतृत्व नगरपालिकामा उपमेयर र गाउँपालिकामा उपाध्यक्षले गर्छन् जसले निर्धारित विवादहरूमा न्याय निरूपण गर्छन् । अध्ययनको कार्यक्षेत्रमा रहेका न्यायिक समितिले गर्नुपर्ने कामहरूमा उनीहरू सीमित भएका थिए । सुरुमा धेरै महिला न्यायिक समितिको बारेमा अनभिज्ञ थिए । अनि जो यसका बारेमा जानकार थिए उनीहरूले आफ्नो समस्या आपसमा समाधान गर्न रुचाए । यसको मुख्य कारण राजनीतिक संलग्नताका आधारमा निर्णय हुने भएकाले यस्तो समितिप्रति अविश्वास हुनु हो । रोल्पाको एउटा घटनाले यो कुरा पुष्टि गर्छ । पहिलो श्रीमतीबाट ३ सन्तान भएका एक व्यक्तिले विदेशबाट फर्किएपछि अर्की महिलासँग विवाह गरे । पहिलो श्रीमतीले न्यायिक समितिमा निवेदन दिइन् तर न्यायिक समितिले श्रीमान्कै पक्ष लिँदै पक्षपाती व्यवहार प्रदर्शन गर्यो किनभने उसको राजनीतिक संलग्नता थियो । फलस्वरूप राजनीतिक प्रभावस्वरूप महिलालाई उनले पाउने न्यायको अधिकारबाट वञ्चित गराइयो ।

रोल्पाका समूहकेन्द्रित छलफलका एक सहभागीले उल्टै सोधे– न्यायिक समिति राजनीतिक मान्छेहरूले भरिएको छ । तिनीहरू कसरी निष्पक्ष हुन सक्छन् ? निष्पक्ष र तटस्थ न्याय निरुपणका लागि जिम्मेवार सबै व्यक्तिहरू कुनै न कुनै रूपमा राजनीतिक दलहरूसँग सम्बन्धित छन् । यस्तो अवस्थामा स्वतन्त्र र निष्पक्ष सुनुवाइ कसरी हुन सक्छ ?' कपिलवस्तुकी अर्की सहभागीले भनिन्– ३–४ जना पुरुष भेला भएर सम्झौता गर्न सल्लाह दिन्छन् । उनीहरूले पारिवारिक समस्या समाधान गर्नका लागि सम्झौता गर्नुहोस् भन्नुको अर्थ महिलालाई तल पार्नु हो । यो भनेको पुरुषको वर्चस्व स्वीकार गर्नुहोस् भनेको हो ।' रोल्पाका महिला नयाँ शासन संरचनाले पनि महिलाका समस्या ओझेलमा पारेको महसुस गर्छन् । विगतमा महिला तथा बालबालिका विकास कार्यालय स्थापित थियो जसले महिलालाई विभिन्न कार्यक्रममा आमन्त्रित गर्ने गथ्र्यो । अहिले भने एउटा मात्र विभाग छ जसलाई धेरै अन्य जिम्मेवारी पनि तोकिएका कारण महिलाका मुद्दामा कमै मात्र ध्यान दिने गर्छ ।

### ४.१.ख शिक्षा, स्वास्थ्य र आर्थिक अवसरहरूमा असमान पहुँच

**शिक्षाको अवस्था**

नेपालमा साक्षरता दर निरन्तर बढ्दै गइरहेको छ[34] र अनुसन्धान गरिएका क्षेत्रहरूका शैक्षिक संस्थाहरूमा बालिका र महिलाको उपस्थिति पहिले भन्दा बढ्दो छ। यद्यपि अन्तर्विच्छेदित पहिचान भएका धेरै महिला, त्यसमा पनि विशेषतः पुराना पुस्ताले शिक्षा प्राप्त गर्न चुनौती सामना गर्छन्। अनुसन्धानमा सहभागी पुराना पुस्ताका धेरै महिला साक्षर थिएनन्। यसको प्रभाव उनीहरूको दैनिक जीवनमा परेको थियो। उदाहरणका लागि उनीहरू ठूला शहरहरूमा यात्रा गर्न अवरोध सामना गर्थे जसले गर्दा उनीहरूको गतिशीलता प्रभावित भएको थियो। यो कसैका लागि आत्मसम्मानको कुरा पनि हुन्छ किनभने समाजले नपढेका वा अशिक्षित व्यक्तिलाई तुच्छ दृष्टिकोणले हेर्दै विभेद गरेको हुन्छ। रोल्पाको समूहकेन्द्रित छलफलका एक सहभागीले भने– शिक्षाका लागि स्वतन्त्रता चाहिन्छ र स्वतन्त्र हुन शिक्षा।

धेरै बालिका खराब आर्थिक अवस्थाका कारण विद्यालय जान सकेका थिएनन्। केही भने पशुहरू रेखदेख गर्नका लागि गोठमा बस्नुपर्ने गोठ प्रथा जस्ता परम्परागत चलनका कारण शिक्षाको अधिकारबाट वञ्चित भएका थिए। अझ मुस्लिम महिलाले कामकाजको भाषा नबुझ्ने हुँदा र प्रतिबन्धात्मक सांस्कृतिक अभ्यासहरूका कारण सरकारी सेवाहरू लिन लागि अप्ठ्यारो सामना गर्नुपर्थ्यो जुन कुरा फतिमा फाउन्डेसनका मैमुना सिद्दिकीले बताए।

**स्वास्थ्यमा पहुँच**

सरकारी तथा गैरसरकारी संस्थाहरूले गरेका विभिन्न पहलका कारण महिलाको स्वास्थ्य सेवाको पहुँचमा सुधार भएको छ। तर अहिले पनि महिलाहरूले यी सेवा प्राप्त गर्न अवरोध सामना गर्छन्। महिनावारीका समयमा घरबाट अलग्याएर छुट्टै राख्ने परम्परागत अभ्यासहरू अनुसन्धानका सबै क्षेत्रमा कायम नै छ जसमा छाउपडी[35] का घटना रोल्पामा समेत धेरै पाइन्छ। प्रतिबन्धात्मक सांस्कृतिक अभ्यासहरूका कारण महिलाहरू प्रजनन् स्वास्थ्यका सेवाहरू प्राप्त गर्न चुनौती सामना गर्छन्। जस्तै– मानव अधिकारकर्मी मैमुना सिद्दिकीका अनुसार मुस्लिम महिलाहरूसँग नागरिकता नहुँदा र प्रतिबन्धात्मक सांस्कृतिक अभ्यासहरूका कारण उनीहरू मातृत्व सेवा पाउन र बच्चाहरूका लागि खोप लगाउन सकेका थिएनन्। सरकारले गर्भवती अवस्थामा कम्तीमा ८ पटक चिकित्सकलाई भेट्नुपर्ने व्यवस्था गरेको छ। तथापि, मुस्लिम महिलाहरू सुत्केरी गराउनका लागि मात्र अस्पताल जाने गर्छन्। दुर्गम जिल्ला रोल्पाका महिलासँग भने आधारभूत स्वास्थ्य सेवामा समेत पहुँच थिएन। यसैगरी वादी महिलाहरू कुपोषित हुने र प्रजनन् स्वास्थ्यसँग सम्बन्धित समस्याबाट प्रभावित भएका हुन्छन्।

**रोजगारीको अवस्था**

विशेषगरी पुरुषहरू कामका लागि विदेशिने अवस्थामा घरमा पुरुष सदस्य नहुँदा महिलाहरू विशेषतः कृषि कार्यमा संलग्न भएका हुन्छन्। तर कृषि औजारहरू महिलामैत्री नहुनु र कठिन शारीरिक परिश्रम गर्नुपर्ने हुँदा उनीहरूको शरीरमा नकारात्मक प्रभाव पारेको कपिलवस्तुका महिलाले बताए। साथै सबै समुदायमा ज्यालामा असमानतासमेत व्याप्त छ। दिनदिनै ज्यालादारीको काममा जाने महिलाहरूले कम ज्याला पाउनुका साथै समयमै ज्याला नपाउने समस्यासमेत भोग्छन्। साथै ज्यालादारीको काम सधैँ पाइँदैन जसका कारण यो निरन्तर आम्दानीको स्रोत हुँदैन। बाँकेका केही महिला सहभागीले आफूहरू दाउरा र घाँस सङ्कलन गरेर बेच्ने गरेको तर यसबाट खासै आम्दानी नहुने बताए।

खासगरी बाँके जस्ता जिल्लामा विषम मौसमी अवस्थाले कृषि मजदूरलाई खेतमा काम गर्न निकै कठिन बनाउँछ। साथै सरकारको संरक्षण नीतिहरूका कारण वनबाट घाँस, दाउरा आदि सङ्कलन गर्न अप्ठ्यारो छ। उमेर हदको व्यवस्थाले जागिरको सम्भावना सीमित बनाउने हुँदा वृद्ध, एकल र भूमिहीन महिलाका लागि रोजगारी खोज्नु अझ चुनौतीपूर्ण छ।

जिल्लामा सीमित अवसरका कारण कतिपय अवस्थामा रोल्पाका महिला तथा किशोरीहरू इँटा भट्टामा काम गर्न बाध्य छन् जहाँ उनीहरू असुरक्षित वातावरणमा काम गर्न बाध्य हुनुपर्छ। रोल्पाका मानव अधिकारकर्मी तीर्थ आचार्यले उल्लेख गरेअनुसार घर-परिवारको नेतृत्व गर्ने एकल महिलाका बच्चाहरू हेरचाह गर्ने कोही नहुँदा उनीहरूका बालबालिकाको जोखिम बढ्छ। साथै वैदेशिक रोजगारीमा जाने धेरै महिलाले दुःख पाएको र घरबार बिग्रिएको पीडादायी कथा सुनाएका छन्। उदाहरणका लागि, बाँकेकी एउटी महिला आफ्नी छोरीलाई घरमा छाडेर काममा निस्किइन्। आफू विदेशको चुनौतीपूर्ण काममा अभ्यस्त हुन प्रयास गर्दै गर्दा श्रीमान्को अर्की महिलासँग सम्बन्ध भएका कारण श्रीमान्ले सम्बन्ध विच्छेद गर्नैका लागि फर्किन दबाब दिँदै मानसिक यातना दिए। जब उनी फर्किइन्, उनको घरको स्थितिमा खासै सुधार भएको थिएन। उनी अहिले पतिबाट अलग भएर बस्छिन् र बचत सकिएका कारण आर्थिक कठिनाइ सामना गरिरहेकी छिन्।

[34] नेपालको ।क्षरता दर ७६.३ प्रतिशत पुगेको छ, २४ मार्च २०२३ https://myrepublica.nagariknetwork.com/news/nepal-s-literacy-rate-rises-from-65-9-to-76-3-percent/

[35] Tradition of monthly isolation during menstruation practiced mostly in Mid and Far Western sides of the country https://www.actionaid.org.uk/our-work/period-poverty/chhaupadi-and-menstruation-taboos#:~:text=Chhaupadi%20is%20an%20ancient%20tradition,bad%20luck%2C%20or%20ill%20health

### ४.१.ग निर्णय प्रक्रियामा सीमित प्रतिनिधित्व

सरकार तथा प्रशासनमा महिलाको उपस्थिति बढ्दो छ । तथापि, समाजमा जरा गाडेर बसेको पितृसत्ता र महिलामाथि हुने विभेदले गर्दा सुधार गर्नका लागि लिइएका लक्ष्यहरू र यिनीहरूको वास्तविक कार्यान्वयनबीच गहिरो खाडल देखिन्छ । शक्ति संरचनामा कुनै प्रकारको ठोस परिवर्तन नहुँदा महिलाको प्रतिनिधित्व साङ्केतिक जस्तो मात्रै देखिन्छ । केही  महिला प्रतिनिधिका रूपमा निर्वाचित त भए तर उनीहरूको कार्यालयको वास्तविक काममा उनीहरूका श्रीमान्को नियन्त्रण देखिन्थ्यो । हामी कपिलवस्तुको भ्रमणका रहेकै बेला तौलिहवा नगरपालिकाका उपमेयरका श्रीमान्ले स्थानीय सरकारका कर्मचारीसँग अभद्र व्यवहार गरेका व्यवहारबाट पनि यो कुरा झल्किन्थ्यो । यसको प्रतिक्रियास्वरूप कर्मचारीहरूले विरोध प्रदर्शन गरे र केही समयका लागि सेवा प्रवाहसमेत अवरूद्ध गरेका थिए ।

महिलासँग संविधानप्रदत अधिकार भए पनि पितृसत्ता र शक्तिमा भएका व्यक्तिहरूले कसरी यो अधिकारलाई आफू अनुकूल प्रयोग गर्छन् भन्ने कुरा यसले देखाउँछ । जसको परिणामस्वरूप सीमित पहुँच र महिलाको अर्थपूर्ण सहभागितामा कमी भएको देखिन्छ । छलफलका क्रममा रोल्पाका एक सहभागीले बताएअनुसार स्थानीय तहको अध्यक्ष र उपाध्यक्ष फरक फरक दलको भएमा महिलालाई पूर्णरूपमा पन्छाउने काम गरिन्छ । अझ पुरुषहरू शक्ति र निर्णायक तहमा भएका कारण उनीहरूले सक्षम महिलालाई उम्मेदवारको टिकट दिँदैनन् । साथै यदि महिलाहरू शक्ति भएको पदमा पुग्छन् भने पनि उनीहरूको बजेट विनियोजन गर्ने जस्तोमा भूमिका कमै रहन्छ ।

नेपालको राजनीति र राजनीतिक दलहरू पनि पितृसत्ताबाट विमुख छैनन् । महिलाहरू कसरी राजनीति र शक्तिबाट पछाडि पारिन्छन् र सीमान्तकृत बनाइन्छन भन्ने कुराको एउटा गतिलो उदाहरणका रूपमा दुई प्रमुख दलको भर्खरको गठबन्धनलाई लिन सकिन्छ । राष्ट्रिय मानव अधिकार आयोग, नेपालगन्जका द्वारिका अधिकारी भन्छन्– बाँकेमा गठबन्धनका कारण मेयर र उपमेयर दुवै जना पुरुष छन् । त्यसैले यस्तो अवस्थामा महिलाहरू आफ्ना मुद्दा उठाउन खासै सहज मान्दैनन् ।

महिला सहभागीहरूले आफ्ना अधिकार र आधारभूत स्वतन्त्रताबारे थौरै मात्र जानकारी भएको बताए । स्थानीय, प्रदेश र सङ्घीय सरकारमा प्रतिनिधित्व हुँदासमेत महिलाहरू अर्थपूर्ण सहभागिता र निर्णायक तहको पद प्राप्त गर्न अझै किन सङ्घर्ष गर्दैछन् भन्ने कुरा यही सचेतनामा भएको कमी हो भन्नेमा उनीहरूको विश्वास छ । अनुसन्धान गरिएका सबै ठाउँमा अर्को कुरा के देखियो भने आवश्यक तथा समयमै सूचना नपुग्दासमेत अर्थपूर्ण सहभागिता र प्रतिनिधित्व हुन सकेको थिएन । उदाहरणका लागि रोल्पामा स्थानीय सरकारले फेसबुकमार्फत सूचना दिने गर्छन् तर सीमितरूपमा  डिजिटल वा अन्य प्रकारको शिक्षा भएका महिलाहरूका लागि यो चुनौतीपूर्ण हुन्छ । यो कुरा मुस्लिम महिलाहरूमा पनि लागु हुन्छ जसको गतिशीलतामा रोक लगाइएको हुन्छ र साधारणतया मदरसा वा धार्मिक विद्यालयमा पढ्न पठाइन्छ ।

यसले उनीहरूको विभिन्न कार्यक्रममा हुनुपर्ने सहभागितामा अवरोध पुर्याउँछ  । जसले गर्दा स्थानीय सरकारले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूको सूचना र पहुँचबाट वञ्चित हुन्छन् । धैरैजसो महिलाले आफ्ना लागि  विनियोजन भएको बजेट, विनियोजन गर्ने प्रक्रिया र बजेट विनियोजन भएका शीर्षक वा कार्यक्रमहरूबारे अनभिज्ञता प्रकट गरे । केही कार्यक्रमहरू जस्तै तालिमहरू महिलाप्रति लक्षित थिए भने महिलाका लागि छुट्याइएको धैरैजसो बजेट भने पूर्वाधारको क्षेत्रमा खर्च गरिएको थियो ।

सुनिल स्मृति गाउँपालिकाका एक वडा अध्यक्ष अविलाल बस्नेत भन्छन्– बजेट निकै कम छ । महिला, दलित तथा सीमान्तकृत समुदायहरू मिश्रित समुदायमा बस्छन्, त्यसैले हामीले बजेट बाटो निर्माणका लागि प्रयोग गर्‍यौँ जसले महिला र सीमान्तकृत समुदायलाई समेत फाइदा पुर्याउँछ पु ।

## ४.२ युवा

देशको राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरण र परिवर्तनका लागि युवाहरू अग्रपङ्क्तिमा छन् । नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका कुल जनसङ्ख्या ४०.३ प्रतिशत छ ।[36]   युवाहरूमा राष्ट्र, राष्ट्रियता र जनताप्रतिको बफादारी, युवाहरूका आधारभूत आवश्यकताहरूको परिपूर्ति, लोकतान्त्रिक मूल्य/मान्यता, भाषा र वातावरणीय सम्पदाको संरक्षण र सम्वर्धन तथा सहअस्तित्व जस्ता आधारभूत मूल्य/मान्यताको प्रवद्र्धन हेतु राष्ट्रिय युवा नीति २०६६ तर्जुमा गरिएको हो । यसको ५ वर्षपछि राष्ट्रिय युवा नीति २०७२ पारित गरियो जसलाई अघिल्लो नीतिले दिशानिर्देश गरेको थियो । नीतिले उच्च माध्यमिक तहको शिक्षालाई निःशुल्क बनायो भने शिक्षालाई वैज्ञानिक, व्यावहारिक र सिपमूलक बनाउँदै श्रमसँग आबद्ध गरी उच्च शिक्षापश्चात् जीविकोपार्जन गर्न सक्षम बनाइने लक्ष्य लियो । युवाको विकास तथा परिचालनका लागि सरकारले वि.सं. २०६५ मा युवा तथा खेलकुद मन्त्रालय स्थापना गरेको थियो । राष्ट्रिय युवा नीति २०७२ ले युवाको नेतृत्व तथा क्षमता विकास, उद्यमशीलता तथा स्वरोजगार प्रवर्धन र समृद्ध राष्ट्र निर्माणमा युवाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने लक्ष्य लिएको थियो । स्वरोजगार प्रवर्धनका लागि युवा स्वरोजगार कोषसमेत स्थापना गरिएको थियो ।

यसका बाबजुद पनि विश्व युवा विकास सूचकाङ्कमा नेपाल १४५औँ[37]  स्थानमा छ । नेपालको युवा विकास सूचकाङ्क दक्षिण एसियाका मुलुकसँग तुलना गर्दा पनि कमजोर देखिएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनका अनुसार पूर्ण बेरोजगारी दर १९.२ प्रतिशत र आंशिक बेरोजगारी दर २८.३ प्रतिशत छ । नेपालको करिब ३६ प्रतिशत युवा जनसङ्ख्या आर्थिक उत्पादन र सिप विकासबाट विमुख छ । यस समूहभित्र पनि विशेषगरी सीमान्तकृत व्यक्तिहरू, अल्पसङ्ख्यकहरू, आदिवासी समुदायहरू र युवाहरूमा बेरोजगारी दर उच्च छ ।

---

36 UNFPA, "For Young People, By Young People", August 12, 2023, https://shorturl.at/amwxy

37 The Commonwealth, "Youth Development Index (YDI), Accessed September 5, 2023 https://thecommonwealth.org/innovation/youth-development-index

**४.२.क. दबाइएका युवा आवाज र शासन प्रक्रियामा सीमित सहभागिता**

युवाहरूले आफ्नो उमेरका कारण आफ्नो अधिकार पूर्णरूपमा प्रयोग गर्न भेदभाव र अवरोधहरू सामना गर्छन् जसले उनीहरूलाई मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको उपभोगमा रोक लगाउँछ । विशेषगरी युवा महिलाहरूले शिक्षा, खाद्य सुरक्षा र प्रजनन् अधिकार कुण्ठित गर्ने पितृसत्तात्मक सांस्कृतिक मान्यताका कारण जोखिम सामना गर्छन् । सार्वजनिक र निजी दुवै क्षेत्रमा भइरहेको युवा संलग्नतालाई लिएर युवाहरूले नै असन्तुष्टि व्यक्त गर्छन् । उनीहरूका अनुसार स्थानीय सरकारमा सहभागिता अत्यन्तै सीमित र प्रतिबन्धात्मक छ । उनीहरूलाई स्थानीय सरकारका गतिविधिबारे राम्ररी जानकारी नै छैन र जिल्लाहरूमा युवाकेन्द्रित कार्यक्रम एकदमै कम हुने गरेका छन् ।

युवाले स्थानीय तहको सरकारमा उच्च स्तरको पक्षपात भोगेका छन् । प्रायः सत्तामा रहेका राजनीतिक दलसँग नजिकका युवालाई मात्र काम वा ठेक्का दिने गरिन्छ । यसले कामको गुणस्तर र सेवा प्रवाह क्षमता घटाउँछ र भ्रष्टाचार बढाउँछ । साथै परियोजनाहरूको गुणस्तर घटाउने गर्छ । समूहकेन्द्रित छलफलका सबैजसो युवाले राजनीतिक दलहरूले युवालाई चुनावमा प्रयोग गर्ने र पछि बेवास्ता गरेर उनीहरूको दुरुपयोग गर्ने गरेका बताए । दाङ र बाँके जस्ता कतिपय ठाउँमा आफ्ना लागि छुट्याइएको रकम हिनामिना र भ्रष्टाचार हुँदा युवाहरू निराश पनि छन्। युवा नेतृत्व गर्न सक्षम भए पनि उनीहरूको उमेर तथा अनुभवमा हुने कमीका कारण राजनीतिक दलहरू उनीहरूलाई वास्तविक शक्ति हस्तान्तरण गर्न इच्छुक छैनन् । रोल्पाका युवालाई स्थानीय विकास र अन्य पहलमा सहभागी हुने इच्छा भए पनि उनीहरूलाई बारम्बार 'तपाईंको हैसियत के छ ?' भनेर सोधपुछ गर्ने कारण स्थानीय सरकारी कार्यालय जान वा सेवा लिन जानबाट युवाहरूलाई निरूत्साहित गरिएको छ । फरक दलका व्यक्तिहरू भएमा उनीहरूलाई बेवास्ता गरिन्छ जसले गर्दा चारैतिर निराशा व्याप्त छ ।

समूहकेन्द्रित छलफलमा कपिलवस्तुका एक सहभागीले सुनाएअनुसार सरकारले राष्ट्रिय युवा नीति र २०३० का लागि युवा भिजनलाई प्राथमिकता दिएको छैन । त्यसैगरी स्थानीय सरकारले युवाको आवश्यकतालाई स्थानीय परिवेशमा मिलाउन सकेको छैन । पार्टीगतरूपमा युवा विभाजित रहेकाले उनीहरूको एकतामा बाधा पुगेको छ । नरैनापुर, नेपालगन्ज र कोहलपुर जस्ता नगरपालिकाले धेरै वर्षदेखि युवा रणनीति मस्यौदा तयार गरेका छन् तर ती अझै अनुमोदन हुन सकेका छैनन् । अहिले स्थानीय क्षेत्रमा युवाहरूको सहभागिता लगभग घटेको छ । थपरूपमा, अधिकांश युवा आफ्नो बासस्थानबाट टाढा भएकाले उनीहरूको सहभागिता सुनिश्चित गर्न सकिँदैन ।

गाउँमा युवा नै नभएको अवस्थामा युवाको सार्थक सहभागिता कसरी हुन सक्छ ? सक्ने जति अमेरिका, अस्ट्रेलिया, जापान, क्यानडा जान्छन्, नसक्नेहरू साउदी, कतार वा भारतका विभिन्न शहर जान्छन् भने बाँकी युवा पछाडि परेका छन् । युवाहरूका लागि कुनै दिगो योजना छैन'– समूहकेन्द्रित छलफलमा रोल्पाका एक सहभागीले भने ।

कार्यक्रममा सहभागीमध्ये केही युवा र राष्ट्रिय स्वतन्त्र पार्टी दाङका एक युवा नेताले गतिरोध वा अहिलेको दलदलबाट बाहिर निस्कने सबै भन्दा ठूलो उपाय युवाहरू राजनीतिमा लाग्नु भएको बताए । उनले भने– 'युवामा धेरै  संभावना छ, प्राविधिकरूपमा शिक्षित छन्, प्राविधिक विकास भएको छ र विकसित देशमा कसरी काम हुन्छ भन्ने बुझाइ छ ।' मेयर बालेन (काठमाडौं) निर्वाचित भएर आउनु युवाका लागि स्मरणीय बनेको छ

**४.२.ख.  गुणस्तरीय शिक्षा, रोजगारी र व्यक्तिगत विकासका लागि अवरोध**

**शिक्षा – वित्तीय अवरोध, सीमित छात्रवृत्ति र नियमित शिक्षक अभाव**

नेपालको संविधानले शिक्षाको अधिकार सुनिश्चित गरेको छ भने युवा नीतिले १२ कक्षासम्मको विद्यालय शिक्षा सुनिश्चित गर्छ तर पनि युवालाई शिक्षा प्राप्त गर्न धेरै अवरोधहरू छन् । आधारभूत शिक्षा सैद्धान्तिकरूपमा निःशुल्क भए पनि व्यावहारिकरूपमा यो कार्यान्वयन भएको अनुभूति गर्न कठिन छ । विशेषगरी कम आय भएका परिवारले छोराछोरी पढाउन आफ्नो क्षमता भन्दा उच्च लागतको सामना गर्नुपर्छ किनभने शिक्षासँग जोडिएर आउने अतिरिक्त खर्च यी परिवारले जोहो गर्नुपर्छ । बाँकेकी एक स्थानीय एकल महिलाले बताएअनुसार उनको बच्चा पढ्ने विद्यालयले पोशाक र किताबका लागि भनेर ५०० देखि ६०० रुपियाँसम्म लिने गर्छ जुन उनी जस्ता न्यून आय भएका घर-परिवारले जुटाउनै गाह्रो छ ।

नियमित आम्दानी नभएका र न्यून आय आर्जन गर्ने परिवारका धेरै बालबालिका विद्यालय जान सक्दैनन् । समुदायका केही युवाले छात्रवृत्ति वा अन्य सहयोग नहुँदा आफूले चाहेको शिक्षा हासिल गर्न नसकेको बताएका छन् । उनीहरूका अभिभावकले पढाइ खर्च तिर्न सक्दैनन् । जसले गर्दा तिनीहरूले पढ्नका लागि काम गर्नुपर्छ र कहिलेकाहीँ आर्थिक कठिनाइको अवस्थामा परिवारबाट पर्याप्त आर्थिक सहयोग नपाउँदा तिनीहरूले पढाइ बीचमै छाड्नुपर्छ । सीमान्तकृत समुदायका बालबालिका र युवाहरूका छात्रवृत्ति भए पनि ती सीमित छन् । रोल्पा नगरपालिकाले छात्रवृत्ति प्रदान गर्छ तर झन्झटिलो प्रक्रिया र पक्षपात गर्ने कारण छात्रवृत्तिमाथि लक्षित समुदायको पहुँच पुग्नै गाह्रो छ । कपिलवस्तुका दलित सहभागीले स्थानीय सरकारबाट छात्रवृत्तिका लागि सिफारिस पाउन साँच्चै गाह्रो भएको बताए । यसका साथै लुम्बिनी प्रदेश सरकारले पनि मधेसी कोटाबाट दिने गरेको छात्रवृत्ति बन्द गरेको छ।

सरकारले समयमै शिक्षक नियुक्त नगर्दा पनि करारका शिक्षकसम्बन्धी समस्या झनै बढेको छ । विद्यालयले अभिभावकलाई रकम तिर्न लगाएर करार शिक्षकको अतिरिक्त खर्च व्यवस्थापन गर्छ । ग्रामीण रोल्पामा करार शिक्षकको तलबका लागि प्रत्येक घर-परिवारले मासिक २ हजार ५०० रुपियाँ तिर्नुपर्थ्यो । यो सीमान्तकृत समुदायका लागि थप बोझ हो र कतिपयले यी खर्च पूरा गर्न ऋणसमेत लिनुपरेको बताए । स्थानीय सरकारले सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको सूची तयार गरेर त्यही रकमबाट अग्रिम २ हजार ५ सय रुपियाँ कट्टा गर्ने गरेको छ । निर्वाचित नेताहरूले शिक्षकहरूको तलब व्यवस्थापन गर्ने वाचा गरेका थिए तर त्यो वाचा अझै पूरा गरेका छैनन् ।

विद्यालयमा हुने अतिरिक्त खर्चले शिक्षामा पहुँच प्राप्त गर्नका लागि विशेषगरी सीमान्तकृत समुदायका लागि बाधा सिर्जना गर्छ । कपिलवस्तुको नेटवा (नटुवा वा नटसमेत भनिने) समूह केन्द्रित छलफलका क्रममा एक युवकले झुत्रो लुगा लगाएको र पुरानो स्कुल झोला बोकेको छोरालाई औंल्याउँदै भने– शिक्षा निःशुल्क होला तर के मेरो छोराले विद्यालय जानका लागि उपयुक्त पोशाक लगाएको छ ? विद्यालय जान पोसाक र शैक्षिक सामग्रीहरू चाहिन्छ तर दैनिक आवश्यकताका लागि नै सङ्घर्ष गरिरहेका हामीले कसरी त्यो खर्च गर्न सक्छौँ ?' गरिबी र सीमान्तीकरणले शिक्षा पाउन बाधा खडा गर्छ । बाँकेमा अस्थायी बसोबासबाट बिस्थापित भएका विपन्न समुदाय अहिले राजमार्गको छेउमा बस्दै आएका छन् । विद्यालय पुग्न लामो दूरीको यात्रा गर्नुपर्ने हुँदा अन्य जोखिमसँगै उनीहरू बालबालिकाको शैक्षिक अधिकारसँग पनि सम्झौता गर्न बाध्य छन् ।

अन्य क्षेत्रमा जस्तै यस क्षेत्रका विद्यालय र कलेज जस्ता शैक्षिक संस्थाहरू पनि राजनीतिक हस्तक्षेपबाट प्रभावित छन् जसले गर्दा शिक्षकको गुणस्तरमा कमी र शिक्षाको स्तर कम रहेको पाइन्छ । शिक्षकहरूको नियुक्ति सरकारबाट भए पनि राजनीतिक संरक्षण र पर्याप्त अनुगमनको अभावले निजी विद्यालयहरूलाई सहज भएको छ । अझ थप, शिक्षकरूको तालिममा अपर्याप्त लगानी र प्रोत्साहनको कमी छ । बाँकेमा सरकारले पर्याप्त सङ्ख्यामा शिक्षक नियुक्त गर्न नसकेपछि स्थानीय विद्यालयले बालबालिकाको खानाका लागि छुट्याइएको बजेट खर्च गरेर शिक्षक नियुक्त गर्न थालेका छन् । धेरै युवा विद्यालयहरूले प्रदान गर्ने शिक्षाको व्यावहारिक पक्षमाथि प्रश्न गर्छन् भने उपयोगी तथा आवश्यक सिप वा व्यावहारिक ज्ञान प्रदान गर्न नसकेको ठान्छन् । राष्ट्रिय मानव अधिकार आयोग बुटवलका सोमनाथ सुवेदीका अनुसार सरकारसँग शिक्षाको गुणस्तर अनुगमन गर्ने प्रभावकारी संयन्त्र अभाव छ जसले गर्दा बालबालिका र युवाहरूले फरक फरक शैक्षिक गुणस्तर प्राप्त गरिरहेका छन् ।

रोल्पाका एक युवाले विद्यालय तथा कलेजको पाठ्यक्रममा आधारभूत स्वतन्त्रता, नागरिक स्थल, नागरिक भूमिका तथा दायित्वबारे सीमित जानकारी मात्र समेटिएको बताए । युवाहरूको अधिकार र कर्तव्यबारे सचेतना नहुनुमा यसले समेत योगदान दिएको हुन सक्छ । स्थानीय वा प्रदेश सरकारका गतिविधिहरूबारे छलफल गर्न वा सक्रियरूपमा सहभागिता जनाउनका लागि ठाउँ छैनन् । अझ, सांस्कृतिक परम्परा र घरेलु जिम्मेवारीले समेत शिक्षाको अधिकारलाई कुण्ठित गरिरहेका छन् । रोल्पामा 'गोठ प्रथा' भनेर चिनिने चलन छ जहाँ परिवारहरूले घरबाट धेरै दूरीमा पशु राख्ने गोठहरू बनाउँछन् । सामान्यतया यी गोठ या जङ्गलको छेउमा वा दुर्गम भागहरूमा हुन्छन् र युवाहरू प्रायः यी गोठको व्यवस्थापनमा सक्रिय हुनुपर्छ । रातको समयमा यी गोठमा बसेर पशुहरूको हेरचाह गर्दा जोखिम हुने चिन्ता युवतीहरूको छ । यसबाहेक गोठमा बस्दा बिजुली, सुरक्षित पिउने पानी वा चर्पीको समेत सुविधा हुँदैन । यो परम्पराले उनीहरूको समय र श्रम दुवैको ठूलो हिस्सा ओगट्ने हुँदा प्रायः उनीहरूलाई विद्यालय जान वा अन्य गतिविधिमा भाग लिनबाट रोक्ने गरेको युवाहरूले बताए ।

**रोजगारीका अवसर**

बेरोजगारी जिल्लाहरूको महत्वपूर्ण मुद्दा बनेको छ । युवाहरूका लागि लक्षित केही सीमित परियोजनाहरू भए तापनि ती युवाहरूको प्राथमिकता वा आवश्यकतासँग मेल खाँदैनन् । रोल्पाका युवाहरूका अनुसार युवाहरूलाई लक्षित गरेर केही स्थानीय सरकारहरूले परियोजना सञ्चालन गरेका भए पनि यी कार्यक्रमहरूले समग्र युवा जनसङ्ख्याको आवश्यकतालाई सम्बोधन गर्दैनन् । यसको सट्टा ठूलो लगानी गर्न सक्ने युवाहरूलाई केन्द्रित गरिएका व्यवसाय, जस्तै– च्याखुरा पालन, पशु पालन आदिमा लगानी गरिएको हुन्छ ।

प्रवासी श्रमिकहरूको अधिकारलाई संविधान तथा विभिन्न कानुनले सुनिश्चित तथा संरक्षण गरेको छ । नेपालको संविधानले मौलिक अधिकारहरू सुनिश्चित गर्छ भने कानुनहरूले प्रवासी श्रमिकहरूका श्रमसँग सम्बन्धित अधिकारको संरक्षण गर्छ । यस परिप्रेक्ष्यमा नेपालको संविधान, वैदेशिक रोजगार कानुन २००७, वैदेशिक रोजगार नियमावली २०१७, वैदेशिक रोजगार नीति, २०१२ जस्ता कानुनी तथा नीतिगत व्यवस्था छन् तर यिनीहरूले प्रवासी श्रमिकका अधिकार सुनिश्चित गर्नुको सट्टा प्रक्रियागत कुराहरू हेर्छन् ।

स्थानीय सरकारले आफ्ना राजनीतिक समर्थक र आफन्तलाई सहयोग गर्ने गरेको भन्दै युवाहरूले आलोचनासमेत गरेका छन् । अपाङ्गता भएका व्यक्तिहरूसहित केही युवालाई अवसर प्रदान गरिएका केही उदाहरण छन् । रोल्पामा प्रधानमन्त्री रोजगार योजना लागु भएपछि केही युवालाई काममा लगाइयो तर उनीहरूले पारिश्रमिक पाएका छैनन् । स्थानीय सरकारको विकास अवधारणा अझै पनि सडक र पुल निर्माण गर्ने पूर्वाधार विकास जस्ता परम्परागत क्षेत्रहरूमा नै केन्द्रित छ । यस्तै निर्माण कार्यमा बुल्डोजर र ठूला मेसिनरीहरूको प्रयोगले युवाहरूको रोजगारीका अवसर घटाएको छ । समूहकेन्द्रित छलफलका क्रममा रोल्पाका एक सहभागीले भने– हामीलाई लगानीका साथै प्रोत्साहन पनि चाहिन्छ ।

सरकारको तर्फबाट प्रोत्साहन नहुँदा युवा उद्यमीहरू निराश बनेका छन् । धेरै युवा दैनिक ज्यालादारीको काम गर्छन् तर यस क्षेत्रमा औपचारिक नियम छैनन् । अनुगमन तथा बिमासमेत नहुने यो पेसामा उच्च जोखिम रहन्छ तर सरकारले प्रतिमहिना १७ हजार रुपियाँको ज्याला तोक्नेबाहेकको ठोस काम केही गरेको छैन । तीव्ररूपमा बढ्दो मुद्रास्फीतिले व्यवसाय सञ्चालन गर्न कठिन हुँदैछ । यस्ता घटनाले गर्दा युवाहरूलाई वैदेशिक रोजगारीमा जान बाध्य तुल्याइरहेको छ ।

लुम्बिनी प्रदेशको पछिल्लो तथ्याङ्क हेर्दा करिब ८ हजार युवाले वैदेशिक रोजगारीका निम्ति श्रम स्वीकृति पाउन निवेदन दिएका छन् । बाँकेका धेरै युवा लागुऔषध प्रयोग र अवैध ओसारपसारमा संलग्न छन् जसमा विशेषगरी रुपैडिहा जस्ता भारतसँगको सिमाना नजिकका धेरै युवा संलग्न छन् । दुर्भाग्यवश यी घटनामा सम्बन्धित अधिकारीहरूको ध्यान पुग्न सकेको छैन । छलफलमा सहभागी धेरै युवाका निम्ति विदेशमा रोजगारी खोज्ने निर्णय आफ्नो छनोट भन्दा उनीहरूले स्वदेशमा सामना गर्ने चुनौतीपूर्ण परिस्थितिहरूको परिणाम हो । कतिपय व्यक्ति आफू वा परिवारका सदस्यहरूले लिएको ऋणको चक्रमा फसेका छन् । स्वदेशमै रोजगारीका अवसरहरू अभाव हुँदा युवाहरू विदेशमा आधारभूत स्वतन्त्रता र मानव अधिकारको हनन हुने स्थितिमा समेत काम खोज्न र गर्न बाध्य छन् । प्रायः उनीहरूको चाहना भन्दा पनि

आवश्यकताका कारण यो छनोट गर्नुपर्ने अवस्था आएको हो । दाङमा समूहकेन्द्रित छलफलमा सहभागी एक व्यक्तिले भने– यहाँ २० देखि ३० हजारसम्म कमाउन सक्ने भए हामी किन विदेश जान्थ्यौँ ?

वैदेशिक रोजगारीका कारण धेरैको आर्थिक अवस्थामा सुधार आएको छ तर यसले पारिवारिक संरचनामा पनि समस्या उत्पन्न गराएको छ । यो प्रवृतिले बालबालिकालाई बेवास्ता गर्ने घटना बढेका छन् भने कतिपय अवस्थामा यसले परिवारभित्र हिंसात्मक द्वन्द्व पनि निम्त्याएको छ । अझ केही व्यक्तिले विदेश जानका लागि लिएको ऋण तिर्न सकेका छैनन् । यसबाहेक विदेशमा काम गर्न जाने प्रवासी कामदारहरूमा सांस्कृतिक भिन्नताहरूका बारेमा पर्याप्त जानकारी नभएकाले उनीहरूले विभिन्न चुनौती सामना गरेका छन् । उदाहरणका लागि, काम गर्न देब्रे हात प्रयोग गर्ने नेपालगन्जकी एउटी महिलालाई मुस्लिमहरूको बाहुल्यता भएको देशमा काम गर्न पठाइयो । तर इस्लामिक संस्कृतिमा देब्रे हातले काम गर्न अशुभ मानिने हुँदा रोजगारदाताले उनले बनाएको खाना खान अस्वीकार गरे । यसबाहेक उनलाई अन्य कार्य गर्न समेत अनुमति दिइएन जसका कारण उनको रोजगार सम्झौता अन्त्य गरियो ।

विदेश जानका लागि लिएको ऋण उनले तिर्न सकिनन् । धेरैजसो अवस्थामा विदेशबाट फर्कने श्रमिकहरूका लागि घरमा त्यति उत्साहजनक अवस्था हुँदैन । विदेशबाट फर्केर दूध, तरकारी खेती वा पसल जस्ता व्यवसाय सुरु गर्ने युवाहरूको सङ्ख्या थोरै मात्र थियो । लगानीको अवसर वा योजनाको अभावमा युवाहरू वैदेशिक रोजगारीबाट फर्किँदा मोबाइल फोन, मोटरसाइकल, कार जस्ता उपभोग्य वस्तुमा पैसा खर्च गर्ने गरेको सहभागीहरूले औल्याए । समूहकेन्द्रित छलफलका एक सहभागीले भने– वैदेशिक रोजगारी अहिलेका लागि एउटा विकल्प मात्र हो तर यो स्थायी समाधान हुन सक्दैन ।

लुम्बिनी प्रदेशले कृषि, हस्तकला र उद्यमशीलता जस्ता क्षेत्रमा २ लाख युवाका लागि जागिर सिर्जना गर्ने घोषणा गरेको छ । लुम्बिनी प्रदेशका गृहमन्त्री सन्तोष पाण्डेले यसबाट युवालाई स्वदेशमै बसेर आयआर्जन गर्न प्रोत्साहन हुने विश्वास व्यक्त गरे ।

**व्यक्तिगत विकास**

घर-परिवार र सार्वजनिक दुवै क्षेत्रमा युवाहरूसँग व्यक्तिगत विकासका लागि अवसर सीमित छन् । साथै युवालाई लक्षित गरेर तयार गरिएका बजेट वा कार्यक्रमहरूको अभाव छ । बाँकेका युवाहरूले आफ्नो समुदायमा खेलकुदका लागि खेल मैदानसमेत नभएको बताए । अनुसन्धान गरिएका अन्य क्षेत्रमा युवा क्लब र खेल मैदान थिए तर तिनीहरू विरलै सञ्चालनमा छन् । कपिलवस्तुमा युवाकेन्द्रित करिब २० वटा संस्था छन् तर सचेतना अभियान, र्‍याली, नाटक मञ्चन जस्ता गतिविधिबाहेक युवाका अन्य योजना छैनन् । रोल्पाको एक युवा क्लबका अध्यक्ष महेश परियारका अनुसार यस क्षेत्रमा ६५ भन्दा बढी क्लब छन् । तर तीमध्ये कसैसँग पनि युवाको व्यक्तिगत विकासका लागि दिगो परिकल्पना भएको देखिँदैन र उनीहरू राजनीतिक स्वार्थबाट धेरै प्रभावित छन् ।

यसबाहेक प्रायः सबै नगरपालिका र वडाहरूले कृषिमा लगानी गरिरहेको बताउँदै छलफलमा सहभागी अधिकांश युवाले स्थानीय सरकारले गर्ने लगानीमा विविधता आवश्यक रहेको तथ्य औल्याए । अझ सरकारले युवा भिजन २०३० को अवधारणा ल्याए पनि यो कार्यान्वयन हुन सकेको छैन । बाँकेका एक समूहकेन्द्रित छलफलका सहभागीले भने– स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद भन्ने कुरा नारामै सीमित छ ।

साथै खेलाडीहरूका लागि समेत प्रोत्साहनमा कमी छ । अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने क्षमता भएका कपिलवस्तुका रवि थापा जस्ता खेलाडीलाई सरकारका सबै तहबाट बेवास्ता गरिएको छ । त्यस्तै रोल्पाका एक राष्ट्रिय मार्सलआर्ट खेलाडीले अन्तर्राष्ट्रिय कबड्डी[38] प्रतियोगितामा नेपाली टोलीलाई तेस्रो स्थान हासिल गर्न महत्वपूर्ण भूमिका खेलेका टोलीमा सहभागी आफ्ना भाइलाई सरकारबाट कुनै प्रोत्साहन नपाएको बताए । बाँकेकी एक जुडो खेलाडीले चीनमा हुन लागेको खेलकुद प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्न भनेर आफू पहिला छनोट भएको तर अन्तिम क्षणमा आफूलाई हटाएर शक्तिशाली राजनीतिकर्मीको आफन्तको छनोट गरिएको दाबी गरिन् । यो घटनाले उनलाई निकै निराश बनाएको छ । फलस्वरूप उनी अब जुडो खेल्न चाहन्नन् । बरु शैक्षिक यात्रालाई निरन्तरता दिन चाहन्छिन् । आफ्नो परिवारबाट खेलकुदका लागि पूर्ण समर्थन पाए तापनि यो क्षेत्रमा हुने हस्तक्षेप र पक्षपातले उनलाई निकै हतोत्साही बनाएको छ ।

राष्ट्रिय युवा परिषद् नेपालगन्जका अध्यक्ष सोम गुरुङ भन्छन्– हाम्रो देशमा युवाहरूका लागि अपार संभावना छ, विशेषगरी पर्यटन क्षेत्रमा । युवाहरूलाई सङ्गठित र प्रोत्साहित गर्नका लागि विभिन्न सामाजिक मञ्च आयोजना गर्दै आएका छौँ तर नीतिहरू कार्यान्वयनमा लैजानेतर्फ सरकारको इमानदार प्रतिबद्धताको कमी देखिन्छ । देशमा सङ्कटको समयमा प्रायः युवाहरू नै अगाडि आउँछन् । । कोभिड–१९ को महामारीका समयमा युवाहरूले विदेशबाटै अत्यावश्यक सेवा र आर्थिक स्रोतहरू उपलब्ध गराए । तर जब उनीहरूमध्ये धेरै जागिर गुमाएर घर फर्कन बाध्य भए सरकारले उनीहरूलाई कुनै सहयोग गरेन । यसले उनीहरूमा गहिरो निराशाको अनुभूति गराएको छ । युवामा सरकारलाई जवाफदेही बनाउने, उद्यमशीलता र कृषिको विकासमा योगदान पुर्‍याउने क्षमता छ । त्यसैले सरकारले हाम्रो एजेन्डालाई गम्भीरतापूर्वक लिनु महत्वपूर्ण छ।

**४.२.ग. डिजिटल अधिकार र अनलाइन स्थलका सीमितता**

अनन्त जानकारी र असिम सम्भावनाहरूले भरिएको डिजिटल युगमा आत्मनिर्भरता र स्वतन्त्रताको अवधारणामा गहिरो रूपान्तरण भएको छ । शिक्षा, सञ्चार, अभिव्यक्ति र आत्म–मूल्याङ्कनका लागि डिजिटल प्रविधिहरूले युवाहरूलाई सूचना, स्रोतहरू र अवसरहरू प्रदान गर्छ । यसको विपरित डिजिटल प्रविधिमा साइबर बुलिङ,

38 A contact team sport played between two teams of seven players

अनलाइन जुवा र अनुपयुक्त सामग्रीको जोखिमलगायतका सम्भावित खतराहरू युवाका लागि रहन्छन् जसले उनीहरूको सुरक्षा र गोपनीयताको अधिकारलाई कमजोर बनाउँछ। साइबर अपराध, धम्की, चोरी र उत्पीडन[39] गर्ने कार्यमा युवा संलग्न रहेका हालैका घटनाले यी चुनौती रहेको पुष्टि हुन्छ।

सूचनाकेन्द्रित आजको युगमा युवाहरूले आधारभूत सिद्धान्तहरूलाई पुनः परिभाषित गर्दैछन् जसको प्रभाव र महत्वलाई नजिकबाट अध्ययन गर्न आवश्यक छ। अनलाइन प्लेटफर्महरू संसारसँग जोडिन र पहिले उपलब्ध नभएको जानकारीमा पहुँच प्राप्त गर्न उनीहरूका लागि आधुनिक बाटो भएको छ। यो एउटा बाटो हो जसबाट उनीहरू संसारसँग जोडिन, अवसरहरू र ज्ञान प्राप्त गर्न र टाढाका मानिससँग सम्पर्क स्थापित गर्न सक्छन्। तर अर्कोतर्फ यी प्लेटफर्महरू साइबर अपराध, साइबर बुलिङ र भ्रममा पार्नका लागिसमेत प्रयोग भइरहेको तथ्य अस्वीकार गर्न सकिँदैन। डिजिटल क्षेत्रमा रहेका यी विवादित पक्षहरूले युवाहरूको डिजिटल अधिकार र अनलाइन अनुभवहरू सीमित गर्न भूमिका निर्वाह गरेको छ।

निजी र सार्वजनिक दुवै क्षेत्रले युवाहरूको डिजिटल स्वतन्त्रतामा खतरा उत्पन्न गराउँछ। उच्च गतिको इन्टरनेट (ब्रोडब्याड) को अभाव, आवश्यक डिजिटल उपकरणहरू नहुनु जस्ता कारणले युवाहरूले आफ्नो व्यक्तिगत जीवनमा सीमितताको अनुभव गर्छन्। देशमा डिजिटल प्रविधिको प्रयोगमा ठूलो खाडल देखिन्छ जहाँ दुर्गम भेगमा रहेका युवाहरूमा आधारभूत डिजिटल सिप तथा क्षमता हुँदैन। अझ सीमान्तकृत समुदायहरूले प्रायः भाषा नबुझ्ने समस्या सामना गर्छन् जसले गर्दा डिजिटल प्रविधिद्वारा प्राप्त हुने अवसरबाट उनीहरू पछाडि पर्छन्।

यी अवसरहरूमा शिक्षा, तालिम, रोजगारी र सरकारी तथा निजी दुवै क्षेत्रबाट सेवाहरूमा प्राप्त गर्ने क्षमता समावेश छ। यी लाभ गरिब पृष्ठभूमिका युवाहरूलाई गरिबीको चक्र तोड्न र स्वास्थ्य, सुरक्षा र अधिकारको रक्षा गर्ने जानकारीमा पहुँच प्राप्त गर्न सहयोग गर्न साँच्चै महत्वपूर्ण हुन सक्छन्। उदाहरणका लागि, नेटवा र गन्धर्व जस्ता सीमान्तकृत समूहका युवाहरू वा रोल्पा जस्ता दुर्गम ठाउँमा बस्नेहरू डिजिटल उपकरण र सेवाहरू किन्न वा प्रयोग गर्न चुनौती सामना गर्छन्। भाषिक भिन्नताका कारण उनीहरू थप कठिनाइ भोग्छन्। यसका अतिरिक्त पुरानो पुस्तासँग डिजिटल प्रविधि र यसको प्रयोगबारे ज्ञान नभएका कारण युवाहरू डिजिटल अधिकार प्रयोग गर्नबाट वञ्चित भएका हुन्छन्।

अन्तरपुस्ताबीचको भिन्नता, सांस्कृतिक अभ्यासहरू र एकअर्काबीच रहेको गलत बुझाइले समेत डिजिटल स्वतन्त्रतामा अवरोध सिर्जना गर्छ। प्रविधि प्रयोग गर्दा आफूहरूलाई अनुत्पादक भएको र प्रविधिको दुरुपयोग गरेको आरोप लगाइएको अनुसन्धान क्षेत्रका युवाले बताए। धेरै मानिस सामाजिक सञ्जाललाई असङ्ख्य अनलाइन समस्या निम्त्याउने र पारिवारिक जीवनलाई असर गर्ने कारक तत्वका रूपमा हेर्छन्। बाँके र कपिलवस्तुमा युवाहरूले सामाजिक सञ्जालको दुरुपयोग गरेर समुदायमा द्वन्द्व निम्त्याउने गरेको समूहकेन्द्रित छलफलका सहभागीहरूले गुनासो गरे। केही सहभागीले बाल विवाह बढ्नुमा सामाजिक सञ्जालको पनि दोष रहेको र अनलाइन प्लेटफर्मबाट युवाले अपराधका गतिविधि गरेको आरोप लगाए।

बाँकेका एक सहभागीले युवाहरू प्रविधिमा निकै दक्ष रहेका तर कतिपयले यसको दुरुपयोग गरी साइबर अपराध र नेपालमा प्रतिबन्धित क्रिप्टोकरेन्सीको कारोबार गरेको बताए। अनलाइनमार्फत साइबर अपराधका घटना भइरहेका छन् जसमा हिंसात्मक र असभ्य व्यवहारका घटना, आपत्तिजनक भाषाको प्रयोग र विभिन्न प्लेटफर्ममा धेरै दर्शक प्राप्त गर्ने उद्देश्यले अनुचित तरिका अपनाउने जस्ता काम गरिएका देखिन्छ। कतिपयले संविधानले चाहिने भन्दा बढी स्वतन्त्रता दिएको विचार पनि व्यक्त गरे। निश्चित उमेर समूहका पुरुष र महिला दुवैले टिकटक जस्ता प्लेटफर्महरूमा आपत्तिजनक सामग्री बनाउने र सामाजिक सञ्जालमा आपत्तिजनक दृश्य/आवाज राख्ने गर्छन्। अभिव्यक्ति स्वतन्त्रताको दुरुपयोग गरी विशेषतः महिलालाई लक्षित गरी हुने साइबर अपराधमा वृद्धि भएको उनीहरूको धारणा छ।

राष्ट्रियरूपमा साइबर बुलिङ, घृणाजन्य अभिव्यक्तिका साथै हिंसात्मक र विकृत व्यवहार बढ्दो छ। प्रस्तावित सामाजिक सञ्जाल सञ्चालनसम्बन्धी निर्देशिका, २०७७ ले सामाजिक सञ्जाल कम्पनीहरूलाई नेपालमा दर्ता गर्न लगाइ देशका नियमहरू पालना गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्न खोजेको छ। राज्यले सेन्सरसिपको अवधारणामा सामाजिक सञ्जाललाई नियन्त्रण गर्न खोजेको भन्दै यो प्रस्तावित निर्देशिकाको चौतर्फी आलोचना पनि भएको छ। गैरकानुनी सामग्रीहरू के हुन् भन्ने स्पष्ट किटान नगरी ल्याइएको निर्देशिका प्रयोग गरेर सरकारको आलोचना गर्ने वा सरकारी क्रियाकलापको आलोचना र हाँस्यव्यङ्ग्य गर्नेहरूका विरुद्ध प्रयोग हुन सक्छ। यसले व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता र गोपनीयतामा समेत प्रहार गर्छ। निर्देशिकाको प्रमुख उद्देश्य अनलाइनमार्फत हुने बहसलाई नियन्त्रण गर्ने, राज्यका विवादित मामिलाहरूमा सार्वजनिक बहस हुनबाट रोक्ने र सरकारको आलोचना गर्ने आवाज दबाउने देखिन्छ।[40] यी अवरोधले राष्ट्रिय र व्यक्तिगत दुवै तहमा युवाहरूको डिजिटल अधिकारलाई सङ्कुचित पार्छ भने अनलाइन प्लेटफर्महरूमा उनीहरूको पहुँचलाई निरुत्साहित गर्छ।

## ४.३. सीमान्तकृत समूहहरू

### ४.३.क. संस्थागत विभेद र सीमान्तीकरण

नेपालको संविधानको धारा २४ र ४० ले शिक्षा, स्वास्थ्य र भूमिलगायतका मौलिक हकको प्रत्याभूति गरेको छ। नेपालले जातीय तथा अन्य छुवाछूत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ जारी गर्दै सबै प्रकारका जातीय भेदभावलाई अपराध मानेको छ। देशको निर्वाचन प्रणालीले समेत सङ्घ, प्रदेश र स्थानीय तीनै तहमा दलित प्रतिनिधित्व सुनिश्चित गरेको छ। प्रगतिशील संवैधानिक र नीतिगत व्यवस्थाहरूका बावजुद समाजमा स्थापित र गहिरो जरा गाडेर बसेका जातीय विभेद र अन्य सामाजिक भिन्नताहरू तथा समग्र असमान संरचनागत व्यवस्थामा अपेक्षित रूपान्तरण हुन सकेको छैन।

---

39 Ojha, Anup, "How Nepalis' Vulnerability Grows Amid Changing Nature of Cyber Crimes", The Kathmandu Post, May 14, 2023, https://shorturl.at/agvzF

40 APC, "Towards Digital Authoritarianism In Nepal: Surveillance, Data Collection, And Online Repression", December 5, 2022, https://www.apc.org/en/news/towards-digital-authoritarianism-nepal-surveillance-data-collection-and-online-repression

कानुनी प्रणाली भन्दा हाम्रा सांस्कृतिक पूर्वाग्रहहरू परिवर्तन गर्न गाह्रो छ (समूहकेन्द्रित छलफलका सहभागी, रोल्पा)विगत २० वर्षमा सीमान्तकृत समूहहरूमध्ये विशेषतः दलितहरूले आफूहरूमाथि हुने विभेद घट्दै गएको र सकारात्मक परिवर्तन भएको अनुभव गरेका छन् । कपिलवस्तु जस्ता ठाउँहरूमा अन्तरजातीय विवाहका घटना वृद्धि भएको छ। तर कतिपय सहभागी देखिने गरी हुने भेदभावमा कमी भए जस्तो लागे पनि व्यक्तिहरूको मानसपटलमा यो भेदभाव अझै पनि कायम रहेको बताउँछन् । रोल्पामा अन्तरजातीय विवाहको आरोपमा हत्याका डरलाग्दो घटना भएका छन्। अनुसन्धान क्षेत्रका केही गाउँमा अझै पनि जातका आधारमा मानिस छुट्टाछुट्टै बस्छन् । अन्तरजातीय विवाह गर्ने दम्पतीहरू समाजिकरूपमा बहिष्कारमा पर्ने हुँदा उनीहरूको जीवन पनि कठिन हुन्छ । भर्खरै रोल्पामा एक मगरले[41] एक दलितलाई आफ्नो घरमा बोलाएपछि ती दुवैमाथि समुदायबाट कुटपिट भएको थियो । उनीहरूले दिनभर हल्ला गरेको कारणले कुटपिट गरेको जस्तो देखाइए पनि वास्तविक कारण भने समाजमा व्याप्त छुवाछूतसम्बन्धी धारणा नै थियो ।

त्यसैगरी कपिलवस्तुकी एक दलित महिलाले बताएअनुसार 'सामूहिक भेटघाटका क्रममा दलितले छोएको पानी पिउन नपरोस् भनेर उच्च जात का मानिसले पहिले पिउने र अनि बल्ल दलितलाई दिने गरेको' बताइन् । यसले छुवाछूतको परम्परागत अभ्यासलाई निरन्तरता दिएको छ । सामुदायिक भेला र कार्यक्रमहरूमा जाँदा पनि आफ्नो विचारलाई कमै महत्व दिइएको दलितहरू बताउँछन् ।

व्यक्तिको पेसाबाट स्थापित हुने उसको पहिचानलगायत समाजमा रहेको उसको विविध पहिचान एकापसमा मिसिँदा विभेदले झन् डरलाग्दो रूप लिन सक्छ । पथ्थरकट्टाका रूपमा अन्य ठाउँमा परिचत कुशबडिया समुदाय लोपोन्मुख जातिमा पर्छन् ।

उनीहरू ढुङ्गा फुटाउने, निर्माण सामग्री बनाउने, बुनाइ, प्लास्टिकका सामान बनाउने र पछिल्लो समय ज्याला मजदूरी गरेर जीविकोपार्जन गर्छन् । बाँकेका कुशबडियाका बालबालिका आफ्ना सहपाठीहरूबाट प्रायः अन्यायपूर्ण व्यवहार भोग्ने गर्छन् । उनीहरूलाई फोहोरी भनेर बोलाइन्छ, कक्षा कोठामा पछाडि मात्र बस्न दिइन्छ र अन्य बालबालिकासँग खेल्न दिइँदैन । शिक्षकहरूले पनि यस्तो दुव्र्यवहारमा साथ दिने र उनीहरूलाई कम खाना दिने आरोप लगाइन्छ । यस्ता दुव्र्यवहारले कुशबडियाका बालबालिका बीचमै विद्यालय छाड्न बाध्य हुन्छन् । फलस्वरूप यो समुदायमा कक्षा ९ भन्दा बढी पढेको व्यक्ति नहुने छलफलमा भाग लिने सहभागीले बताए । अझ उल्टै सीमान्तकृत हुनुमा उनीहरूको नै दोष रहेको आरोप लगाइन्छ । रोल्पाका मेयर सुरेन्द्र थापाले भने– सीमान्तकृत जनताको चेतना र सशक्तीकरणको स्तर बढेको छैन । त्यसैले हामीले उनीहरूका लागि मानव विकासको अवधारणा ल्याउन लागेका छौँ।

त्यसैगरी अपाङ्गता भएका व्यक्तिहरूले अझ बढी विभेद सामना गर्नुपर्छ । अपाङ्गता भएका व्यक्तिहरू, उनीहरूको परिवार र स्याहार गर्नेहरूलाई निन्दा गर्ने गरिन्छ । उनीहरू प्रायः उपहास र भेदभावका पात्र हुन्छन् र अन्धविश्वासको शिकार बन्छन् । अपाङ्गता भएका प्रायः व्यक्तिलाई क्षमता नभएका मानिसको रूपमा पनि हेरिन्छ। यसबाहेक, पहुँचयुक्त पूर्वाधारको कमी र अपाङ्गता भएका व्यक्तिहरूको विशेष आवश्यकताहरू सम्बोधन गर्न सक्षम शिक्षक नहुनु जस्ता कारणले उनीहरू विरलै विद्यालय जान्छन् । साथै उच्च शिक्षाका लागि क्याम्पस र अन्य सार्वजनिक स्थानहरू पनि उनीहरूका लागि पहुँचयुक्त छैन । यसका साथै अधिकांश स्थानीय सरकारहरूसँग अपाङ्गता भएका व्यक्तिका लागि प्रभावकारी कार्यक्रमहरू छैनन् । यसबाहेक उनीहरू यौन दुव्र्यवहारबाट असुरक्षित बनेका छन् । विशेषगरी सार्वजनिक यातायातमा यात्रा गर्नुपर्दा उनीहरू थप जोखिम सामना गर्छन् । रोल्पाका एक अपाङ्गता भएका व्यक्तिले भने– हामीले पहिले देखेको समानताको सपना कतै पनि साकार हुन सकेको छैन ।

वादी समुदायका सदस्यहरूलाई शङ्काको नजरले हेरिन्छ र उनीहरूका बारेमा समाजमा कुरा काट्ने गरिन्छ । साथै उनीहरूको सामाजिक व्यवहारलाई नजिकबाट निगरानी गरिन्छ, केहीलाई जीवनसाथी खोज्न गाह्रो हुन्छ र शहरी क्षेत्रमा कोठा खोज्नका लागि आफ्नो थर लुकाउन बाध्य छन् । सामाजिक, नागरिक र राजनीतिक जीवनमा उल्लेख्य अधिकार प्राप्त भए पनि भूमिहीन र मोही[42] समुदायको अवस्थामा खासै परिवर्तन भएको छैन । उनीहरू जग्गाको उचित अंश प्राप्त गर्न सङ्घर्ष गरिरहेका छन् भने जमिनदारहरू किसानप्रति अझै दमनकारी देखिन्छन् । अधिया/बटैया[43] मा काम गर्ने किसानले खेत जोत्दै गर्दा मालिकको घरको काम पनि गरिदिनुपर्छ ।

**४.३.ख. आधारभूत सेवा र अवसरहरूमा सीमित पहुँच**

पछिल्लो समयमा व्यक्तिगत घटना दर्ता गर्ने जस्ता सेवाहरूमा सबैको पहुँच बढेको छ । तापनि सीमान्तकृत समुदायका व्यक्तिहरू विशेषगरी उनीहरूका लागि लक्षित सरकारी सेवाहरूबारे अनभिज्ञ छन् । यसबाहेक स्थानीय सरकारमा सीमान्तकृत समूहहरूको प्रतिनिधित्व पनि कम भएकाले उनीहरूको सरोकार विरलै सम्बोधन वा समाधान हुन्छन् । रोल्पा र कपिलवस्तु जस्ता ठाउँमा सीमान्तकृत समुदाय र अपाङ्गता भएका व्यक्तिका लागि केही सुविधा छुट्याए पनि भौगोलिक विकटता र सेवा प्राप्त गर्नका लागि सामना गर्नुपर्ने चुनौतीका कारण उनीहरू सुविधा प्राप्त गर्नबाट वञ्चित हुन्छन् ।

नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारका लागि महासन्धि अनुमोदन गरेको छ जसले अपाङ्गता भएका सबै व्यक्तिलाई सबै मानव अधिकार र मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोगको प्रवर्धन, संरक्षण सुनिश्चित गर्छ र उनीहरूको अन्तर्निहित आत्मसम्मानलाई बढावा दिन्छ । यसले अपाङ्गता भएका व्यक्तिहरूको पहुँच, उचित आवास, शिक्षा, रोजगारी, स्वास्थ्य र आत्मसम्मान पनि सुनिश्चित गर्छ । समूहकेन्द्रित छलफलका एक सहभागीले रोल्पाको वडा कार्यालयले अपाङ्गता भएका व्यक्तिहरूका लागि छुट्याएको अधिकांश बजेट अपाङ्गता कार्ड बनाउन प्रयोग गरेको वडा कार्यालयले दाबी गरेको बताए ।

तर परिचयपत्र प्राप्त गर्ने जस्ता आधारभूत सेवाहरू लिने प्रक्रिया पनि अपाङ्गता भएका व्यक्तिहरूका लागि गाह्रो छ। सेवाप्रदायक र आमजनताले अपाङ्गताको वर्गबारे बुझ्न नसक्दा सेवा प्राप्ति थप जटिल बनेको छ । नेपाल सरकारले मनोसामाजिक अपाङ्गतालगायत अपाङ्गतालाई १० प्रकारमा वर्गीकरण[44] गरेको छ जसले सामाजिक

[41] One of 59 identified indigenous communities in Nepal https://www.lawcommission.gov.np/en/wp-content/uploads/2018/10/national-foundation-for-upliftment-of-aadibasi-janjati-act-2058-2002.pdf
[42] मोही भनेको जग्गा भाडामा लिने व्यक्ति हो ।
[43] अधिया बटैया प्रणालीमा जग्गा धनीको जग्गा प्रयोग गरेबापत जग्गामा खेती गर्नेले आधी बाली जग्गा धनीलाई बुझाउनुपर्छ ।
[44] BMC, "Accommodation and Disability-Specific Differences in Nutritional Status of Children with Disabilities in Kathmandu, Nepal: A Cross-Sectional Study", February 13, 2023, https://shorturl.at/uAB59

कल्याणका कार्यक्रममा पहुँच प्राप्त गर्न योग्य बनाउँछ । तर अध्ययन गरिएका जिल्लामा यस्तो सेवाका लागि को योग्य हुन्छन् भन्नेमा द्विविधा पाइयो । दाङको कुमाल समुदायमा अपाङ्गता भएका व्यक्तिको अवस्था कस्तो छ भन्नेर स्पष्ट हुन सकिन्छ । एक स्थानीय गम्भीर मनोसामाजिक अपाङ्गताका कारण प्रभावित थिए तर स्थानीय सरकारले शारीरिकरूपमा तन्दुरुस्त भएको दाबी गर्दै कल्याणकारी सेवाहरू प्रदान गर्न अस्वीकार गर्यो । त्यसैगरी एक मनोसामाजिक अपाङ्गता भएका २० वर्षका युवालाई स्थानीय सरकारले हिँड्न र बोल्न सक्ने आधारमा सेवाबाट वञ्चित गरेको थियो ।

सीमान्तकृत समुदायहरू स्थानीय सरकारले आफूहरूप्रति भेदभाव गरिरहेको महसुस गर्छन् । बाँकेका वादी महिलाले कानुनीरूपमा सुधार भए पनि आफूहरू नागरिकता पाउनबाट वञ्चित भएको गुनासो गरे । सेवा लिन जाने शिक्षित र अशिक्षित सेवाग्राहीबीच पनि पक्षपात गर्ने गरिन्छ । यसबाहेक जनताको वास्तविक आवश्यकता र सरकारले सीमान्तकृत समुदायका लागि उपलब्ध गराएका सेवाबीच पनि तालमेल देखिँदैन । उदाहरणका लागि विगतमा बाँकेका स्थानीय सरकारले १२–१५ जना कुशबडियालाई सिलौटो बनाउने तालिम दिएर त्यसका लागि औजार पनि उपलब्ध गराए । तर सेवाग्राहीले तालिम दिँदा सम्भावना बढी भएको दिनुपर्ने भन्दै यस्तो तालिम प्रभावकारी नभएको गुनासो गरे ।

धेरैजसो सहभागीले स्थानीय सरकारले अनुदान र सहयोग उपलब्ध गराउने बेलामा पूर्वाग्राही वा पक्षपाती व्यवहार गरेकोमा सहमति जनाए । बाँकेका सीमान्तकृत समुदायले विगतमा स्थानीय सरकारले वडा कार्यालयबाट मल, बिउ, जस्तापाता उपलब्ध गराए पनि वडा प्रतिनिधिले नातावाद र कृपावादका आधारमा लाभग्राही छनोट गर्ने गरेका बताए । सीमान्तकृत समुदायले स्थानीय तहमा पारदर्शिताको अभाव भएको महसुस गरे । दाङ, कपिलवस्तु, बाँकेलगायतका स्थानमा भूमिहीन र मोहीले ४७ वर्षको सङ्घर्षपछि पनि न्याय पाउन सकेका छैनन् ।

नेपालगन्ज, आलानगरमा २०२६ देखि बसोबास गरेकाहरूले अझैसम्म उक्त जमिनको स्वामित्व पाउन सकेका छैनन् (बानीलम थारू, एनएलएफ, बाँके) । त्यसैगरी दाङका पूर्वकमैया/कमलरी अधिकांश घरबारविहीन र भूमिहीन छन् । जग्गाको हक र पुनस्थापनाका लागि उनीहरूसँग गरिएको वाचा अझै सपना नै छ ।

शिक्षा, कानुनी संयन्त्र र प्रतिनिधित्वमा पहुँचको अभावका कारण सीमान्तकृत समुदायहरू नियमितरूपमा न्यायबाट वञ्चित भइरहेका छन् । उदाहरणका लागि बाँकेमा एक महिला सहभागीले आफ्नो घरमा आगलागी हुँदाको अनुभव सुनाइन् । उनले प्रहरी, वडा कार्यालय र नगरपालिकामा सहयोग मागेकी थिइन् । वडाका एकजना प्रतिनिधिले उनलाई सहयोग गरिएको पनि बताए जबकि ती महिला भने आफूलाई सहयोग दिने भनेर औँठा छाप लगाइए पनि केही नदिएको दाबी गर्छिन् ।

सशस्त्र द्वन्द्वको ठूलो बोझ बोकेर पनि अहिलेसम्म कुनै पनि रूपले न्याय नपाएका हजारौँ प्रत्यक्ष र अप्रत्यक्ष पीडितहरू रोल्पामा छन् । विस्थापित व्यक्ति, बेपत्ता भएकाहरूका परिवार र दर्ता प्रक्रियाबाट वञ्चित भएका प्रभावित सरकारको सबै तहबाट भएका उपेक्षाबाट निराश छन् । लम्बेतान, झन्झटिलो र राजनीति प्रभावित प्रक्रियाका कारण सङ्क्रमणकालीन न्यायका प्रयास ओझेलमा परेका छन् । बाल सैनिकहरूको पुनस्थापना हुन सकेको छैन । रोल्पाका सहायक क्याम्पस प्रमुख गोकर्ण पुनले भने– सशस्त्र द्वन्द्वका बेलाको शत्रुतापूर्ण व्यवहार अझै समाप्त भएको छैन । अझ महत्वपूर्ण कुरा सरकारले यौन हिंसापीडितहरूलाई पूर्णरूपमा बेवास्ता गरेको छ ।

### ४.३.ग. अन्तरसम्बन्धित पहिचानका कारण मानव अधिकार शोषणको जोखिम

पारस्परिक पहिचानहरूले जोखिम र सीमान्तीकरण बढाउँछ । स्रोतमा पहुँचबिहीनताको अवस्थासँग  सामाजिक–सांस्कृतिक स्तर, असमान शक्ति संरचना र भौगोलिक अवस्थाहरू मिसिएपछि शोषण र सीमान्तीकरणको अन्त्यहीन श्रृङ्खला चलिरहन्छ । कहिल्यै अन्त्य नहुने चक्र निम्त्याउँछ । एनएलआरएफ, बाँकेका कृष्णकुमार थारूको प्रश्न थियो– हावा सित्तैँमा पाइन्छ, पानी सित्तैँमा पाइन्छ तर जमिन प्रयोग गर्न किन हामी स्वतन्त्र छैनौँ ?

**दमित, भूमिहीन तथा आवाजविहीन**

दाङ, कपिलवस्तु र बाँकेका बहुसङ्ख्यक भूमिहीन सीमान्तकृत र दलित समुदायका छन् र उनीहरूलाई जीवन निर्वाहका लागि आधारभूत साधनसमेत अभाव छ । लुम्बिनी प्रदेशका कृषि मन्त्री भण्डारीलाल अहिरले प्रदेश सरकार भूमिहीनका समस्या समाधान गर्न प्रतिबद्ध रहेको र भूमि आयोगसँग मिलेर काम गरिरहेको बताए । यद्यपि बासस्थान सीमान्तकृत समुदायका लागि सबै भन्दा जटिल समस्यामध्ये एक हो । त्यसैगरी दशकौँदेखि जातीय र पेसामा आधारित भेदभाव र सीमान्तीकरणले वादी समुदायलाई मूलधारको समाजबाट किनारामा धकेलिएको छ ।

दाङका वादी समुदाय धेरै सङ्घर्षपछि ऐलानी[45] जग्गामा बसोबास गर्न सफल भएका थिए । सरकारको प्रतिबद्धताका बाबजुद उनीहरूले जग्गा धनी पुर्जा भने पाउन सकेका छैनन् । त्यसैगरी कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन २०५८ अन्तर्गत सरकारले मुक्त कमैयालाई जग्गा प्रदान गर्ने घोषणा गरेको थियो भने सन् २०२१ मा मुक्त कमैयालाई जग्गा बाँडफाँट पनि गरिएको थियो । तर दाङका धेरै मुक्त कमैया यस प्रक्रियामा छुटे । राष्ट्रिय र स्थानीय तहमा शक्तिशाली पदमा रहेका आफ्ना पूर्व जग्गा धनीहरूले आफूलाई यस प्रक्रियाबाट बाहिर राख्न भूमिका निर्वाह गरेको उनीहरूको बुझाइ छ । उनीहरू आफू बसेको ऐलानी जग्गाबाट निष्काशन हुने डरका साथ बाँचिरहेका छन् भने स्थायी लालपुर्जाको पर्खाइमा छन् । त्यस्तै कपिलवस्तुका २२ नेटवा परिवार पनि ऐलानी जग्गामा बस्दै आएका छन् । उनीहरूका समस्या पनि स्थानीय सरकारले सम्बोधन गरेको छैन । त्यसैगरी बाँकेमा मिश्रित सीमान्तकृत समुदाय (मधेसी, दलित, थारू) समुदायका ४६ परिवार जम्मा ७ कठ्ठा[46] जमिनमा बसोबास गर्छन् । यसैगरी कोभिड–१९ को महामारीको समयमा समेत उनीहरूले सरकारबाट उचित राहत पाएनन् ।

---

[45] Cultivable but uncultivated land which is not titled https://csrcnepal.org/wp-content/uploads/2019/07/2dpV2BZ0IsM4luC-cB_L2A00gEbYm-U.pdf

[46] Kattha = 3645 sq. ft https://csrcnepal.org/wp-content/uploads/2019/07/2dpV2BZ0IsM4luC-cB_L2A00gEbYm-U.pdf

बिनाक्षतिपूर्ति भूमिहीनहरूलाई अस्थायी बस्तीबाट हटाउँदा उनीहरूले भोग्नुपर्ने जोखिम एकदमै धैरै हुन्छन् । बाँकेमा ऐलानी जग्गा र कपास विकास समितिको जग्गा (फाराम बस्ती) मा अनौपचारिकरूपमा बसोबास गर्ने समुदायलाई सरकारले त्यहाँ खुला कारागार बनाउने निर्णय गरेपछि हटाएको थियो । यस घटनाबाट बहुसङ्ख्यक समुदायले आफ्नो सबै सम्पत्ति गुमाए र शहर छेउछाउको राजमार्गमा बस्न बाध्य भए । त्यहाँको जीवन यापन अत्यन्तै चुनौतीपूर्ण छ । प्रायः दुव्र्यवहारको शिकार हुनुपर्दा महिलाहरू अत्यधिक असुरक्षित महसुस गर्छन् । तर यससँग सम्बन्धित पूर्वाग्रह र कलङ्कका कारण तिनीहरू यी घटना सार्वजनिक गर्न चाहँदैनन् । यसबाहेक स्थायी आवासको अभावले उनीहरूलाई आफ्ना आवश्यकता प्राप्त गर्न बाधा पुग्छ । यहाँ पानी वा शौचालयको व्यवस्था हुँदैन र जनावरहरू बारम्बार घरमा छिर्ने, खाना खाइदिने वा फोहोर गर्ने गर्छन् । पिउने पानीको समेत सुविधा नभएकाले विद्यालय जाने बालबालिकाले विद्यालयबाट पानी ल्याउनुपर्ने बाध्यता छ ।

आर्थिक अवसरहरू अभाव हुँदाको बेलामा व्यक्तिको लैङ्गिक पहिचान र भूमिहीनतासँग सम्बन्धित जोखिमहरू सतहमा आउँछन् । ऐलानी जग्गामा बसोबास गर्ने बाँकेका महिलाले प्रायः यस्ता जोखिम सामना गरेका छन् । स्थायी आवास नहुँदा सरकार र गैरसरकारी संस्थाले यी समुदायमा सीमित लगानी मात्र गर्छन् । यहाँ पिउने पानीको व्यवस्था छैन र साझा इनार पनि सुकेका छन् । सरकारले पिउने पानीको ट्याङ्की उपलब्ध गराए पनि उक्त समुदायका बासिन्दाले पाइप भने आफैँ किन्नुपर्छ । दुर्भाग्यवश यी पाइप किन्न सक्ने हैसियतसमेत छैन उनीहरूको।

यसबाहेक कपिलवस्तुलगायतका क्षेत्रमा भूमिहीन महिलाले वनस्रोतको प्रयोगलाई लिएर जिल्ला वन कार्यालयसँग भएको विवादबारे बताएका छन् । जसले उनीहरू बसोबास गरेको ऐलानी भूमिबाट निष्काशन हुने डर सिर्जना गरेको छ । नजिकैका जलाशयमा बढ्दो पानीको सतहले उनीहरूको तनाव बढाएको छ । समूहकेन्द्रित छलफलमा रोल्पाका एक सहभागीले भने जस्तै– घरबिना हामी लाशबाहेक केही होइनौँ ।

सीमान्तकृत समुदाय र प्रभावितहरूले न्याय खोज्ने वातावरण अझै पनि छैन । सेवाप्रदायक र लाभग्राहीवीच र स्वयंसेवा प्रदायकबीच पनि असमान शक्ति सम्बन्ध छ । कपिलवस्तुका अधिवक्ता राजु श्रीवास्तवले भने– अधिकांश अख्तियारी उच्च पदका व्यक्तिहरूलाई दिइएको हुन्छ जसले सेवा प्रवाहमा बाधा पुर्याउछ। यसबाहेक सीमान्तकृत समुदायहरू सुरक्षाका लागि जिम्मेवार निकायप्रति विश्वास गर्दैनन् । फलस्वरूप अधिकांशले आफू पीडित भए पनि अभियोगको डरले प्रहरी चौकीमा विरलै जाने गरेको बताए । उनीहरू बाँकेको फाराम बस्तीबाट निष्काशित समुदायले भोग्नुपरेका जस्ता समस्या सामना गर्छन् । उदाहरणका लागि यो सीमान्तकृत समुदायका एक बासिन्दालाई मोटरसाइकलले ठक्कर दिएको थियो तर कुनै पनि साक्षी उसको तर्फबाट बयान दिन तयार नभएकाले उनले उजुरी दर्ता गर्न सकेनन् । उनी प्रतिबन्धित क्षेत्रमा बस्ने भएकाले पुलिसबाट उनका विरुद्ध नै मुद्दा चल्ने डर थियो । जबकि उनको उपचारका लागि १ लाख रुपियाँ भन्दा बढी खर्च गर्नुपर्यो । क्षतिपूर्ति पाउने संभावनासमेत छैन ।

अधिकांश सीमान्तकृत समुदायहरू आफ्नो परम्परागत न्याय प्रणालीमा भर पर्छन् । परम्परागत न्याय संयन्त्रको सकारात्मक पक्ष भनेको समुदायको स्वामित्व र समस्या समाधानका लागि समुदायमा आधारित दृष्टिकोण हो । तर यसमा नकारात्मक पक्षहरू पनि जोडिएका छन् । जस्तै– गन्धर्व र मधेसी समुदायमा अन्धविश्वासमा आधारित मुखिया प्रणाली जस्ता परम्परागत अभ्यास छन् ।

**पहिचान, जीविकोपार्जन र दमन**

नीतिगत व्यवस्था तथा विश्वव्यापीकरणका कारण परम्परागत पेसाहरू खतरामा छन् र जीविकोपार्जनमा आधारित जोखिमहरू आदिवासी, जनजाति र समुदायहरूमा प्रबलरूपमा देखिन्छन् । परम्परागतरूपमा माछा मार्ने, साङ्गीतिक कार्यक्रम र मनोरञ्जनमा निर्भर रहेको वादी समुदाय अहिले आफ्नो जीविकोपार्जनका लागि चुनौतीहरू सामना गरिरहेको छ । विद्युतीकरणका लागि नदीहरूको प्रयोग, विद्युतीय सङ्गीत बाजाहरू, टेलिभिजन र मोबाइल फोनहरूको प्रयोगले उनीहरूको साङ्गीतिक कौशल र प्रदर्शनलाई क्रमशः प्रतिस्थापन गरेको छ । उनीहरूमध्ये केही अझै पनि मादल बनाउँछन् । तर यसका लागि चाहिने सामग्री जङ्गलबाट सङ्कलन गर्नका लागि सामान्यतया सेनाद्वारा प्रतिबन्ध लगाइएको छ । पछिल्लो समय उनीहरू ज्यालादारी, खेतीपाती, कृषि र यस्तै प्रकारका अन्य काममा भर पर्छन् तर जग्गा अभाव, सिँचाइ सुविधामा कमी र मल अभावका कारण उनीहरू यो पेसाबाट पनि सन्तुष्ट छैनन् ।

लुम्बिनी प्रदेशमा जम्मा ४९ हजार ९ सय ९७ जनसङ्ख्या भएका कुमाल जस्ता समुदायको जीविकोपार्जन पनि वन स्रोत र माटोमा पहुँच नहुनु जस्ता अवरोध र उचित आवासको अभावमा उच्च जोखिममा छ । उनीहरूको पुख्र्यौली पेसा माटोका भाँडा बनाउने हो । हालैका वर्षहरूमा भएको शासन पद्धतिमा परिवर्तनहरूले उनीहरूको जीवनमा ठूलो असर पारेको छ । वन उपभोक्ता समितिले जङ्गलबाट दाउरा, माटो जस्ता स्रोत सङ्कलन गर्ने कुरामा प्रतिबन्ध लगाएको छ । माटोका भाँडाका लागि आवश्यक पर्ने माटो र दाउरा नजिकैको जङ्गलबाट ल्याउनुपर्ने हुन्छ तर यसमा पहुँच धैरै नै प्रतिबन्धित छ । माटो र दाउरा बोकेर घर जाने क्रममा सुरक्षाकर्मीहरूले उनीहरूलाई प्रायः रोकेर दुव्र्यवहार गर्छन् । अरूले दाउरा लिएर गए पनि त्यसको दोष भने उनीहरूलाई दिइन्छ । साथै उनीहरूको उत्पादनको राम्रो बजार पनि छैन ।

यस्तो अवस्थाले युवा पुस्तालाई यो परम्परागत पेसालाई निरन्तरता दिन निरुत्साहित गरेको छ । वन विभागले सबै रुख काटेर सिसौ जस्ता रुख पनि रोपेको छ । यसका कारण उनीहरू आफ्नो पुख्र्यौली पेसाको विकल्पका रूपमा ज्याला मजदूरीतिर लागेका छन् । यसबाहेक अन्य सीमान्तकृत समुदायहरू, जस्तै– गन्धर्व र ऐलानी भूमिबाट हटाइएका समुदायहरूले वन उपभोक्ता समूहको सदस्यताका लागि ठूलो रकम (१० हजार रुपियाँ) खर्च गर्नुपर्ने र आवास प्रमाणपत्र पेस गर्नुपर्ने कारण वनमा भएका स्रोतहरूमा प्रयोग गर्न सक्दैनन् । यसले उनीहरूको दैनिक जीवन र हिन्दु कर्ममा महत्वपूर्ण दाहसंस्कार प्रक्रियालाई असर गर्छ ।

# अध्याय ५ : मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको प्रवर्धन

## ५.१ महिला

### ५.१.क. महिला सशक्तीकरण र नेतृत्वले प्रवर्धन गरेको मानव अधिकार

अधिकांश महिला सहभागीका लागि जीवन एक निरन्तर सङ्घर्ष नै हो। तथापि धेरै महिला सङ्घर्षका बाबजुद पनि आफ्नो आत्मसम्मान र स्वतन्त्रताको अधिकारका लागि आवाज उठाइरहेका छन्। अध्ययन क्षेत्रमा सामान्यतया महिलाहरू आफूले भोग्ने प्रतिकूलता र सशक्तीकरणका लागि आवाज उठाइरहेका थिए। किशोरीहरूको विद्यालयमा उपस्थिति सङ्ख्या बढेको थियो भने उनीहरू आत्मनिर्भर हुने तरिकाहरू खोज्दै थिए। बाँकेकी एक किशोरी भन्छिन्– 'हामी सशक्त र आत्मनिर्भर हुनुपर्छ। हामी अब श्रीमान्लगायत अन्यसँग निर्भर रहन सक्दैनौँ। हामी आत्मनिर्भर हुनुपर्छ।' निजी र सार्वजनिक जीवनमा महिलाको अधिकार सुनिश्चित गर्नका लागि महिला र पुरुष दुवैका सङ्घर्षहरूबाट यी परिवर्तन सम्भव भएका हुन्।

सोफिया खातुन (५२) कपिलवस्तु जिल्लाको सीमान्तकृत समुदायकी मुस्लिम महिला हुन्। उनी मुस्लिम महिलाहरूका हकहितका लागि धेरै परिवर्तन भइरहेको भए पनि अझै धेरै परिवर्तन गर्न बाँकी रहेको महसुस गर्छिन्। सानो बेलामा उनको अझै अप्ठेरो परिस्थिति थियो। कलकत्तामा जन्मिएर नेपालमा विवाह गरेकी उनको परिवार गरिब थियो जसका कारण उनीहरू घर छाड्न बाध्य बने। धेरै वर्षसम्म उनले भाँडा माझेर र रेस्टुरेन्टमा खाना पकाउने काम गरेर आफ्नो जीविकोपार्जन गरिन्। आफ्नो दृढ सङ्कल्पका कारण उनी आज त्यस परिस्थितिबाट बाहिर आउन सक्षम भइन्।

२४ वर्षअघि स्थानीय सरकारले प्राथमिक स्वास्थ्य सेवाका लागि स्वास्थ्य स्वयंसेविका नियुक्त गरेको थियो। सुरुमा उनका श्रीमान् र समुदायले उनको निर्णयलाई साथ दिएनन्। काम गर्ने क्रममा उनलाई हेप्ने र शङ्काको दृष्टिकोणबाट हेर्ने गरिन्थ्यो तर उनले यसलाई सकारात्मकरूपमा लिएर निरन्तर अघि बढ्दै गइन्। फलस्वरूप उनको कामलाई समुदायले स्वीकार्दै गए। यसै क्रममा उनले विभिन्न गैरसरकारी संस्थाहरूलगायत नागरिक सङ्गठनको समन्वयमा आयोजित विभिन्न तालिम, गोष्ठीहरूका साथै सामाजिक कार्यहरूमा पनि सहभागी भइन्। उनले आफूले प्राप्त गरेका स्वास्थ्य, प्रजनन् र सरकारी सेवासँग सम्बन्धित ज्ञानहरू समुदायमाझ फैलाउन थालिन्। उनी आफ्नी छोरी र बुहारीलाई पनि घरभित्र मात्र सीमित नभई आत्मनिर्भर बन्न उत्प्रेरित गर्छिन्। आफ्नो इमानमा अडिग हुन सक्यौँ भने मानिसको शङ्का हट्नेछ भन्नेमा विश्वस्त छिन्।

यस्तै केही महिला नेतृले प्रतिकूलतालाई अवसरका रूपमा परिणत पनि गरेका छन् जसको उदाहरण रोल्पाकी लालकुमारी ओली पुन हुन्। द्वन्द्वकालमा परिस्थिति सामान्य नभएका कारण लालकुमारी अरू बालबालिका जस्तै नियमित विद्यालय जान सकिनन्। उनका बुबालाई माओवादीले अपहरण गरेका थिए। जब फर्किए, उनमा मानसिक समस्या देखिन थाल्यो। उनको यस समस्याले परिवारमा तनाव निम्त्यायो। उनीहरूको मुख्य जीविकोपार्जनको स्रोत भेडा पालन थियो तर उक्त घटनापश्चात उनीहरूले ठूलो आर्थिक समस्या सामना गर्नुपर्यो। यस्ता समस्या भए पनि उनले आधारभूत शिक्षा पूरा गरिन् र पढाउन गर्न थालिन्। यसका साथै उनी सामाजिक कार्य र गैरसरकारी क्षेत्रहरूमा पनि सक्रिय हुँदै गइन्। यसै सिलसिलामा उनले विवाह पनि गरिन्।

यो बेलासम्म द्वन्द्वकाल अन्त्य भइसकेको थियो तर द्वन्द्वकालको समयमा भएका हिंसाका अवशेष भने सकिएको थिएन। उनका श्रीमान्लाई अन्यायपूर्ण ढङ्गले कारागार पठाइएको थियो जहाँ उनी साँढे ५ वर्ष बस्नुपरेको थियो। त्यहाँबाट छुटेको १ वर्षपछि उनका श्रीमान्को हत्या भएको थियो। उनले न्यायका लागि धेरै पहल गरिन् तर उनको मुद्दाको संवेदनशील प्रकृतिका कारण र विभिन्न हस्तक्षेपका कारण कुनै पनि वकिल मुद्दा हेरिदिन तयार भएनन्। हत्यापछि राष्ट्रिय सभासमेत ४ दिनका लागि स्थगित भयो तर केही फरक परेन। घटनाको अनुसन्धान फितलो थियो तर समुदाय उक्त घटनाको परिणामबाट डराएका थिए। श्रीमान्को हत्यापछि उनलाई घर चलाउन धौ-धौ भयो।

उनी आफ्नो वर्षौंको अनुभवका आधारमा कानुनी सल्लाह दिन सक्षम छिन्। उनी महिला र बालबालिकाकाको क्षेत्रमा निरन्तर काम गरिरहेकाले धेरै स्थानीय गैरसरकारी संस्थासँग आबद्ध छिन्। उनी एकल महिलाहरूका लागि दृढ सङ्कल्पका साथ लाग्यो भने सफलता पाइन्छ भन्ने एक उदाहरण बनेकी छिन्। उनी सम्पूर्ण एकल महिलाका लागि परम्परागत अपेक्षाहरूलाई चुनौती दिएकामा विश्वस्त छिन्। उनी भन्छिन्– 'म एकल महिला भए तापनि परम्परागत धारणालाई चिर्दै मेकअप गर्छु, रातो लगाउँछु, मेरो विद्यालय पोशाकको रङ पनि रातो छ। म आत्मनिर्भर बन्न र खुसीसाथ बाँच्न चाहन्छु। जस्तोसुकै परिस्थितिमा पनि खुसीसाथ बाँच्न सक्नुपर्छ।' उनी एकल महिलाहरूलाई परामर्श दिनु महत्वपूर्ण रहेको धारणा राख्छिन्। उनीहरूलाई समाजमा पुनःएकीकरण गर्न जरुरी छ। उनी मानसिक समस्यामा परेका महिला र बालबालिकालाई परामर्श दिन चाहन्छिन्। त्यसका साथै उनी यौन शिक्षा, यौन हिंसा र हिंसासम्बन्धी जनचेतना फैलाउन पनि इच्छुक छिन्।

विद्यमान परम्परागत संरचना र संस्थागत हिंसाका बाबजुद महिला विभिन्न अवरोध छिचोल्न सफल भएका छन्। रोल्पा जिल्लाकी एक वृद्ध महिला (टीका अधिकारी) शिक्षा, स्वाभिमान र स्वतन्त्रताका लागि आफूले गरेको सङ्घर्षका कथ बेलाबेलामाा सम्झन्छिन्। पराम्परागत मानसिकता भएका परिवारमा जन्मिएकी उनलाई परिवारबाट शिक्षा लिन वञ्चित गराइएको थियो। उनको भाइलाई पढ्न पठाइयो भने उनीचाहिँ घरको काम सघाउन व्यस्त हुन्थिन्। पढाइलेखाइमा अत्यन्त रुचि राख्ने उनले भाइलाई नेपाली अक्षर आफ्नो कोठाको भित्तामा लेख्न लगाउँथिन्। यो क्रियाकलाप देखेर उनलाई बुबाले कुटपिटसमेत गरे। उनको भाइले सहयोग गर्ने प्रयास गरे तर उनले आफ्नो पढाइ अगाडि बढाउन सकिनन्।

पछि उनको विवाह उच्च पदमा रहेका सरकारी अधिकृतसँग भयो । विवाहपछि घरमा उनलाई देवरले अशिक्षित भन्दै अपमान गर्न थाले । त्यसपछि श्रीमान्ले उनलाई अनौपचारिक शिक्षा हासिल गर्न प्रोत्साहन गरे र उनको श्रीमान् र घर परिवारको सहयोगले उनले कक्षा १० सम्मको पढाइ पूरा गरिन् । दुर्भाग्यवश उनको श्रीमान् सशस्त्र द्वन्द्वमा मारिए । अझै पनि उनी श्रीमान्को लागि न्याय खोज्दैछिन् । आफूले गरेको वर्षौंदेखिको सङ्घर्ष र सिकाइका फलस्वरूप उनी अहिले माइक्रो फाइनान्स तथा बालिका र महिलाहरूका लागि सुरक्षित आवास पनि सञ्चालन गछिन् । महिला र बालिकाहरूको पक्षमा पैरवी पनि गर्छिन् । त्यति मात्र नभएर उनी यतिखेर महिला समूहकी अध्यक्ष पनि हुन् ।

नेटुवा समुदाय (नटुवा वा नटका नामले समेत चिनिने) एक सीमान्तकृत समुदाय हो । कुमारी नेटुवा कपिलवस्तुको नेटवा समुदायकी हुन् र उनी ऐलानी जग्गामा रहेका २२ घर-परिवारमध्ये एकमा बस्छिन् । उनको समुदायका अधिकांश महिला जस्तै उनी पनि शिक्षाबाट वञ्चित थिइन् । उनी दैनिक गुजारा प्रायः खाना र पैसा मागेर चलाउँछिन् । अहिले उनले नेटुवा समुदायको अधिकारका लागि र घरभित्र र बाहिर लैङ्गिकतामा आधारित भेदभाव र धम्कीहरूबाट प्रभावित विशेषगरी बालिका र महिलाका लागि पैरवी गर्छिन् । उनी अहिले आफ्नो समुदायको हक हितविपरीत केही भयो भने त्यसविरूद्ध आवाज उठाउँछिन् । त्यति मात्र नभएर उनी अहिले आफ्नो समुदायमा मद्यपानविरुद्ध पनि लागिपरेकी छिन् । उनी यस्ता क्रियाकलापमा लागिरहँदा पनि कुनै नागरिक सङ्गठन र संस्थामा आबद्ध भने छैनन् ।

रीताकुमारी कपिलवस्तु जिल्लाको वाणगङ्गा नगरपालिकाकी उपमेयर हुन् । उनी एक दशक भन्दा बढी समयदेखि राजनीतिकरूपमा सक्रिय छिन् र अल्पसङ्ख्यक र महिलाका मुद्दा उठाइरहेकी छिन् । उपमेयरको हैसियतमा उनी न्यायिक समितिको अध्यक्ष पनि हुन् । उनी प्रायः जग्गासम्बन्धी मुद्दा सम्बोधन गर्छिन् तर घरेलु हिंसा, सम्बन्ध विच्छेद र द्वन्द्वसम्बन्धी घटना पनि बढ्दै गएको बताउँछिन् । उनी आफू महिला भएका कारणले महिला र बालबालिका आफ्ना समस्या खुलेर राख्न सहज मान्ने गरेको बताउँछिन् । तर पनि उनी महिलाका लागि सबै तहमा चुनौती रहेको दाबी गर्छिन् । उनले प्रायः आफ्ना पुरुष सहकर्मीहरूको विरोध र प्रतिरोधको सामना गर्नुपरेको छ । सर्वसाधारणले पनि उनको क्षमतामाथि प्रश्न उठाएका छन् तर उनले सङ्घर्ष जारी राखेकी छिन् । उनको कार्यले किशोरीहरूलाई एक असल नेतृ बन्न र आफ्नो भाग्य आफैँ बनाउन उत्प्रेरित गराएको छ ।

### ५.१.ख. मानव अधिकार पैरवीका लागि महिला

समावेशी लोकतान्त्रिक समाजको परिकल्पनाले महिलाको समान सहभागिताको माग गर्छ । महिलाहरू लामो समयदेखि विभिन्न सामाजिक–सांस्कृतिक, राजनीतिक र कानुनी संरचनाहरूद्वारा पछि पारिएका छन् र उनीहरू मौन हुन बाध्य पारिएका छन् । महिला समुदाय विविधतायुक्त छ भन्ने कुरा बुझ्नु महत्वपूर्ण छ, महिलाका अनुभवहरू उनीहरूको अन्तरक्रियात्मक पहिचानबाट प्रभावित हुन्छन्, जस्तै– वर्ग, नश्ल, यौनिकता, अपाङ्गता, उमेर, लैङ्गिकता र अन्य असमानताका स्वरूप आदि । यसरी विविध पृष्ठभूमि र अनुभव भएका महिलाहरूलाई निर्णायक भूमिकामा सहभागी गराउन प्रोत्साहित गर्नु महत्वपूर्ण छ ।

यसले लैङ्गिक समावेशी नीति सुनिश्चित गर्छ । यो मानव अधिकारको दृष्टिकोणमा आधारित छ जसले महिला र बालिकाहरूका अनुभवहरू उनीहरूका पुरुष समकक्षीहरूका अनुभव भन्दा भिन्न हुन्छन् र तिनीहरू आपसमा समेत भिन्न हुन्छन् भन्ने मान्यता राख्छ । यसले सामाजिक परिवर्तन ल्याउन सामूहिक शक्ति भएका व्यक्तिहरू सहभागी आन्दोलन र गठबन्धनको क्षमता विस्तार गर्ने रणनीतिहरू कार्यान्वयन गर्नमा पनि मद्दत गर्छ । यो अभियानले समाजमा रहेको शक्ति सन्तुलन परिवर्तन गर्ने लक्ष्य राख्छ । विभिन्न अनुसन्धानले महिलाले मानव अधिकारका लागि लड्न र सकारात्मक परिवर्तन ल्याउन खेलेका महत्वपूर्ण भूमिका पुष्टि गरेको छ ।

रोल्पाकी तीर्थ अधिकारी सशस्त्र द्वन्द्व प्रभावितको अधिकारका क्षेत्रमा कार्य गर्दै आएकी छन् । उनले सशस्त्र द्वन्द्वमा परेका महिलाको पुनरुस्थापना र उनीहरूले भोगेका यौन हिंसाका लागि न्याय दिलाउन पैरवी गर्दै आएकी छिन् । उनी घर-परिवारबाट निकाला गरिएका, घरेलु हिंसा प्रभावित र बहुविवाहको शिकार भएका महिला र बालिकाहरूका लागि सुरक्षित आवास सञ्चालन गर्छिन् । उनी ईँटा भट्टा जस्ता उच्च जोखिमयुक्त कार्यस्थलहरूमा काम गर्ने योजना बनाएका महिला र बालिकाहरूलाई पनि परामर्श दिन्छिन् । कपिलवस्तुमा सोफिया खातुन जस्ता महिलाले मुस्लिम महिलाको शिक्षा, स्वास्थ्य उपचार सेवामा पहुँच र दाइजो प्रथासम्बन्धी मुद्दा उठाइरहेका छन् । बाँकेमा मैमुना सिद्दिकी जस्ता मानव अधिकारकर्मीले मुस्लिम महिलाको अधिकार, अझै विशेषगरी नागरिकताको मुद्दामा आवाज उठाइरहेकी छन् ।

बाँकेको मुस्लिम समुदायमा महिलाले विवाहपछि नागरिकता लिने गर्छन् र महिलाले कहिले नागरिकता पाउँछन् भन्ने कुरा उनको पति र परिवारको इच्छामा भर पर्छ । यी पक्षले धेरै मुस्लिम महिलाको जीवनलाई असर गर्छ विशेषगरी नागरिकता प्रमाणपत्रसँग प्रत्यक्ष सम्बन्धमा रहेका धेरै सेवाहरूमा, जस्तै– प्रसूति हेरचाह, खोपहरू र अन्य स्वास्थ्य सेवाहरूमा पहुँच प्राप्त गर्नबाट उनीहरूलाई बञ्चित बनाएका हुन्छन् । यसबाहेक अन्य समुदायमा हुने विवाह प्रक्रियाहरूको तुलनामा मुस्लिम समुदायको विवाहमा रहेका भिन्नताले पनि मुस्लिम महिलालाई सम्पत्ति र भत्ताको अधिकार जस्ता अन्य मौलिक मानव अधिकारहरू उपभोग गर्नबाट रोक्छ ।

मुस्लिम विवाहहरू परम्परागतरूपमा धार्मिक नेताहरू र अन्य वरिष्ठ हरूको उपस्थितिमा दर्ता हुन्छन् जुन प्रायः सरकारी कार्यालयमा दर्ता हुँदैनन् । साथै मुस्लिम समुदायहरूमा सम्बन्ध विच्छेद विशेषगरी मौखिकरूपमा हुन्छन् । वडा कार्यालयमा विवाह दर्ता प्रक्रिया नभएपछि र मौखिक सम्बन्ध विच्छेद भएमा मुस्लिम महिलालाई श्रीमान्को तर्फबाट पाउने सुविधा र सम्पत्तिको हक दाबी गर्न निकै कठिनाइ हुन्छ । मुस्लिम परिवारहरूमा पनि बहुविवाहका घटना छन् जुन अन्य जिल्लामा पनि समस्याका रूपमा उठाइएको थियो । सिद्दिकी र उनको फाउन्डेसनले मुस्लिम महिलाको नागरिकतासम्बन्धी अधिकारबारे पैरवी गर्दै आएको छ । मुस्लिम बालिकाहरूलाई विद्यालय पठाउन प्रोत्साहन गर्न उनले स्थानीय अधिकारीहरू र धार्मिक नेताहरूसँग मिलेर पनि काम गरिरहेकी छिन् । आफैँ पनि मुस्लिम भएकाले मुस्लिमहरूका अनुभव राम्ररी बुझ्नेमा उनी विश्वस्त देखिन्छिन् ।

सीमान्तकृत समुदायका सदस्यहरू आफ्नो मुद्दाको पक्षमा पैरवी गर्न कसरी सबै भन्दा उपयुक्त पात्र हुन्छन् भन्ने अर्को उदाहरण हुन हिरामोती चौधरी । उनी आफैं पनि पूर्वकमलरी हुन् र करिब २ दशकदेखि पूर्वकमलरीको अधिकारका लागि पैरवी गर्दै आएकी छिन् । उनी पूर्वकमलरीहरूको अधिकारको लडाइँमा अग्रपङ्क्तिमा रहेकी छिन् । कमलरीलाई सरकारले जति सहयोग गर्दै आएको भनिए तापनि कमलरीमध्ये धेरैले अहिलेसम्म सरकारबाट खासै सहयोग नपाएको र धेरैजना परिचयपत्र पाउनबाटै बञ्चित भएको उनको भनाइ छ । तर कतिपय कमलरीले आफ्नै दृढ सङ्कल्पले राम्रो काम गरिरहेका छन् भने उनले यसरी काम गर्ने कमलरीहरूलाई साथ पनि दिइरहेकी छिन् । उनले कमलरी महिलाको अधिकारका लागि अभियान जारी राख्दै सरकारको लैङ्गिक र पक्षपाती नीतिप्रति ध्यानाकर्षण पनि गराएकी छिन् । वि.सं. २०५८ (सन् २००२) को कमैया श्रम (निषेध गर्ने) ऐनले कमलरीलगायतका अन्य प्रकारका कमैया श्रममा रहेका अन्य रूपहरूमा लागु हुने स्पष्टरूपमा उल्लेख गरेको छ तर जग्गा र पुनर्स्थापनाको व्यवस्था पूर्वकमैयालाई मात्र दिइएको थियो (धेरै अझै बाँकी छन्) ।

उनी थप्छिन् कि पूर्वकमैयाहरूलाई घर बनाउन जग्गा प्रदान गरिएको थियो तर यस्तो कुनै व्यवस्था कमलरी वा बुर्खराइहरूका लागि भने गरिएन जबकि उनीहरू पनि श्रम शोषण गरिएको त्यही प्रणालीको हिस्सा थिए ।

उनीहरूले प्राप्त गरेका पुनर्स्थापना, सामाजिक पुनःएकीकरण र शिक्षाको प्रावधान निकै सीमित थियो । यसबाहेक, लामो पर्खाइको कारण दर्ताको समयमा विवाह गरेका केही कमलरीलाई प्रक्रियामा समावेश गरिएको थिएन । भूमि सुधार प्रतिवेदन (भूमि सुधार पहल) ले पनि कमैयाका लागि मात्र सिफारिस गरेको थियो । उनले कमलरी प्रथा (अभ्यास) उत्परिवर्तन भइरहेको तथ्यलाई पनि ध्यानाकर्षण गराए । उनका अनुसार दाङमा अझै पनि धेरै जग्गा धनीले अधिया बटैयाको काम गर्न चाहने आमाबुवालाई उनीहरूका छोरीलाई जग्गा धनीको भाँडा माइन लगाउँछन् ।

महिला मानव अधिकार रक्षकहरूले मानव अधिकार उल्लङ्घनका बारेमा अनुसन्धान, जानकारी सङ्कलन र रिपोर्ट गर्छन् । तिनीहरूले पैरवीका रणनीतिहरू र राज्यलाई यसको दायित्वहरू सम्झाउन जनमत परिचालन जस्ता विधि प्रयोग गर्छन् । उनीहरू आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका लागि पनि अभियान चलाउँछन् । यद्यपि मानव अधिकार रक्षकहरू, विशेषगरी महिलाले आफ्नो कामका कारण प्रायः कलङ्क, उत्पीडन र प्रत्यक्ष आक्रमणहरू पनि सामना गर्छन् जसको उद्देश्य मुखर नेतृ, सामुदायिक अभियन्ता, मानव अधिकार रक्षकहरू र राजनीतिकर्मीहरूका रूपमा उनीहरूको भूमिकालाई मौन पार्ने र कमजोर पार्ने हुन्छ । हिरामोती जस्ता मानव अधिकारकर्मी पनि यसबाट अछूतो छैनन् । भर्खरै सञ्चालित एउटा कार्यक्रममा एक पुरुष आयोजकले मञ्चमा आफूलाई अपमानित गरेको पनि उनी सम्झन्छिन् ।

महिला अधिकारको पक्षमा पैरवी गर्ने दृष्टिकोण महिलाका लागि मात्र गरिएको वकालत होइन भन्ने कुरा बुझ्नु महत्वपूर्ण छ । यसले समग्ररूपमा सबैका लागि वकालत गर्ने दृष्टिकोणलाई मूर्त रूप दिन्छ । समूहकेन्द्रित छलफलका क्रममा महिलाहरूद्वारा व्यक्त कुराहरू यिनै प्राथमिकताहरूमा आधारित छ । योजना प्रक्रियाका क्रममा शक्तिको विश्लेषण गर्ने कार्यले प्रक्रिया र विधिहरू समावेशी छ भन्ने सुनिश्चित गर्छ । फलस्वरूप महिला र बालिकाहरूको आवाज र साहस मानव अधिकारको रक्षा गर्ने आन्दोलनका लागि महत्वपूर्ण रहन्छ । उनीहरूको दृष्टिकोण यस आन्दोलनका लागि अभिन्न अङ्ग थियो, छ र रहनेछ ।

**५.१.ग. लैङ्गिक–उत्तरदायी नीति र कार्यक्रमको महत्व**

विगत २ दशकमा नेपाललाई लैङ्गिक समानतातर्फको उचाइमा पुर्‍याउन थुप्रै प्रगतिशील कानुनहरूमा सुधार भएका छन् । संविधानले महिलाका लागि मौलिक हक, वंशज र लिङ्ग (आमा वा बाबुको नाम) का आधारमा पहिचानसहितको नागरिकता, महिलाका लागि सङ्घीय संसद्को ३३ प्रतिशत सिट आरक्षण, राज्यका निकायमा महिला प्रतिनिधित्वको प्रत्याभूति, समानुपातिक प्रतिनिधित्वलगायतका विभिन्न अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी महिलालाई सुरक्षित र सम्मानजनक जीवन सुनिश्चित गर्ने उद्देश्यले कानुनी प्रावधान छन्, जस्तै– सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६, मुलुकी अपराध संहिता २०७४ र राजनीतिक दलबाट मेयर वा उपमेयर पदका लागि एकजना महिला हुनुपर्ने व्यवस्था गरेको स्थानीय तह निर्वाचन ऐन २०७३ ।

यी व्यवस्था महिला अधिकार सुनिश्चितताका लागि कोसे ढुङ्गा बनेका छन् । बृहत्रूपमा विश्लेषण गर्दा ३ वटै तहका सरकारमा ३३ प्रतिशत भन्दा बढी महिला सांसद छन् । त्यस्तै प्रतिनिधि सभामा ९१ जना महिला सांसद निर्वाचित भएका छन् । त्यसैगरी प्रत्यक्ष निर्वाचित हुने प्रणालीद्वारा निर्वाचित प्रतिनिधि सभामा १६५ सांसदमध्ये ९ जना मात्र महिला छन् । त्यसैगरी समानुपातिकतर्फ ८२ महिला निर्वाचित भएका छन् । स्थानीय तहमा महिलाको सङ्ख्या ४१ प्रतिशत छ भने र १६ सङ्घीय संसद् अध्यक्षहरूमा ९ जना महिला छन् । स्थानीय तहको उपमेयर र उपाध्यक्ष पदहरूमा ९० प्रतिशत महिला छन् भने उनीहरूले ४ वटा मुख्य क्षेत्रहरू न्यायिक समिति, आम्दानी परामर्श समिति र बजेट तथा कार्यक्रम समितिहरूको नेतृत्व गर्छन् ।[47] महिलाको साक्षरता दरसमेत सुधार भएको छ जहाँ ६९.५ प्रतिशत महिला शिक्षित छन् ।[48] औपचारिक श्रम शक्तिमा महिलाको सहभागिता सुधारोन्मुख छ ।[49]

त्यसैगरी समुदायस्तरका महिलामा पनि परिवर्तन आएको छ । सबै समूहकेन्द्रित छलफलका सहभागीले महिलाको जीवन अघिल्ला वर्षहरूको तुलनामा राम्रो हुँदै गएको पुष्टि गरे । महिला र बालबालिका पहिलेको जस्तो कठिनाइबाट गुज्रनुपर्दैन भन्ने धेरै वृद्धको भनाइ रह्यो । बालिकाहरूलाई घरायसी काममा मात्र सीमित नगरी अध्ययन गर्न पनि प्रोत्साहित गरिन्छ । तसर्थ उनीहरू आत्मनिर्भर र आत्मविश्वासी बन्दै गएका छन् । अधिकांश सहभागीका लागि सबै भन्दा स्पष्ट परिवर्तन घरबाहिर महिलाहरूको गतिशीलतामा भएको वृद्धि थियो । उल्लेखनीय परिवर्तन नभए पनि महिला र बालिकाहरूले आत्मनिर्णयका लागि थप अवसर पाउन थालेका छन् । सामाजिक

[47] Ajita, Rijal, “Improved Status of Women in Republic Nepal”, The Raising Nepal, May 26, 2023, https://risingnepaldaily.com/news/27277
[48] My Republica, “Nepal's Literacy Rate Rises To 76.3 Percent”, March 24, 2023, https://shorturl.at/depD2

[49] Shrestha, Prithvi Man, “Only 22 Percent of Working-Age Women Are Employed In Nepal”, The Kathmandu Post, May 3, 2019, https://kathmandupost.com/valley/2019/05/02/only-22-percent-of-working-age-women-are-employed-in-nepal

मानसिकतामा क्रमिक परिवर्तन भइरहेको अवस्था छ र अवसर पाएमा महिलाले उल्लेखनीय उपलब्धि हासिल गर्न सक्नेछन् । कतिपय अवस्थामा परिवारले आफ्ना छोरीहरूको शिक्षा र भविष्यका लागि लगानी गरिरहेका छन् जसले धेरैले महिला र पुरुषबीचको असमानतामा कमी ल्याउने विश्वास गर्छन् ।

संविधानमा महिलाका लागि समान सम्पत्तिको हकको व्यवस्था र सम्पत्तिको संयुक्त स्वामित्व जस्ता प्रगतिशील कानुनले धेरै महिलालाई जग्गा प्राप्त गर्न मद्दत गरेको छ । भर्खरैको नागरिकता विधेयकले धेरै एकल आमा र विदेशी श्रीमान् भएका महिलाका बच्चाहरूलाई नागरिकता लिन मद्दत गरेको छ । बाँकेकी एक सहभागीले भारतीय पुरुषसँग विवाह गरे पनि नेपालमा बस्दै आएको बताइन् । अहिलेसम्मका कानुनले उनका छोराछोरीलाई नागरिकता पाउनबाट रोकेको थियो । उनकी जेठी छोरीसँग नागरिकताको प्रमाणपत्र नभएकाले पढाइका लागि विदेश जान सकेकी थिइनन् ।

उनीसँगको समूहकेन्द्रित छलफलको दिन राष्ट्रपतिद्वारा नागरिकता संशोधन विधेयकको ऐतिहासिक अनुमोदनपछि उनका ३ छोराछोरीमध्ये २ ले अन्ततः नागरिकता पाए । उनले खुसी व्यक्त गर्दै आफ्ना छोराछोरी र अरू धेरै बच्चाका लागि यो सम्भव गराउने सबै नीति निर्माता र अधिवक्ताहरूलाई धन्यवाद दिइन् । उनी आफ्ना छोरीहरूले अन्ततः आफ्नो मातृभूमिको नागरिकका रूपमा मान्यता पाएकाले खुसीले नाचेको सुनाउँछिन् । त्यसैगरी तुलसीपुरका वादी महिलाले पनि आफ्नो जस्ता समुदायका लागि विशेष व्यवस्था गरी नागरिकता पाउन सकेका छन् । यो कानुनले रोल्पाका धेरै एकल महिला र तिनका बालबालिका, बाँकेका वादी महिला र अन्यलाई सहयोग गर्नेछ ।

शिक्षामा महिलाको पहुँचलाई प्रवर्धन गर्ने कानुन, घरेलु हिंसाविरुद्धको कानुन र निःशुल्क कानुनी सेवाको प्रावधानले महिलालाई न्याय खोज्न प्रोत्साहित गर्न भूमिका निर्वाह गरेको छ । यद्यपि यस विषयमा धेरै प्रगति भइसकेको भए तापनि न्यायका लागि आवाज उठाउने महिलाको सङ्ख्या अझै धेरै उल्लेखनीय छैन भन्ने पक्षमा पनि ध्यान दिनु जरुरी छ । अनुसन्धानका क्रममा अधिवक्ता, मानव अधिकार रक्षक, नेपाल बार एसोसिएसनका प्रतिनिधि, स्थानीय प्रतिनिधि, सुरक्षाकर्मीलगायतका सरोकारवालाले अहिले न्याय खोज्ने महिलाको सङ्ख्या बढेको पुष्टि गरेका छन् ।

## ५.२. युवा

### ५.२.क. मानव अधिकार प्रवर्धनमा युवा नेतृत्वका पहल

देशभित्र मानव अधिकार संरक्षणमा युवाहरूको महत्वपूर्ण भूमिका हुन्छ । मानव अधिकार भनेको उनीहरूका लागि आफ्नो आवाज, शक्ति र आकाङ्क्षाहरू हुन् । मानिसहरूको मानसपटलमा मानव अधिकारको महत्व स्थापित गर्दै भविष्यका पुस्ताहरूका लागि यी अधिकारहरू संरक्षण गर्ने क्षमता युवाहरूले राख्छन् । युवाहरू बालबालिका र वयस्कहरूलाई जोड्ने पुलको रूपमा समेत काम गर्छन् जसले दुवै समूहलाई मानव अधिकारको सन्देश प्रवाह गर्छ ।[50]

उत्प्रेरित र शिक्षित हुँदा विश्वभर र नेपालमा युवाहरू मानव अधिकारको प्रवर्धन र संरक्षणमा अग्रपङ्क्तिमा छन् । नेपालका सबै सामाजिक आन्दोलनहरूमा युवाहरूले सामाजिक–राजनीतिक रूपान्तरणका लागि महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए । उनीहरूले धेरै सामाजिक–राजनीतिक मुद्दाको नेतृत्व गरेका छन् र राष्ट्रिय र अन्तर्राष्ट्रिय अन्यायहरूविरुद्ध उभिएका छन् । त्यसैले मानव अधिकार प्रवर्धन र संरक्षणका लागि युवाहरूको भूमिका महत्वपूर्ण छ ।

रोल्पामा द्वन्द्व प्रभावितहरूलाई सङ्घीय र स्थानीय सरकारले बेवास्ता गरेको भए पनि केही युवा उनीहरूको पुनर्स्थापना, एकीकरणका लागि सक्रियता साथ खुलेर संवाद गर्न उत्प्रेरित गर्दैछन् । उनीहरूले सङ्क्रमणकालीन न्याय प्रक्रियालाई पुनर्जीवित गर्नका लागि सङ्घीय सरकारसँग सक्रियरूपमा काम गर्न स्थानीय सरकारलाई समय–समयमा दबाब दिइरहेका छन् । रोल्पाका अपाङ्गता भएका एक युवाले दृष्टिविहीनहरूका लागि ब्रेल तालिम सुरु गर्न स्थानीय सरकारलाई सहमत गराउन सफल भए । उनले विशेषगरी रोल्पा जस्ता दुर्गम क्षेत्रका अपाङ्गता भएका व्यक्तिले भोग्ने चुनौतीहरूप्रति ध्यानाकर्षण गराउने प्रयास कायम राखेका छन् । रोल्पाका दलित युवाहरूले पनि छलफल कार्यक्रमहरू र कार्यशालामा सहभागी हुँदै दलितमाथि हुने भेदभावका मुद्दा जनतासम्म पुर्याइरहेका छन् ।

गोठ प्रथाका कारण विद्यालय जानबाट वञ्चित रोल्पाका युवा/युवतीले युवा तथा बालबालिका र विशेषगरी बालिकामा पर्ने असरबारे समुदायसँग छलफल गरिरहेका छन् । रोल्पामा पनि कतिपय युवाले कृषिमा रूपान्तरणका लागि पैरवी गरिरहेका छन् । अध्ययन गरिएका सबै क्षेत्रका अधिकांश युवाले आफूहरूमा संविधानले प्रत्याभूत गरेको आधारभूत मानव अधिकार र मौलिक स्वतन्त्रताको बुझाइ नभएको बताए । यही कुरालाई ध्यानमा राख्दै लुम्बिनी प्रदेश सांसद तथा युवा नेता साहिल अन्सारीले प्रदेशस्तरमा हात हातमा संविधान' अभियान सुरु गरेका हुन् । यस पहलले स्थानीय समुदायका सबै उमेरका मानिसलाई उनीहरूको अधिकारबारे आधारभूत ज्ञान प्रदान गर्ने लक्ष्य राखेको छ ।

नेपालमा सम्पत्ति शुद्धीकरण, यौन दुव्र्यवहार, जुवा, साइबर बुलिङ, अनलाइन दुव्र्यवहार र अनलाइनमार्फत फकाइफुलाइ गरिने साइबर क्राइम (कम्प्युटर वा इन्टरनेटका माध्यमबाट गरिने अपराध) बढ्दै गएको छ भने यी समस्या नेपालगन्जका पनि हुन् । यो समस्या पहिचान गर्दै सूचना प्रविधि, डिजिटल सुरक्षा र सामाजिक सञ्जालको ज्ञान भएका युवाहरूले एउटा सानो (४ देखि ५ सदस्य भएको) अनलाइन समूह बनाएका छन् जसले डिजिटल कानुन, डाटा सुरक्षा, इ–कमर्स, साइबर बुलिङ र जिम्मेवारीपूर्वक सामाजिक सञ्जालको प्रयोगसम्बन्धी प्रशिक्षण सत्र सञ्चालन गर्छ । उनीहरूले आफ्नो कामबाट यस क्षेत्रमा व्याप्त साइबर अपराध कम गर्न मद्दत पुग्ने विश्वास लिएका छन्।

तुलसीपुरका युवाहरू स्थानीय सरकारको पहरेदार बनेका छन् । भर्खरैको घटनामा उनीहरू २० लाख रुपियाँको भ्रष्टाचारको घटना सम्बन्धित अधिकारीहरूलाई जानकारी गराएर बाहिर ल्याउन सफल भएका थिए । उनीहरू भ्रष्टाचारविरुद्धको आन्दोलनमा पनि सक्रिय छन् । महामारीको समयमा सबै जिल्लाका युवाले सहयोगका लागि रकम

[50] Your Commonwealth, "Youth Can Take An Active Role In Human Rights", January 5, 2014, https://yourcommonwealth.org/social-development/youth-can-take-an-active-role-in-human-rights/#:~:text=Thus%20human%20rights%20are%20simply,nexus%20between%20children%20and%20adults

सङ्कलन र स्वयंसेवा गरेर योगदान गरेका छन् । यद्यपि उनीहरूका अथक प्रयासको बावजुद युवाहरू आफ्नो उमेरका कारण नेतृत्व, सहभागिता र निर्णय गर्ने कुराहरूमा अवरोध सामना गरिरहन्छन् ।

**५.२.ख. सामाजिक न्याय र सकारात्मक परिवर्तनका लागि युवा नेतृत्वका अभियान**

युवाहरू देशका भावी कर्णधार हुन् जसले राष्ट्र निर्माण, आर्थिक विकास र सामाजिक रूपान्तरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । उनीहरूमा सकारात्मक परिवर्तन ल्याउने र समाजमा महत्वपूर्ण योगदान पुर्याउने क्षमता छ जुन अध्ययन गरिएको क्षेत्रमा पनि प्रष्ट देखिन्थ्यो । युवा परिषद्सँगको सहकार्यमा नेपालगन्जका युवाहरू शहरलाई दिगो र वातावरणमैत्री ठाउँमा परिणत गर्न सक्रियरूपमा काम गरिरहेका छन् । उनीहरू मुख्य सडक र मन्दिर परिसरको सरसफाइ, बिरुवा रोप्ने र यी गतिविधिको प्रगति र मर्मतसम्भारको अनुगमन गर्ने कार्य गर्छन् । साथै युवा नीति र युवा भिजन २०३० कार्यान्वयनमा प्रगति हुन नसक्दा उत्पन्न भएको निराशाको परिस्थितिबीच उनीहरूले स्थानीय तहका लागि युवा रणनीतिको मस्यौदा तयार गरी स्थानीय सन्दर्भमा नीति समायोजन गरी आफूअनुकूल परिणत गरेका छन् । स्थानीय नीतिका सन्दर्भमा उल्लेखनीय प्रगति प्राप्त नभए पनि युवाहरू यी रणनीति कार्यान्वयन गर्न स्थानीय सरकारसँग काम गर्ने कुरामा प्रतिबद्ध छन् ।

विदेशबाट फर्कने युवाहरूको सङ्ख्या बढ्दै गएपछि तिनीहरूमध्ये कतिपयले आफ्नो सिपलाई स्वदेशमै प्रयोग गर्न थालेका छन् । उदाहरणका लागि भर्खरै युरोपमा स्नातकोत्तर पूरा गरेका एक युवा सामुदायिक विद्यालयमा पढाउन थालेका छन् । विदेशमा सिकेको ज्ञानको आधारमा विद्यार्थीलाई सिकाइका लागि फराकिलो दृष्टिकोण दिनु उनको उद्देश्य हो । तर विद्यालय प्रणालीमा व्याप्त नातावाद र राजनीतिक हस्तक्षेपका कारण सामना गर्नुपरेको चुनौतीहरूले गर्दा उनलाई आफ्नो कामलाई निरन्तरता दिन झनै कठिन भएको छ । यसबाहेक धेरै युवा जीविकोपार्जनको माध्यमका रूपमा कृषिमा लागेका छन् । रोल्पामा युवाहरू तरकारी खेती र मरिच जस्ता मसला खेतीको काममा लागेका छन् । उनीहरूले सरकारसँग यान्त्रिकीकरण (मेसिनको प्रयोग), कृषिको व्यावसायीकरण र शीतभण्डार स्थापनामा लगानी गर्न सक्रिय भएर पैरवी गरिरहेका छन् ।

रोल्पा नगरपालिकाका मेयर सुरेन्द्र थापाले युवाका यी मागलाई सरकारको वार्षिक योजनामा समावेश गरिएको बताए । दाङमा केही युवाले कृषिका लागि जग्गा भाडामा लिएका छन् जसबाट उनीहरूलाई शिक्षाका लागि आवश्यक पर्ने खर्च जुटाउन सहज भएको छ । त्यस्तै कपिलवस्तुमा युवाहरूको सानो समूहले तरकारी खेतीमा लगानी गरेको छ । उनीहरूले यी तरकारी र नजिकैबाट सङ्कलन गरिएका अन्य तरकारीहरू भैरहवा र बुटवल जस्ता शहरमा आपूर्ति गर्छन् । उनीहरूले दुग्धजन्य व्यवसाय पनि सुरु गरेका छन् जसले दुग्धजन्य उत्पादनहरू सङ्कलन गरी नजिकैका क्षेत्रमा आपूर्ति गर्छ ।

बाँकेको खजुरा गाउँपालिकामा रहेको धौलागिरि पञ्चेबाजा समूहले विशेष अवसर, चाडपर्व र जमघटमा साङगीतिक प्रस्तुति दिने म्युजिकल अर्केस्ट्रा स्थापना गरेको जस्ता अन्य केही प्रेरणादायी कथासमेत छन् । यसले रचनात्मक पक्ष, आय आर्जन र परम्पराको संरक्षणका लागि भएका उत्कृष्ट कार्यको उदाहरण स्थापित गर्दछ । यसबाहेक युवाहरूले आफूहरू सहभागी हुने सम्भावित क्षेत्रहरू पहिचान गरेका छन् जुन विशेषगरी कृषि क्षेत्र देखिन्छ । नेपालले अहिले नेपालगन्ज नाकाबाट ठूलो परिमाणमा तरकारी आयात गर्ने गरेको छ ।

स्थानीय स्तरमा उत्पादन हुने फलफूल तथा तरकारीको यान्त्रिकीकरण र बजारीकरणबाट हजारौँ युवा लाभान्वित हुने युवाहरूको विश्वास छ । उनीहरू पर्यटन र होटेल क्षेत्रलाई आफूहरू सक्रियरूपमा सहभागित हुने प्रमुख क्षेत्रका रूपमा लिन्छन् ।

**५.२.ग. मानव अधिकार संस्कृति प्रवर्धन गर्न अन्तरपुस्ता संवाद**

पितृसत्ता कायम नेपाल जस्तो समाजमा आफ्ना कुरा अभिव्यक्त गर्ने र निर्णय गर्ने सन्दर्भमा युवाहरूलाई पन्छाउने गरिन्छ । युवाहरूविरुद्ध हुने भेदभाव सम्बोधन गर्न र उनीहरूलाई अधिकार प्रयोगबाट रोक्ने बाधाहरू हटाउन विशेष संरक्षण आवश्यक छ । एकातिर उनीहरूलाई उचित शिक्षा, रोजगारी र व्यक्तिगत विकासमा पहुँच छैन भने अर्कोतर्फ तिनीहरू प्रायः घरमा सामाजिक र आर्थिक दबाबको सामना गर्छन् ।

अझ उनीहरू आफूहरूलाई परिवारले गलतरूपमा बुझेको महसुस गर्छन् । स्वदेशमै विकल्प अभावका कारण धेरै युवा वैदेशिक रोजगारी खोज्न बाध्य छन् जसले गर्दा उनीहरू विभिन्न प्रकारका हिंसामा पर्छन् । प्रायः अभिभावक आफैंले आफ्ना छोराछोरीलाई विदेश गएर पैसा कमाउन प्रोत्साहन दिँदै देशमा बस्न निरुत्साहित गर्छन् । रोल्पा जस्ता ठाउँमा युवाहरू बास, शिक्षा र सामान्य सुरक्षा जस्ता आधारभूत कुराबाट वञ्चित छन् । यसले धेरै युवामा निराशाको भावना सिर्जना गरेको छ । रोल्पाका समूहकेन्द्रित छलफलमा सहभागी एक युवाले भने– अझै पनि मानसिकतामा कुनै परिवर्तन आएको छैन त्यसैले परम्परागत मानसिकताको जरा उखेल्नुपर्छ । घरमा पनि युवालाई सम्मानपूर्वक दृष्टिकोणले हेरिनुपर्छ ।

बाँके र कपिलवस्तु जस्ता क्षेत्रमा मानसिक तनाव र अन्य मानसिक स्वास्थ्यसम्बन्धी समस्या बढ्दै गएको छ । धेरै युवा रचनात्मक ठाउँहरूको अभावमा र उनीहरूको सबै भन्दा रचनात्मक तथा जीवनका स्वर्णिम वर्षहरूमा नै श्रमशक्तिबाट बहिष्कृत भएपछि लागुऔषधको प्रयोगमा लागेका छन् । बाँकेका सहभागीहरूका अनुसार यो समस्याबाट मुख्यतया गरिब पृष्ठभूमिका बालबालिका बढी प्रभावित भएका छन् । आफू अभ्यस्त लत नियमित गर्न र जीविकोपार्जनका लागि धेरै युवाहरू अवैध लागुऔषध कारोबारमा पनि संलग्न छन् । युवा पुस्तासँग आमा-बाबु र पुरानो पुस्ताबीचको सञ्चार अभावले लागुऔषध प्रयोगको समस्या बढाएको छ । यो समस्या बाँके र कपिलवस्तुमा बढ्दो आत्महत्यासँग पनि जोडिएको धेरैको विश्वास छ ।

कपिलवस्तुमा दैनिक औसतमा दुई र बाँकेमा ६ देखि ७ आत्महत्याका घटना हुने गरेको छ । बाँकेका केही युवा यो अवस्था बिग्रनुमा आमा-बाबुको पनि जिम्मेवारी महसुस गर्छन् । आमा-बाबुले प्रायः आफ्ना छोरा/छोरीमा देखिएको दुर्व्यसन हटाउन सहयोग गर्नेतर्फ पर्याप्त गम्भीरतासाथ सोच्दैनन् । कतिपय अवस्थामा त आमा-बाबुले नै पनि

आफ्ना छोरा/छोरीको लागुऔषधको लतलाई सामान्य ठानेर विरोध गर्दैनन् । जसले युवाहरूलाई प्रोत्साहित गरेको देखिन्छ । यस्तो अवस्थामा युवा र पुरानो पुस्ताबीच अन्तरपुस्ता संवाद प्रवर्धनले समस्या कम गर्न मद्दत गर्न सक्छ ।

अन्तरपुस्ता संवादहरू पुरानो र युवा पुस्ताहरूलाई एकै ठाउँमा ल्याएर अन्तरक्रियात्मक र सहभागितामूलकरूपमा छलफल गराउने थलो हुन् जसबाट दुवै पक्षबीच साझा ज्ञान, सामूहिक अनुभव र बुझाइमा एकरूपता सिर्जना गर्न मद्दत पुग्छ । समुदायका समस्याको साझा परीक्षण र समाधानहरू पत्ता लगाउन अन्तरपुस्ता संवाद सबै भन्दा प्रभावकारी साधन हो । अध्ययन क्षेत्रमा यस दृष्टिकोणले युवाहरू र उनीहरूका आमा-बाबु वा घरमा अभिभावकहरूका साथै सार्वजनिक स्थानहरूमा युवाहरू, सरकारी प्रतिनिधिहरू र कर्तव्य बाहकहरूबीचको खाडल कम गर्न मद्दत गर्न सक्छ । यस दृष्टिकोणले सार्वजनिक नीतिहरू निर्माण र प्रवर्धनलाई मार्गदर्शन गर्न सक्छ जसले समयसँगै वर्तमान विभेदकारी मूल्य/मान्यता र संस्कृतिलाई परिवर्तन गर्दै जान सक्छ ।

कामको सन्दर्भमा नैतिक मूल्यहरूको बुझाइ, सिकाइ, विश्वलाई हेर्ने दृष्टिकोण र परम्परागत अभ्यासहरूमा पुरानो र युवा पुस्ताबीचको भिन्नता स्पष्ट देख्न सकिन्छ । तसर्थ पुरानो र युवा पुस्ताबीचको मानसिकतामा रहेका भिन्नता स्वीकार गर्ने संयन्त्रहरू समाजमा स्थापना गर्नु महत्वपूर्ण छ । यसको लक्ष्य तिनीहरूलाई अलग गर्नु नभई प्रभावकारी विचारहरू ल्याउन समुदायमा सबै उमेर समूहका सबैलाई समावेश गर्ने तरिकाहरू खोजिनु मात्र हो । यी संवादले सामाजिक प्रक्रियाहरूमा युवाहरू र युवा सङ्गठनहरूको भूमिकालाई जोड दिन र तिनीहरूलाई समुदायको सक्रिय सदस्यका रूपमा पहिचान गर्न सक्छन् ।

यसले उत्प्रेरणाको अभाव, युवाहरूले भोग्ने सामाजिक–आर्थिक दबाब, उनीहरूको रुचि, आकाङ्क्षा र लागुऔषध दुव्र्यसन अनि आत्महत्याका लागि निरुत्साहन गर्ने दबाबका कारणहरू जस्ता मुद्दामा पुस्तालाई साझा बुझाइ बनाउन मद्दत गर्न सक्छ । नागरिक समाज संस्थाहरू, सरकारी निकायहरू र अन्य सम्बन्धित संस्थाले यी कार्यक्रमलाई सहज बनाउन मद्दत गर्न सक्छन् । पुस्ताहरूबीचको संवाद सुरु गर्न र थप विकास गर्दै लैजाने थलोहरू विद्यालय र सार्वजनिक स्थानहरूसमेत हुन सक्छन् ।[51] यस्ता संवाद युवालाई उनीहरूको घरभित्र मात्र नभई त्यस भन्दा बाहिर पनि नीति र निर्णय गर्ने ठाउँहरूमा उनीहरूको सहभागिता सुनिश्चित गर्न थप बलियो स्थिति निर्माण गर्न सहायक सावित हुन सक्छ ।

### ५.३ सीमान्तकृत समूहहरू

#### ५.३.क. सीमान्तकृत समुदायहरू र उनीहरूका अधिकार प्राप्तिका लागि लडाइँ

सीमान्तकृत समुदायहरूलाई मूलधारको समाज भन्दा बाहिर राख्ने संरचनात्मक अवरोधहरूको शक्ति क्षीण हुँदै गए पनि ती अझै जीवित छन् । यद्यपि सीमान्तकृत समुदायहरू यी भेदभाव र विभेदको प्रतिरोध गर्न र आफ्नो अधिकार सुनिश्चित गर्न सक्रिय छन् । अल्पसङ्ख्यक जातका रूपमा मान्यता दिइएको नेटवाको कुल जनसङ्ख्या राष्ट्रिय जनगणना २०६८ अनुसार ३०६२ जना छ । त्यस्ता ९८ जातिको विस्तृत सूची २०७४ साल वैशाख ११ गते राजपत्रमा प्रकाशित भएको थियो । तर सोही सूचीअन्तर्गत ३१८२ जना जनसङ्ख्या भएका पथ्थरकट्टा समुदायलाई सरकारले अल्पसङ्ख्यकको मान्यता दिँदै सामाजिक सुरक्षाअन्तर्गत भत्ता दिइन्छ । यसले नेटवा समुदायका धेरै सदस्यमा असन्तुष्टि पैदा गरेको छ । यसरी नेटवा समुदायले आफ्नो दयनीय अवस्था र सामाजिक कल्याणको अधिकारलाई ध्यानाकर्षण गराउँदै आएको छ । सरकारले उपलब्ध गराएका सामाजिक कल्याणको सहयोगले पथ्थरकट्टाले शिक्षामा लगानी गर्न र आफ्नो जीवनस्तर सुधार्न सक्षम भएको नेटवा समुदायका सदस्यहरू विश्वास गर्छन् ।

आफूहरूलाई पनि भत्ता दिइयो भने नेटवा समुदायको परिस्थिति पनि सुधार हुन सक्छ भन्ने उनीहरूको दाबी छ । यसबारे उनीहरूले पटक–पटक प्रदेश सरकारलाई ज्ञापनपत्र बुझाएका छन् र स्थानीय सरकारमा बारम्बार आफ्ना गुनासो राखेका छन् । कपिलवस्तुका दिलीप नेटवाले भने– म हाम्रा जनता विशेषगरी छोरी र आमालाई अनुनय-विनय गर्न पठाउने पक्षमा छैन तर हामीसँग के विकल्प छ ? हामी शिक्षित छैनौँ । हामीले राम्रो काम पाउन सक्दैनौँ । म हामीले केही नगर्ने र सरकारलाई केवल समाज कल्याणका कार्यक्रमहरू मात्र सञ्चालन गर्न आग्रह गर्ने पक्षमा छैन । तर  सबैले बुझ्नुपर्ने कुरा के हो भने यदि पर्याप्त आधारभूत कुराहरू छन् भने मात्र हामी ठूला कुराका लागि योजना बनाउन सक्छौँ । यदि हाम्रो खर्चको केही व्यवस्था भयो भने हामी शिक्षा जस्ता क्षेत्रमा लगानी गर्न सक्छौँ ।

त्यसैगरी गन्धर्व समुदायले पनि आफ्नो पहिचानको अधिकार दाबी गर्दै आएका छन् । कपिलवस्तुको बाणगङ्गा क्षेत्रमा ६५ गन्धर्व घर-परिवार छन् । परम्परागतरूपमा उनीहरू नेपालको लोकप्रिय बाजा सारङ्गी बनाउने र सङ्गीतको पेसामा संलग्न छन् । तर यो परम्परागत अभ्यास र सारङ्गी बजाउने र यससँग सम्बन्धित ज्ञान पश्चिमी वाद्ययन्त्रको प्रभावले गम्भीर सङ्कटमा परेको छ । गत वर्ष ऋषि पञ्चमीका दिनलाई सारङ्गी दिवसका रूपमा मनाउने भनेर कपिलवस्तुका बासिन्दासहित गन्धर्व समुदायका धेरै सदस्य सहभागी भएका थिए । उनीहरू अहिले सारङ्गी दिवसलाई राष्ट्रिय दिवस घोषणा गर्न राष्ट्रिय स्तरमा पैरवी गरिरहेका छन् । उनीहरूले सारङ्गी गन्धर्व समुदायको पहिचान र गरिमाको अभिन्न अङ्ग भएकाले यसको संरक्षण, प्रवर्धन र संरक्षणका लागि सरकारले सहयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

त्यसैगरी अध्ययन क्षेत्रका भूमिहीन र मोही किसानले पनि जग्गा र आवास अधिकारका लागि सङ्घर्ष जारी राखेका छन् । बाँकेको वैजनाथ गाउँपालिकामा ४४ कठ्ठा जग्गा[52] मोहियानी हकका[53]  लागि योग्य थियो । १४ वर्षसम्म अदालतमा मुद्दा चल्दा हालसम्म २२ कठ्ठा मोहीको नाममा हस्तान्तरण भएको छ । इन्द्रपुर गाउँपालिकाका मोही आशाराम अहिरले १४ कठ्ठा जग्गाका लागि ५२ भन्दा बढी मुद्दा खेपिरहेका छन् । जग्गा धनीले आफ्ना १४ आफन्तको नाममा जग्गा हस्तान्तरण गरेका थिए भने केही बेचेका थिए । यो विशेष घटनाले मिडियाको पनि ध्यान आकर्षण गरेको थियो । सरकारी कार्यालयमा मोही र जग्गा धनीबीच पक्षपात गर्ने गरेको उनीहरूको भनाइ छ । तर

---

[51] Silva, Paulo, "Intergenerational Dialogue as A Way to Diagnose and Prevent Violence", Accessed September 5, 2023, https://www.un.org/esa/socdev/family/docs/egm11/EGM_Expert_Pape_Paola_Silva.pdf
[52] Katha – Land measurement unit, mostly used in the Terai region of Nepal
[53] Mohiyani Haq – A law granting tenant partial ownership of the land they were working on

पनि ८३ वर्षीय बुढाइ गुडरिया जस्ता किसानले आफ्नो सङ्घर्ष जारी राखेका छन् । त्यस्तै सरकारले पर्याप्त ध्यान नदिएपछि दाङ, बाँके र कपिलवस्तुका भूमिहीन कमैया र कमलरीले पनि सङ्घर्ष जारी राखेका छन् ।

बाँकेका अपाङ्गता भएका व्यक्तिले पूर्वाधारको पहुँचमा समस्यालगायत विभिन्न दुव्र्यवहार भएको भन्दै अदालतमा उजुरी दिएका छन् । राष्ट्रिय मानव अधिकार आयोगले पनि उनीहरूको मागको समर्थनमा राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाललाई ज्ञापनपत्र बुझाएको छ । साथै उनीहरूले आफ्नो रोजगार पाउनुपर्ने अधिकारको वकालत गरिरहेका छन् । त्यसैगरी बाँकेका वादी समुदायले नागरिकता हकका लागि पहल गरिरहेका छन् भने दाङका वादी समुदायले आफ्नो वासस्थलको स्थायी लालपुर्जाका लागि पहल गरिरहेका छन् । सीमान्तकृत समुदायहरूले आफ्ना अधिकार सुनिश्चित गर्नका लागि थालेका यी प्रयासमा नागरिक समाज÷सङगठनहरूले महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

### ५.३.ख. सीमान्तकृत समूह र नागरिक समाज-सङ्गठनबीचको सहकार्य

विकासोन्मुख देशहरूमा राज्य र समाजको सहकार्यमा आधारित विकास अवधारणाको दृष्टिकोण प्रयोग गरेर प्रभावकारीरूपमा स्रोतहरू वितरणका लागि सुधारमुखी कार्यक्रमहरू सुरु गर्न र सञ्चालन गर्न सकिन्छ । यसबाहेक, यो दृष्टिकोणले विश्वका विकासोन्मुख देशहरूमा सहभागितामूलक विकासका साथै सुशासनलाई बढावा दिन्छ । नागरिक समाज संस्थाहरूले पैरवी, चेतना जगाउने र सरकार तथा अन्य सरोकारवालालाई जवाफदेही बनाएर विकासमा थप सक्रिय भूमिका खेलिरहेका छन् ।[54] विगत २ दशकमा नेपालमा नागरिक समाज संस्थाहरूले पछाडि पारिएकाहरूको पहिचान गर्न, उनीहरूलाई सहयोग गर्ने कार्यक्रमहरू सञ्चालन गर्न, अपुग तथ्याङ्क सङ्कलन गर्न र नसुनिएका वा नदेखिएका समूहहरूका लागि पैरवी गर्न महत्वपूर्ण भूमिका खेलेका छन् । यसले देशमा अनुसन्धानका क्षेत्रहरूसहित धेरै सामाजिक रूपान्तरण ल्याउन मद्दत गरेको छ ।

मधेस मानव अधिकार गृह (माहुरी होम) नामको मानव अधिकारमा काम गर्ने संस्थाले अल्पसङ्ख्यकका विभिन्न मुद्दामा काम गर्दै आएको छ । गरिबीका कारण नेटवा समुदायका बालबालिका शिक्षाबाट वञ्चित छन् । यो तथ्य मनन गर्दै मधेस मानव अधिकार गृह (माहुरी होम) का एक कार्यकर्ताले नेटवा समुदायलाई सहयोग गर्न स्थानीय सरकारसँग लबिङ गरे । मधेस मानव अधिकार गृह (माहुरी होम) का कार्यकारी निर्देशक रवि ठाकुरका अनुसार उनीहरूले प्रतिबच्चा (नेटवा समुदायका लागि) प्रतिमहिना ५ सय रुपियाँ सहयोग गर्न पहल गरेका हुन् । संस्थाले उज्ज्वल ज्योति पुरस्कारबाट प्राप्त रकम २७५ नेटवा बालबालिकालाई विद्यालय पोशाक र शैक्षिक सामग्री उपलब्ध गराउन प्रयोग गरेको थियो । यस पहलले यी बालबालिकालाई नियमितरूपमा विद्यालय जान उत्प्रेरित गरेको छ । यसबाहेक मुस्लिम र मधेसी समुदायका बालिकाहरूलाई लक्षित गरी बालिकाहरूका लागि मात्र लक्षित विद्यालय र क्याम्पस निर्माण गर्न सक्रियरूपमा लागिपरेका छन् ।

भूमि अधिकार मञ्च भूमिहीन, अनौपचारिक बसोबास गर्ने, मोही र जग्गाका अन्य समस्याहरूमा स्वामित्व प्राप्तिको अधिकारका लागि काम गर्ने अग्रणी संस्था हो । भूमि अधिकार मञ्च, बाँकेका अध्यक्ष बनिलाल थारूका अनुसार संस्थाले सामाजिक भेदभाव उन्मूलन जस्ता अन्य सामाजिक न्यायका कार्यक्रमहरू प्रवर्धन गर्न पनि उत्तिकै पहलकदमी लिएको छ । उनीहरूले भूमिहीनका लागि परिचयपत्र बनाइदिन पहल गरेका छन् जसले धेरै भूमिहीनलाई बिजुली, पानीको सेवा प्राप्त गर्न मद्दत गरेको छ । उनीहरूले भूमिहीनहरूको जीवनस्तर उकास्ने उद्देश्यले सहकारीहरू पनि सञ्चालन गरेका छन् । अध्ययन गरिएका क्षेत्रका अधिकांश भूमिहीन भूमि अधिकार मञ्चसँग जोडिएका छन् । भूमि अधिकार मञ्चको पैरवीको परिणामस्वरूप प्राप्त भएको परिचयपत्रले भूमिहीनहरूलाई बिजुली, पानी जस्ता सेवाहरू पहुँच गर्न सहयोग गरेको छ जुन अन्य अवस्थामा संभव हुने थिएन । भूमिहीनहरूको मुद्दाको नेतृत्व गर्न भूमि अधिकार मञ्च नेतृत्वदायी संस्था भएको छ ।

भूमिहीनका सवालमा अझ धेरै काम गर्न बाँकी छ तर पनि उनीहरूले भूमिहीनहरूको नेतृत्वमा भूमिहीनहरूको सङ्घ बनाउन सहजीकरण गरेका छन् । उनीहरूले कपिलवस्तुमा ३ सय ६७ जना भूमिहीनलाई जग्गा उपलब्ध गराउन सहयोग गरेका छन् । बैजनाथ गाउँपालिकामा १२४ मोहीले संयुक्त जग्गाको प्रमाणपत्र लिएका छन् । बैजनाथका मोही दशकौँदेखि आफ्नो हक पाउन सङ्घर्षरत छन् । यसबाहेक भूमि अधिकार मञ्चसँग आबद्ध व्यक्तिहरू सफलपूर्वक राजनीतिक दलहरूसँग आवद्ध भएका छन् र १२ महिला स्थानीय तहमा निर्वाचित भएका छन् । भूमि अधिकार मञ्चसँगको सहकार्यले बैजनाथमा संरक्षित क्षेत्ररू स्थापना गर्न पनि योगदान गरेको छ । उनीहरूले राष्ट्रिय स्तरमा २७ दिने प्रदर्शन पनि आयोजना गरेका थिए जसका कारण भूमि अधिकारसँग सम्बन्धित धेरै उपलब्धि प्राप्त गर्न सहयोग पुगेको अधिकारकर्मीहरूको विश्वास छ ।

दाइजो प्रथाविरुद्ध लड्न र बालविवाह रोक्न नागरिक समाज संस्थाहरूहरूले सक्रियरूपमा काम गरेका छन् । कपिलवस्तुका एक मानव अधिकारकर्मीका अनुसार उनीहरू जस्ता नागरिक समाज संस्थाहरूहरूले बालविवाहबारे सचेतना जगाउन स्थानीय सूचनादाताहरूसँग सहकार्य गरेका छन् जसले गर्दा यस्ता कैयौँ घटना रोक्न सकिन्छ । यद्यपि उनीहरूले स्वीकार गरे कि यी सूचना दिने व्यक्तिहरूलाई उनीहरूको समुदायमा फर्कन चुनौतीपूर्ण हुन सक्छ । निःशुल्क कानुनी सेवाहरू, जस्तै– निःशुल्क कानुनी अधिवक्ता र निःशुल्क प्रवाह हुने सम्बन्धित सेवाहरूले नागरिकताको अधिकारका लागि लडिरहेका बाँकेका वादी महिलाहरूलाई निःशुल्क कानुनी सहायता प्रदान गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

### ५.३.ग. सांस्कृतिक संरक्षण र संस्कृतिको मान्यता

नेपालले आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घको घोषणापत्र अनुमोदन गरेको छ जसले अन्य कुराका साथै भूमि, स्रोत र संस्कृतिमा आदिवासीको अधिकार सुनिश्चित गर्छ । आदिवासी जनजातिको पहिचान र जीविकोपार्जनको केन्द्रविन्दुका रूपमा संस्कृति रहेको छ । तिनीहरू पनि परम्परागत ज्ञानको एक भाग हुन्

[54] SDG Knowledge Hub, "Advancing CSOs' Role in SDGs to Protect Marginalised Communities in Vietnam", November 24, 2020, http://sdg.iisd.org/commentary/guest-articles/advancing-csos-role-in-sdgs-to-protect-marginalised-communities-in-viet-nam/

जसमा सांस्कृतिक अभिव्यक्ति, पर्यावरण (इकोलोजी), कृषि, निर्माण प्रविधि, औषधि र वातावरण समावेश छन्। यी कुरा उनीहरूको सम्बन्ध र साम्प्रदायिक भावनाको अन्तरपुस्ताको निरन्तरताका अंश हुन्। यी मौलिक अभ्यास र ज्ञानले अध्ययन क्षेत्रहरूमा जीवन, जीविकोपार्जन र पहिचानको आधार बनाएका छन्।

रोल्पामा मगर समुदायका धेरै सांस्कृतिक प्रचलन छन् जुन आजको दिन र युगमा पनि सान्दर्भिक छन्। उनीहरूको संस्कृतिको अभिन्न अङ्गका रूपमा सिङ्गारु र सेलिङ नृत्यको परम्परा छ। रोल्पामा सीमान्तकृत समुदायसँग गरिएको समूहकेन्द्रित छलफलका क्रममा सहभागीले भनेअनुसार सशस्त्र द्वन्द्वका बेला गीत, नृत्य र अन्य सांस्कृतिक कार्यक्रम सन्देश प्रवाह गर्ने र सामाजिक परिवर्तनमा योगदान पुर्याउने प्रभावकारी माध्यम भएको थियो। यस सन्दर्भमा सिङ्गारु र सेलिङ जस्ता आदिवासी अभ्यासहरू सांस्कृतिक संरक्षण र सामाजिक परिवर्तनका लागि प्रभावकारी माध्यम हुन्। रोल्पाका मगरहरूमा पनि थाकन बस्ने परम्परा छ जहाँ युवा र युवतीले एकअर्कालाई चिन्ने गर्छन्। यसलाई आधुनिक समाजमा डेटिङका रूपमा लिन सकिन्छ जसले विपरीत लिङ्गका सदस्यहरूलाई विवाह गर्ने निर्णय गर्नुअघि एकअर्कालाई अझ राम्रोसँग चिन्न मद्दत गर्छ।

मगर परम्पराको सबै भन्दा महत्वपूर्ण पक्ष भनेको भूमे प्रथा हो जहाँ भूमिको पूजा गर्ने अभ्यास छ। धेरै आदिवासी समुदायहरू जस्तै मगर समुदायको जनजीवनमा भूमि केन्द्रमा रहन्छ। सामान्यतया प्रत्येक वर्ष वर्षायाम सुरुवातसँगै (जेठदेखि असार महिनातिर) भूमेको अवसरमा समुदायले सार्वजनिक उत्सव मनाउने गर्छन्। त्यस दिनका यस क्षेत्रका कोही पनि खेतबारीमा गएर काम गर्दैनन्। यसरी काम नगर्नुको पछाडि प्रकृतिलाई पनि आराम चाहिन्छ भन्ने दर्शनले काम गरेको छ। कम्तीमा त्यो समयसम्म माटोमा रहेका कीरा र अन्य जीवलाई मारिँदैन र मानव जीवन र प्रकृतिमा उनीहरूको योगदानलाई सम्मान गरिन्छ।

पछिल्लो समय भूमे प्रथा थप समावेशी हुँदै गएको छ र भूमि र प्रकृतिको पूजा गर्ने सार्वजनिक उत्सवमा अन्य समुदायका मानिस पनि सहभागी हुन्छन्। यसले हाम्रो अन्तरसम्बन्धको सम्झनास्वरूप भूमि र प्रकृति संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ भन्ने उनीहरू विश्वास गर्छन्। यदि सहीरूपमा प्रचारप्रसार भएमा पर्व मनाइँदा यसले सामाजिक एकता र सहिष्णुताको मञ्चका रूपमा पनि काम गर्न सक्छ। अवधी यस क्षेत्रको प्रमुख भाषा र समुदायहरूमध्ये एक हो। उनीहरूको आफ्नै भाषा, समुदाय सञ्चालन प्रणाली र परम्परागत ज्ञान छ। तर यो मौलिक संस्कृति र भाषाको संरक्षणका लागि भएका प्रयास भने सीमित छन्। त्यसैगरी मुस्लिम र मधेसी समुदायका आफ्नै परम्परागत कानुनी संस्था छन् जसलाई उनीहरू जस्ता सीमान्तकृत समुदायहरूलाई आवश्यक कानुनी सेवा प्रदान गर्न परिचालन गर्न सकिन्छ।

गन्धर्व समुदायको पहिचान सङ्गीत वाद्ययन्त्र विशेषगरी सारङ्गीमा आधारित छ। सारङ्गीको निर्माण र बजाउने कार्यमा धेरै मेहनत चाहिन्छ। यो नेपाली संस्कृतिको अनुपम र नेपाली पहिचानको अभिन्न अङ्ग पनि हो। समुदायका सदस्यले सुझाव दिएअनुसार साङ्गीतिक परम्पराको संरक्षण गर्नु सान्दर्भिक छ। कुमाल समुदायले उत्पादन गरेका स्वदेशी भाँडा दिगो, व्यावहारिक र स्वास्थ्यका लागि राम्रो हुन्छ। यो सौन्दर्यका दृष्टिले पनि मनमोहक छ र यसले प्लास्टिक, सिसा र अन्य प्रदूषक सामग्रीको प्रयोग रोक्न मद्दत गर्छ। तसर्थ सबै तहका सरकारले यी मौलिक संस्कृति र परम्परागत ज्ञान पहिचान गरी संरक्षण र प्रवर्धनका लागि पहल गर्नुपर्छ।

# अध्याय ६ : नागरिक स्थल र सहभागितामूलक शासन

## ६.१. लोकतान्त्रिक सहभागिता र मानव अधिकार पैरवीका लागि नागरिक स्थल र यसको भूमिका

नागरिक स्थल लोकतन्त्रको आधारशीला हो । गैरसरकारी क्षेत्रहरूले जानकारीमा पहुँच स्थापित गर्न, आफूलाई अभिव्यक्त गर्न, सङ्गठित हुन, सार्वजनिक जीवनमा भाग लिन र सङ्गठित बन्नका लागि आवश्यक कानुनी, नीतिगत, संस्थागत र व्यावहारिक अवस्थाहरूको समग्रताका रूपमा परिभाषित गरिएको छ ।[55] हाम्रो समाजको राजनीतिक, आर्थिक र सामाजिक जीवनमा नागरिक समाजलाई भूमिका निर्वाह गर्न सक्षम बनाउने वातावरण नै नागरिक स्थल हो । नागरिकको जीवनमा प्रभाव पार्ने नीति निर्माणमा योगदान गर्न नागरिक स्थलले व्यक्ति र समूहहरूलाई वातावरण दिने गर्छ । जसमा जानकारी प्राप्त गर्ने, संवादमा संलग्न हुने, असहमति व्यक्त गर्ने र एकताबद्ध भएर आफ्ना विचार व्यक्त गर्ने जस्ता कुराको सहजीकरण नागरिक स्थलमार्फत हुने गर्छ ।

खुला, लोकतान्त्रिक र समावेशी समाजमा मानिसले स्वतन्त्ररूपमा आफ्नो विचार व्यक्त गर्ने र एकसाथ भेला हुन सक्ने नागरिक स्थलको प्रत्याभूति गर्नुपर्छ । यो खुला नागरिक स्थलले विभिन्न समूह र व्यक्तिलाई लोकतन्त्र, समावेशी सहभागिता, सुशासन र मानव अधिकारका लागि स्वतन्त्ररूपमा आफ्नो भूमिका गर्न दिन्छ । विशेषगरी महिला, युवा तथा सीमान्तकृत समुदायहरूका लागि नेपालमा नागरिक स्थल लोकतान्त्रिक सहभागिता, मानव अधिकार र पैरवीका लागि आवश्यक छ ।

अभिव्यक्ति स्वतन्त्रताको प्रयोग गर्दै आफ्ना कुरा अभिव्यक्त गर्दा, सङ्गठित हुँदा र शान्तिपूर्ण भेला हुँदा नेपालमा विगत वर्षदेखि सरकारी अधिकारीहरूले मानिसलाई त्रास देखाउने, थुन्ने र कानुनी कारबाही गर्ने कार्य जारी राखेका छन् ।[56] सरकारविरुद्ध शान्तिपूर्ण विरोध प्रदर्शनका क्रममा[57] अन्यायपूर्ण गिरफ्तारी भएका छन् भने सरकारलाई फोन र सोसल मिडियामा रहेका व्यक्तिगत सूचना पहुँच गर्न अनुमति दिने गरी दूरसञ्चार कानुनमा विवादास्पद परिवर्तन गर्नेखालको संशोधन गर्न खोजिएको छ । यसले गोपनीयता हनन् हुन्छ भने सूचना र अभिव्यक्ति स्वतन्त्रताको अधिकार उल्लङ्घन गर्छ । यी यस्ता केही उदाहरण मात्र हुन् ।

सन् १९९६–२००६ को आन्तरिक सशस्त्र द्वन्द्वका क्रममा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका दसौँ हजार पीडितलाई सत्य, न्याय र परिपूर्ति दिने दिशामा सरकारले कुनै प्रगति गरेको देखिँदैन । सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले क्रमशः ६० हजार र ३ हजार भन्दा बढी पीडितका उजुरी सङ्कलन गरे पनि एउटै मुद्दाको समाधान गर्न सकेको छैन ।[58] प्रहरी हिरासतमा यातना र अन्य दुव्र्यवहारको घटना वारम्बार सार्वजनिक भएका थिए । यसले नेपालको नागरिक स्थल कम हुँदै गएको पुष्टि गर्छ । नेपालमा प्रहरी हिरासतमा थुनामा रहेका व्यक्तिहरूलाई अदालतमा बयान दिन वा प्रमाण पेस गर्नका लागि बारम्बार दुव्र्यवहार र यातना दिइने गरेको र यसले मुलुकमा नागरिक अधिकार घट्दै गएको घटना पनि सार्वजनिक हुँदै आएका छन् ।

अध्ययन गरिएका क्षेत्रमा नागरिक समाज संस्थाहरूहरूले नयाँ शासन पद्धतिमा आफ्नो कामलाई निरन्तरता दिन कठिनाइ भएको बताए । उदाहरणका लागि मधेस मानव अधिकार गृह (माहुरी होम) का प्रतिनिधिहरूले सार्वजनिक सुनुवाइ आयोजना गर्न चाहेका बेला स्थानीय सरकारले त्यसलाई ठाडै अस्वीकार गरेको दाबी गरे । स्थानीय नेताको घरेलु दुव्र्यवहार र बहुविवाहविरुद्धको मुद्दा लिँदा धेरै धम्की र चुनौती आएको अधिवक्ता राजु श्रीवास्तवले बताए । तर मुद्दा प्रक्रियामा अघि बढिरहेको र महिलाले जित्ने आशा गरेको कुरा बताउन पाउँदा उनी खुसी थिए । त्यस्तै मधेस मानव अधिकार गृह (माहुरी होम) का कार्यकारी निर्देशक रवि ठाकुरले सरकारको संरचनामा रूपान्तरण र विकेन्द्रीकरण भएसँगै अन्य सङ्घ/संस्थासँग सहकार्य गर्न कठिन भएको बताए । यसअघि जिल्ला स्तरमा धेरै सामाजिक तथा राजनीतिक विषयमा नागरिक समाजले सहकार्य गरेको थियो । अहिले नागरिक समाज संस्थाहरूहरू स्थानीय तहमा केन्द्रित भएका र राजनीतीकरणसमेत भइरहेकाले धेरैजसो संस्था अलपत्र परेका छन् ।

लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष नहकुल केसीले भने– ‘नागरिक स्थल तीव्ररूपमा साँघुरो हुँदै गएको छ, पीत पत्रकारिता बढ्दै गएको छ र सीमान्तकृत समुदायमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको समाचार कमै आउने गरेको छ । पत्रकार र नागरिक समाज पनि राजनीतिक दलसँग जोडिन थालेका छन् ।’ बाँकेमा सुकुमबासी बस्तीमा बसोबास गर्ने, कपिलवस्तु र दाङमा भूमिहीनता र रोल्पामा दण्डहीनता जस्ता घटनामा प्रहरीले गरेको दमनको डरले नागरिकलाई स्वतन्त्ररूपमा भेला हुने, सङ्गठित हुने र स्वतन्त्ररूपमा अभिव्यक्त गर्ने ठाउँ साँघुरो पारेको छ ।

कपिलवस्तुमा आइसक्रिम बिक्रेता एक दलितलाई प्रहरीले बारम्बार शोषण गरेको छ । प्रहरीले बारम्बार आइसक्रिम लिएर गए पनि पैसा तिरेनन् । एकदिन उनले ती प्रहरीलाई बर्दीमा रक्सी खाएर मातेको अवस्थामा देखे र भिडियो बनाउने निर्णय गरे । यो बारेमा थाहा पाएपछि प्रहरीले उनलाई समातेर अमानवीय कुटपिट गरेका थिए । यस्ता घटनाले नागरिकमा अविश्वास र असुरक्षाको भावना बढाउँछ । अधिकार प्राप्त अधिकारीहरू र आदिवासी समुदायहरूबीचको द्वन्द्वले प्राकृतिक र आर्थिक स्रोतहरूमा पहुँचको सन्दर्भमा पनि अविश्वासको अवस्था निम्त्याउँछ। परम्परागतरूपमा लाभ दिने र लाभ प्राप्त गर्नेखालको सम्बन्ध विभिन्नरूपमा कायम छ जसले असमान शक्ति सम्बन्ध कायम राख्छ । अध्ययन क्षेत्रमा बताइएअनुसार सेवाप्रदायक र सेवाग्राहीबीच अझै पनि श्रेणीगत र पदानुक्रममा आधारित सम्बन्ध स्थापित भएको थियो । तसर्थ

[55] What is civic space¿ https://civicspacewatch.eu/what-
[56] Amnesty International, “Nepal 2022”, Accessed September 5, 2023, https://www.amnesty.org/en/location/asia-and-the-pacific/south-asia/nepal/report-nepal/

[57] Khatiwada, Nishan, “Nepali State’s Commitment to Free Speech in Doubt”, The Kathmandu Post, March 24, 2023, https://kathmandupost.com/national/2023/03/24/nepali-state-s-commitment-to-free-speech-in-doubt
[58] Amnesty International, “Nepal 2022”, Accessed September 5, 2023, https://www.amnesty.org/en/location/asia-and-the-pacific/south-asia/nepal/report-nepal/

जीवन्त र फस्टाउँदै गएको नागरिक स्थलबाट मात्रै नागरिकको मौलिक स्वतन्त्रता र मानव अधिकार सुनिश्चित गर्न सकिन्छ भन्ने कुरालाई मान्यता दिनु सान्दर्भिक हुन्छ । यस कार्यमा नागरिक समाज संस्थाको भूमिका महत्वपूर्ण छ ।

### ६.२. अधिकार प्रवर्धन र संरक्षणमा नागरिक समाज संस्थाहरूहरूको महत्व

सार्वजनिक नीति तथा संस्थाहरूलाई जवाफदेही बनाउन र सक्रिय सहभागिताका लागि बलियो नागरिक समाजको अस्तित्व आवश्यक हुन्छ । मानिसले आफ्नो समुदायमा आफ्नो कर्तव्य पूरा गरेको अवस्थामा यसले सबैको अधिकार, मर्यादा र विशेषाधिकारको सम्मानलाई प्रवर्धन गर्छ । सार्वजनिक नीतिहरूको विकास र समर्थन गर्न, मौलिक अधिकारहरूका बारेमा चेतना जगाउन, मानव अधिकार उल्लङ्घनको अनुगमन गर्न र जोखिममा रहेका समुदायलाई सेवाहरू प्रदान गर्ने काममा नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गर्छ ।[59]

नागरिक समाज संस्थाहरूहरूले विभिन्न विधि प्रयोग गरेर नागरिक स्थानको वकालत गर्ने रणनीतिहरू तयार गर्छन् । तिनीहरू नागरिक समाज संस्थाहरू र औपचारिक माध्यम, गठबन्धन, अभियान र आन्दोलन जस्ता अनौपचारिक नेटवर्कहरूसहित प्रभावका विभिन्न माध्यम प्रयोग गर्छन् । थपरूपमा उनीहरूले विभिन्न विकास परियोजनामा सहभागितामूलक दृष्टिकोण अपनाउन र कार्यान्वयन गर्न सरकारलाई सहयोग गर्छन् ।[60] उनीहरू सरकारी तथा गैरसरकारी निकायहरूका विभिन्न गतिविधिको अनुगमन र निरीक्षणमा पनि सक्रियरूपमा संलग्न छन् । यसो गर्दा तिनीहरूले विशेषगरी अल्पसङ्ख्यक समूहका नागरिकको अधिकार प्रवर्धन र संरक्षण गर्ने काम गर्छन् । तसर्थ यस सन्दर्भमा मानव अधिकारको विकासमा नागरिक समाजको भूमिका अत्यन्तै महत्वपूर्ण छ ।

नागरिक समाज संस्थाहरूहरूले सरकारलाई समुदाय वा तल्लो तहमा रहेका आवश्यकताहरू पहिचान गर्न, समस्याहरू बुझ्न र प्रतिक्रिया दिन मद्दत गर्न महत्वपूर्ण अनुसन्धान पनि गर्छन् । व्यक्तिहरूको आवाज सुनिने सुनिश्चित गर्न र सबैको विचारको सम्मान होस् भन्नका लागि उनीहरूले कानुनी सहायता उपलब्ध गराउँछन् । उनीहरूले समुदायका सदस्यलाई वातावरण संरक्षण, भ्रष्टाचार रोक्न र मानव अधिकार संरक्षण गर्ने उद्देश्यले बनाएका कानुन र कानुनी प्रावधानहरूबारे जानकारी गराएर सशक्त बनाउन सक्छन् । नागरिक समाजका अभियन्ताहरूले मानव अधिकार र दिगो विकासलाई प्रवर्धन गर्न, महिला र युवाहरूलाई सशक्तीकरण गर्न, गरिबी उन्मूलन गर्न र शान्ति र सुरक्षा कायम गर्न कानुनको शासनअन्तर्गत सचेतना जगाउँछन् भने नयाँ विधि तथा प्रविधिहरू प्रवर्धन गर्छन् ।[61]

नेपालमा सन् १९९० पछि नागरिक समाज संस्थाहरूले समाज रूपान्तरणमा सरकारलाई सहयोग गर्दै ठूलो भूमिका निर्वाह गरेका छन् । नागरिक समाज संस्थाहरूले प्रायः त्यस्ता मानिस र समुदायलाई सेवा प्रदान गर्छन् जो प्रायः एक्लाइएका वा सीमान्तकृत हुन्छन् । सामाजिक उत्तरदायित्वको दृष्टिकोणलाई प्रवर्धन गर्ने र प्राविधिक सिप र विशेषज्ञता पनि प्रदान गर्ने कार्य उनी गर्छन् ।[62] मिटर ब्याज अपराध र यसमा नीतिगत परिवर्तन तथा नागरिकता कानुनमा परिवर्तनका लागि जारी लडाइँ दमनमा परेकाहरूले न्याय र आफ्नो आधारभूत अधिकारका लागि लडिरहेको उदाहरण हो । यी पनि नागरिक समाज, समुदाय स्तरका समूह र गैरपरम्परागत सरोकारवालाहरू सबै भन्दा बढी सीमान्तकृतको अधिकार रक्षाका लागि एकजुट भएर आएका घटना हुन् ।

### ६.३. महिला, युवा र सीमान्तकृत समूहहरू सम्मिलित सफल नागरिक पहलहरू

राष्ट्रिय मानव अधिकार आयोग, बाँकेका द्वारिका अधिकारीका अनुसार अध्ययन क्षेत्रका नागरिक समाज संस्थाहरू महिला, युवा र सीमान्तकृतहरूका लागि भएका धेरै नागरिक पहलमा संलग्न छन् । अपाङ्गता भएका व्यक्तिले नागरिक समाज संस्थाहरूसँग गरेको सहकार्यस्वरूप नयाँ निर्माण हुने सबै भौतिक पूर्वाधारलाई अपाङ्गमैत्री बनाउने प्रतिबद्धतामा सरकारले हस्ताक्षर गर्यो । सरकारी सेवाहरूमा पहुँच गर्न अपाङ्गता भएका व्यक्तिहरूलाई आवश्यक पर्ने साङ्केतिक भाषा, दोभाषे र अन्य सेवा समावेश गर्न पनि उनीहरूले सरकारलाई सिफारिस गरे ।

नागरिक समाज संस्थाहरूले ४२ सहकारी र कृषि ज्ञान केन्द्रहरू र १४ करोड मूल्याङ्कन भएको सहकारीहरू स्थापना गर्न सफलपूर्वक सहकार्य गरे । यी पहलले धेरै कमलरीहरूको जीवनमा महत्वपूर्ण परिवर्तन ल्याएका छन् । साथै पैरवीको प्रयासस्वरूप दाङको राजपुर गाउँपालिकामा स्थानीय सरकारले ६ पूर्वकमलरी र गढवा गाउँपालिकाले ३ पूर्वकमलरीलाई रोजगारी दिएको छ ।

स्थानीय मुस्लिम धार्मिक नेताहरूबाट भोग्नुपरेको प्रारम्भिक चुनौतीहरूका बाबजुद मुस्लिम महिलामा केन्द्रित फातिमा फाउन्डेसनले सफलपूर्वक अन्य संस्थासँग इस्लामसँग मानव अधिकार कार्यक्रम सुरु गर्न साझेदारी गर्यो । यस कार्यक्रमको मुख्य उद्देश्य मुस्लिम महिलालाई शिक्षा प्रदान गर्नु हो । सुरुमा मुस्लिम महिलाहरू घरबाट कमै मात्र बाहिर निस्कन्थे र घरेलु हिंसाका घटना विरलै सार्वजनिक गर्थे तर यो अवस्था बिस्तारै परिवर्तन भएको छ । समयसँगै तिनीहरूले धार्मिक नेताहरूसँग सहकार्य गर्न थाले र नागरिकता प्राप्तिका लागि आन्दोलन सुरु गरे । आन्दोलन घोषणा गरेको वर्ष सन् २०१० मा ५१० मुस्लिम महिलालाई नागरिकता प्राप्त गर्न सहजीकरण गर्यो । यसबाहेक सङ्गठनले तालिममा सहभागी हुन चाहने महिलालाई उनीहरूको नागरिकता प्रमाणपत्र पेस गर्न अनिवार्य गर्यो । जसका कारण १५ जना मुस्लिम महिलाले तुरुन्त आफ्नो

[59] The role of civil society in the recognition of access to information as fundamental human rights https://www.oas.org/es/sla/ddi/docs/publicaciones_digital_XXXV_curso_derecho_internacional_2008_Dario_Soto_Abril.pdf

[60] Islam, Rabiul, "Collaboration Between Government and Civil Society: Evidence from The Implementation of Land Reform Program in Bangladesh", Journal of Humanities and Social Science, Accessed September 5, 2023, https://shorturl.at/rwDJS

[61] UNODC, "Act 4 Rule of Law", Accessed September 5, 2023, https://shorturl.at/qHKMV

[62] Civil Society in a Federal Nepal: A Landscape Study https://www.britishcouncil.org.np/sites/default/files/nepal_cso_landsape_study_final_report.pdf

नागरिकता प्रमाणपत्र बनाए । कपिलवस्तुमा स्थानीय सरकारले कोभिड–१९ को रोकथाम र नियन्त्रणका लागि आफ्नो प्रयासलाई न्यूनीकरण गर्न लाग्दा नागरिक समाज संस्थाहरूले स्थानीय व्यक्ति र अन्यसँग सहकार्य गरेर अक्सिजन कन्सेन्ट्रेटर वितरण गरे भने लगभग ४७ लाख रुपियाँ सङ्कलन पनि गरे ।

वकिल र मानव अधिकारकर्मीहरूले निःशुल्क तथा स्वयंसेवीरूपमा कानुनी सेवाहरू प्रदान गर्दैछन् भने महिला र बालिकाहरूको न्याय प्राप्तिका लागि सक्रियरूपमा काम गरेका छन् । भर्खरै दाङको सतबरियामा एक महिलालाई बोक्सीको आरोप लगाइयो । स्थानीय मानव अधिकार रक्षकहरूले उनलाई न्याय प्राप्त गर्न सहयोग गरे जसको परिणामस्वरूप उनी आफ्नो घर फर्किइन् भने उनको सम्पत्तिसमेत पुनस्थापित भयो । बालविवाह र बहुविवाहका मुद्दा पनि प्रायः सफलपूर्वक समाधान भएका छन् । दाङका अधिवक्ता पुस्कर भण्डारीले अदालतमा मुद्दा दायर गर्दा विवाहमा हुने द्वन्द्व, बहुविवाह, बालविवाह, घरायसी तनाव, घरबाट निष्कासन र सम्पत्तिमा पहुँच नभएकाले प्रायःजसो न्याय पाउने बताए ।

# अध्याय ७ : सुझाव

## ७.१ नीतिगत सुझाव

- महिला, युवा र सीमान्तकृत समुदायका अधिकारसम्बन्धी प्रदेश र स्थानीय नीतिहरूलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय नीति र सन्धिहरूअनुरूप भएको सुनिश्चित गर्ने। यसो गर्दा उनीहरूका विशेष समस्या, जस्तै– बालविवाह, बहुविवाह र दाइजोलाई उनीहरूको विशिष्ट परिस्थितिअनुसार सम्बोधन गर्ने।
- प्रभावित/पीडितले न्याय पाउने सुनिश्चित गर्न नगण्य राजनीतिक हस्तक्षेप हुने गरी न्यायिक समितिको पुनर्संरचना गर्ने। महिला, युवा र सीमान्तकृत समुदायका सरोकारहरूका लागि छुट्टै संयन्त्र बनाउन नीतिहरू परिमार्जन गर्ने।
- एकल महिला, वादी महिला र सीमान्तकृत समुदायका प्रभावकारी नीति तर्जुमा गर्ने। परम्परागतरूपमा आफ्नो जीविकोपार्जनका लागि स्रोत÷साधनमा भर परेका समुदायहरूका लागि नीतिहरू परिमार्जन गर्ने जसमा वन उपभोक्ता समितिहरू जस्ता नीति समावेश हुन्छन्।
- द्वन्द्वपीडितका मुद्दा छानबिन गर्न सङ्क्रमणकालीन न्यायसम्बन्धी नीतिहरू कार्यान्वयन गर्ने। मुद्दाहरू समाधान गर्दा महिला लडाकुहरू, यौन हिंसाबाट प्रभावित र एकल महिलाहरू केन्द्रमा रहेको तथा प्राथमिकतामा परेको सुनिश्चित गर्ने।
- महिला र बालबालिकाको अधिकार उपभोगको आधारभूत आधार स्थापित गर्न नागरिकता विधेयक तत्काल कार्यान्वयन गर्ने । आमाहरूमार्फत नागरिकता प्राप्त गर्ने बालबालिकाहरूविरुद्ध भेदभाव रोक्न नियमहरू लागु गर्ने। आमाको नाममा नागरिकता प्राप्त गर्ने बालबालिकाविरुद्ध हुने भेदभाव हटाउन समाजमा जनचेतना जगाउने।
- नेटवा समुदायलाई लोपोन्मुख समुदायको सूचीमा समावेश गर्न पहल गर्ने।
- अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्दै साइबर बुलिङ रोक्न आवश्यक नीतिगत परिमार्जन गर्ने। समयमै र सान्दर्भिक सूचनाहरू प्रसार गर्नका लागि सामाजिक सञ्जाललाई मुख्यरूपमा प्रयोग गर्दा नागरिक, सरकार, नागरिक समाज संस्थाहरू र निजी क्षेत्रसँगको संलग्नता सुनिश्चित गर्ने व्यावहारिक निर्देशनहरू विकास गर्ने।
- अधिकारकर्मी, पत्रकार र मानव अधिकार रक्षकहरूको अनावश्यक डिजिटल निगरानी रोक्न गोपनीयताका कानुनहरू सुधार गर्ने। नागरिकले राज्य वा गैरराज्य पक्षहरूको निगरानी वा प्रतिकारको डरबिना आफ्ना विचार छलफल गर्न र अभिव्यक्त गर्न सक्षम हुनुपर्छ।
- प्रहरीसँगको सहकार्यमा शान्तिपूर्ण विरोध प्रदर्शनका लागि स्पष्ट दिशानिर्देशहरू विकास गर्ने जसमा नागरिक र सरकार, साथै नागरिक र प्रहरीबीच संवादको व्यवस्था गर्ने। पारदर्शिता, जवाफदेहिता, अर्थपूर्ण सहभागिता र नागरिक स्थलको विस्तार सुनिश्चित गर्न राष्ट्रिय मानव अधिकार आयोग र नागरिक समाज संस्थाहरूहरू जस्ता स्वतन्त्र संस्थाहरूसँग साझेदारी गर्ने।
- नागरिक समाजलाई सुदृढ गर्न स्थानीय तहमा मानव अधिकार विभाग स्थापना गर्ने।
- शिक्षा, आमसञ्चार र मानव अधिकार सचेतना प्रवर्धनका लागि सांस्कृतिक एक्सपोजरको माध्यमबाट अभियानहरूलाई बलियो बनाउन सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबीच राम्रो सहकार्य प्रवर्धन गर्ने।
- मानव अधिकार सचेतना प्रवर्धनका लागि शिक्षा, सञ्चार माध्यमहरू र सांस्कृतिक पहलबाट अभियानको सशक्तीकरण गर्न सरकार, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदायबीच बलियो सहकार्य प्रवर्धन गर्ने।

## ७.२ स्थानीय सरकारका लागि सिफारिस गरिएका रणनीति

- मौलिक स्वतन्त्रता संरक्षणका लागि जग बसाल्न सबै सरकारी र गैरसरकारी तहमा सीमान्तकृत जनसङ्ख्यामाथि हुने भेदभावविरुद्ध लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीतिहरू, युवाकेन्द्रित रणनीतिहरू र शून्य सहनशीलता नीतिहरू लागु गर्ने।
- महिला, युवा तथा सीमान्तकृतहरूलाई उनीहरूको अधिकार र कानुनी उपचारहरूमा शिक्षित गर्ने। मौलिक स्वतन्त्रता, नागरिक स्थल, नागरिक कर्तव्य र जिम्मेवारी तथा अन्य सुविधाबारे विद्यालयमा ज्ञान र चेतना अभिवृद्धि कार्यक्रमहरूमार्फत सिकाउन सकिन्छ। स्थानीय सन्दर्भमा आधारित पाठ्यक्रम र नैतिक शिक्षाले बालबालिका र युवाहरूलाई स्थानीय सन्दर्भहरूबारे थप सचेत हुन पनि मद्दत गर्न सक्छ।
- घरेलु, लिङ्गमा आधारित वा यौन हिंसाका पीडितहरूका लागि सुरक्षित आवास स्थापना गर्ने जसले महिलालाई उनीहरूको अधिकार, सेवाहरू, सिप र परामर्श प्राप्त गर्ने अवसरहरूबारे ज्ञान प्राप्त गर्ने थलोका रूपमा पनि काम गर्न सक्छ।
- मुस्लिम र मधेसी जस्ता सीमान्तकृत समुदायका महिलालाई नागरिकता प्राप्त गर्न प्रोत्साहित गर्ने उपायहरू लागु गर्ने।
- महिला र पुरुषबीचमा ज्यालामा समानता सुनिश्चित गर्न स्थानीय तहमा न्यूनतम ज्यालाको मापदण्ड लागु गर्ने।
- महिला र यसमा पनि विशेषगरी एकल महिला र द्वन्द्वबाट प्रभावित भएकाहरूका लागि प्रजनन् स्वास्थ्य र मानसिक स्वास्थ्य परामर्शसम्बन्धी सचेतना जगाउने र सेवाहरू प्रदान गर्ने।
- महिला, युवा तथा सीमान्तकृत समुदायहरूसँग छलफल र परामर्श गरेर उनीहरूको आवश्यकतामा आधारित सिप प्रशिक्षण स्थानीय स्तरमा व्यवस्था गर्ने।

- महिला, युवा तथा सीमान्तकृत समुदायहरू पनि स्वतन्त्ररूपमा अगाडि आएर सार्वजनिक नीति निर्माणका क्रममा सहभागी हुने, योजना प्रक्रियामा भाग लिन र कार्यान्वयनका क्रममा संलग्न हुन सक्ने सुनिश्चित गर्ने संयन्त्रहरू स्थापना गर्ने ।
- धेरैजसो समुदाय र सहभागीहरू परम्परागत न्याय प्रणालीमा भर पर्छन् र उनीहरू आफ्नै समुदाय, साथीभाइ र छिमेकीहरूमा बढी विश्वास गर्छन् । स्थानीय समुदायले विश्वास गर्ने परम्परागत न्याय प्रणालीहरूलाई सशक्त र सुदृढ बनाउने ।
- मौलिक स्वतन्त्रताको रक्षा गर्न र नागरिक स्थललाई फराकिलो बनाउने अभ्यासका रूपमा सार्वजनिक सुनुवाइ जस्ता सार्वजनिक जवाफदेहिताका अभ्यासलाई पुनर्जीवित पार्ने र सुदृढ बनाउने ।
- सूचनामा समान पहुँच र सेन्सरसिप वा प्रतिशोधको डरबिना आफ्नो आस्था, विचार र अवधारणा अभिव्यक्त गर्ने स्वतन्त्रता प्राप्त हुने गरी नागरिक, नागरिक समाज संस्थाहरू र पत्रकारको अधिकार संरक्षणलाई प्रवर्धन गर्न प्रतिबद्ध हुने ।
- महिला, युवा तथा सीमान्तकृत समुदायहरूमा आत्महत्या र लागुऔषध दुव्र्यसनको डरलाग्दो घटनाहरू अन्त्य गर्ने । जागरुकता बढाउने कार्यक्रमहरू, रचनात्मक र आर्थिक थलोहरू, परामर्श र पुनर्वास कार्यक्रम र आत्महत्या र परामर्श हटलाइनको व्यवस्था गर्ने ।
- महिला, युवा तथा सीमान्तकृत समुदायहरू र विशेषरूपमा अपाङ्गता भएका व्यक्तिहरूलाई डिजिटल साक्षरता, डिजिटल शासनका बारेमा सचेतना र क्षमता अभिवृद्धि गर्ने ।
- सार्वजनिक र निजी स्थानहरू अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयोग्य छन् भनी सुनिश्चित गर्ने । अपाङ्गता भएका व्यक्तिहरूका लागि आवासीय विद्यालयहरू उपलब्ध गराउने र स्थानीय सरकारी कर्मचारीहरू र स्थानीयहरूलाई अपाङ्गता भएका व्यक्तिहरूको १० सरकारी वर्गीकरणको बारेमा सचेत गराउने र तद्नुसार सेवाहरू प्रदान गर्ने सुनिश्चित गर्ने ।
- विदेशबाट फर्केका युवाहरूको सिपसहितको सूची तयार गरी उनीहरूलाई स्थानीय कामको सूचीमा एकीकृत गर्ने ।
- धेरै पूर्वकमलरी, कमैया, द्वन्द्वपीडित, मोही, भूमिहीनहरू दर्ता प्रक्रियाबाट वञ्चित भएका छन् । स्थानीय सरकारले उनीहरूलाई दर्ता गर्न र उनीहरूका समस्या परिपूर्तिका लागि प्रदेश र सङ्घीय सरकारसँग सहकार्य गर्ने ।
- शिक्षामा लाग्ने अतिरिक्त लागत रोक्न विद्यालयहरूलाई नियमन गर्ने । युवा विद्यार्थीका लागि शिक्षा र इन्टर्नसिप योजनाहरू प्रदान गर्ने ।
- महिला, युवा तथा सीमान्तकृत समुदायहरूको मौलिक स्वतन्त्रता, मानव अधिकार र नागरिक स्थलमा संरक्षणमा आफ्नो पार्टीको दृष्टिकोणमा स्पष्ट अडान राख्न सत्तापक्ष र प्रतिपक्षमा रहेका राजनीतिक दलहरूलाई प्रोत्साहन गर्ने । उनीहरूले आफ्ना कार्यकर्ता, समर्थक र सदस्यहरूलाई महिला, युवा तथा सीमान्तकृत समुदायहरूका मुद्दामा राम्ररी प्रशिक्षित गरेको पनि सुनिश्चित गर्नुपर्छ ।
- नीति, सेवा प्रवाह संयन्त्रका सन्दर्भमा सेवाप्रदायकहरूको क्षमता अभिवृद्धि गर्ने ।
- महिला, युवा तथा सीमान्तकृत समुदायहरूको नागरिक र नैतिक ज्ञान अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।
- नागरिक समाज संस्थाहरूसँगको समन्वयमा अन्तरपुस्ता संवादका लागि संयन्त्रहरू सुरुवात गर्ने ।
- प्रहरीको भूमिकालाई नियमन गर्ने र नागरिक सभा, प्रदर्शन र विरोध प्रदर्शनको समयमा निगरानी गर्ने संयन्त्र र बलको अत्यधिक प्रयोगलाई सीमित गर्ने कानुनहरू लागु गरेर जवाफदेहिता बढाउने ।
- विभिन्न मुद्दामा काम गर्दै गरेका नागरिक समाजका साझेदारहरूको बृहत् गठबन्धनसँग सम्बन्ध बलियो बनाउने ।

### ७.३ नागरिक समाज संस्थाहरू, अन्तर्राष्ट्रिय साझेदारहरू र निजी क्षेत्रका लागि सिफारिस

- महिला, युवा तथा सीमान्तकृत समुदायको अधिकारको रक्षा गर्न राष्ट्रिय, प्रदेश र स्थानीय तहमा वकालत गर्ने र तिनीहरूविरुद्धको असमानता र अन्यायविरुद्ध लड्न समुदाय तहमा अभियान चलाउने । अभियानहरूको सुदृढीकरण सुनिश्चित गर्न महिला, युवा तथा सीमान्तकृत समुदायका समुदाय स्तरका संस्था र अभियन्ताहरूसँग संलग्नता बढाउने ।
- सरकारी निर्णय प्रक्रियामा महिला, युवा तथा सीमान्तकृत समुदायको संस्थागत सहभागिता बलियो बनाउन र समर्थन गर्न सरकारसँग सहकार्य गर्ने, राष्ट्रिय र स्थानीय नीतिहरू लागु गर्ने ।
- विकास परियोजनाहरूमा महिला, युवा तथा सीमान्तकृत समुदायका विशेष मुद्दालाई प्राथमिकता दिने ।
- स्थानीय अर्थतन्त्रलाई मद्दत गर्न सार्वजनिक–निजी साझेदारीमार्फत स्थानीयरूपमा उत्पादित वस्तु र स्वदेशी उत्पादनहरूको बजार पहुँच सुनिश्चित गर्ने र सम्बन्धहरू स्थापित गर्ने । बैङ्किङ क्षेत्रले गरिब, सीमान्तकृत, महिला र युवासँग साझेदारी गर्नुपर्छ ।
- मानव अधिकार उल्लङ्घनबारे सरकारलाई आवधिकरूपमा सचेत बनाउने, अनुगमन गर्ने र परिवर्तन मध्यस्थकर्ताका रूपमा कार्य गर्ने ।

# अध्याय ८ : निष्कर्ष

देशको शासन प्रणालीमा रूपान्तरण भएसँगै शासन, सेवा प्रवाह र जनताको जीवनस्तरमा धेरै उत्साहजनक परिवर्तन भएका छन् । तर कानुनीरूपमा सुधार भए पनि महिला घरेलु हिंसा, यौन हिंसा, कार्यस्थलमा हुने हिंसा, संरचनात्मक हिंसा र निजी तथा सार्वजनिक स्थलमा निर्णय प्रक्रियामा न्यून प्रतिनिधित्व हुने जस्ता लैङ्गिक हिंसाको सामना गरिरहन्छन् । उनीहरूको स्वास्थ्य, शिक्षा र सशक्तीकरणमा पनि सीमित पहुँच छ । शासन प्रक्रियमा युवाहरूको सीमित सहभागिता छ र गुणस्तरीय शिक्षा प्राप्त गर्न अवरोधहरू छन्, स्थानीय स्तरमा रोजगारी र व्यक्तिगत विकासका धेरै विकल्प छैनन् र डिजिटल अधिकार र अनलाइनमा गर्ने गतिविधीहरूमा प्रतिबन्धहरू पनि सामना गर्छन् जसले गर्दा उनीहरूसँग विकल्प, सङ्गठित हुन र अवसर पाउने कुरामा सीमितता छ ।

धेरै सामाजिक र कानुनी परिवर्तनहरूका बाबजुद पनि सीमान्तकृत समुदायहरूले उनीहरूको अधिकारलाई प्रभावित गर्ने गरी गहिरो भेदभाव र सीमान्तीकरणको सामना गर्छन् । दलित, वादी, नेटवा, कुकबडिया, एकल महिला, भूमिहीन, कमैया, कमलरी जस्ता समुदाय अझै पनि समुदाय र सरकारी नीतिबाट विभेदित छन् । अत्यावश्यक सेवा र अवसरहरूमा उनीहरूको पहुँच सीमित छ र तिनीहरूको प्रतिच्छेदन पहिचानका कारण उनीहरूको मानव अधिकार उल्लङ्घन हुने जोखिम बढ्छ ।

प्रतिकूल परिस्थितिहरूमा पनि महिलाहरू सशक्तीकरण र नेतृत्वको प्रमाणका रूपमा उदाएका छन् जहाँ उनीहरूले आफ्ना अनुभव र प्रतिच्छेदन पहिचान प्रयोग गरेर मानव अधिकारको पक्षमा पैरवी गर्छन् । नीतिगत सुधारमार्फत महिलाको प्रतिनिधित्व र सहभागिता बढाउन क्रमशः उत्साहजनक प्रगति हुँदै गइरहेको छ । सामाजिक आन्दोलनहरूको नेतृत्व गर्ने हुँदा युवाहरूले मानव अधिकारको प्रवर्धनमा महत्वपूर्ण भूमिका खेल्छन् र अन्यायको चक्र तोड्ने प्रमुख शक्ति हुन् । मानव अधिकार र मौलिक हकसम्बन्धी चेतना जगाउने, साइबर अपराध न्यूनीकरण आदिमा युवाहरू सक्रियरूपमा संलग्न छन् ।

उनीहरूले सामाजिक न्याय र सकारात्मक परिवर्तनका लागि अभियान पनि चलाएका छन् । त्यसैगरी सीमान्तकृत समुदाय अविरल अवरोधका बाबजुद पनि आफ्नो अधिकार सुनिश्चितताका लागि अभियानरत छन् । भूमिहीनहरूले आफ्नो भूमिको अधिकारका लागि लडाइँ जारी राखेका छन् भने नटवा समुदाय लोपोन्मुखको रूपमा सूचीकृत हुन प्रयासमा छन् र वादी नारीहरू आफ्नो आत्मसम्मानको लडाइँ लडिरहेका छन् । उनीहरूले परिवर्तन ल्याउन नागरिक समाजका सङ्गठनहरूसँग सहकार्य गरेका छन् । नयाँ नीतिहरू र विश्वव्यापीकरणका कारण परेको प्रभावबाट परम्परागत ज्ञान र संस्कृति जोगाउन उनीहरूले ठूला सङ्घर्ष गरेका छन् ।

नागरिक स्थल, मौलिक स्वतन्त्रता र मानव अधिकार समावेशी र लोकतान्त्रिक समाजका आधारशीला हुन् । यिनीहरू समाजका लागि आवश्यक शक्ति हुन् जसले समाजलाई विकास, सहभागिता र आत्मनिर्णयको अधिकारलाई समर्थन गरेर विविधता अङ्गाल्न प्रोत्साहन दिन्छ । यी सिद्धान्तले समाज विकासका लागि नियन्त्रण र सन्तुलनका रूपमा काम गर्छन् भने बहसका क्रममा  विभिन्न विचारको प्रतिनिधित्व हुने सुनिश्चित गर्छन् । तिनीहरूले सार्वजनिक पूर्वाधार र सुविधाहरूमा सर्वमान्य पहुँच र सार्वजनिक जानकारीमा समान पहुँचलाई बढावा दिन्छन् ।   यी महत्वपूर्ण तत्वले मानिसलाई सशक्त बनाउन मद्दत गर्छ । उनीहरूलाई आफ्नो अधिकार दाबी गर्न र निर्णय, नीति, नियम र उनीहरूको दैनिक जीवनलाई प्रभाव पार्ने सर्तहरूलाई प्रभाव पार्न सक्षम बनाउँछ । यसले महिला, युवा र सीमान्तकृत समुदायहरूलाई परिणाम वा प्रतिशोधको डरबिना सङ्गठित हुने, भेला हुने र अभिव्यक्त गर्ने अधिकार प्रत्याभूत गर्छ।

महिला, युवा र सीमान्तकृतहरूमाथि सदियौँदेखि र निरन्तररूपमा भइरहेको मानव अधिकार उल्लङ्घनलाई ध्यानमा राख्दै, थप समावेशी समाज निर्माण गर्न महिला, युवा र सीमान्तकृतहरूको मानव अधिकार, मौलिक स्वतन्त्रता र नागरिक स्थलको संरक्षणका लागि सबै सरोकारवाला एकजुट हुन जरुरी छ । लिङ्ग, जात, नश्ल, धर्म, पेसा, पारिवारिक इतिहास, उमेर वा छालाको रङ जस्ता स्वेच्छाचारी कारकहरूमा आधारित विभिन्न समूहलाई निरन्तर सीमान्तीकरणमा योगदान गर्ने संरचनात्मक र कानुनी अवरोधहरूलाई सम्बोधन गर्न तत्काल आवश्यक छ ।

अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई वास्तविक परिवर्तनमा परिणत गर्न स्थानीय र राष्ट्रिय स्तरमा सीमान्तकृत समुदायको हितका निम्ति यी कार्य गर्न महत्वपूर्ण छन् । धेरै चुनौतीका बाबजुद, ठोस र दिगो परिणामहरू प्राप्त गर्न प्रारम्भिक प्रगतिलाई प्राथमिकता दिनु महत्वपूर्ण छ ।



Natuwa community, Sudhodhan RM-1, Pragatinagar, Kapilbastu, Lumbini province